(व) (१) जलवाचकशब्ददेखी परतिर कप्रत्यान्तदानार्थकदाधातु(द), (२) अण्प्रत्ययान्तधारणार्थक-वहधातु(वाह), (३) क्विप्प्रत्ययान्त-मोचनार्थक-मुचधातु(मुच्), जोरेमा पनि

१७४ शम्पा शतह्रदाह्रादिन्यैरावत्यः क्षणप्रभा ।
१७५ तडित् सौदामनी विद्युच्चञ्चला चपला अपि ॥९॥
१७६ स्फूर्जथुर्वज्रनिर्घोषो मेघज्योतिरिरम्मदः ।
१७७ इन्द्रायुधं शक्रधनुस्तदेव ऋजुरोहितम् ॥१०॥
१७८ वृष्टिर्वर्षं तद्विघातेऽवग्राहाऽवग्रहौ समौ ।
१७९ धारासंपात आसारः शीकरोऽम्बुकणाः स्मृताः ॥११॥
१८० वर्षोपलस्तु करका मेघच्छन्नेऽह्नि दुर्दिनम् ।
१८१ अन्तर्धा व्यवधा, पुंसि त्वन्तर्धिरपवारणम् ॥१२॥
१८२ अपिधानतिरोधानपिधानाऽऽच्छादनानि च ।
१८३ हिमांशुश्चन्द्रमा श्चन्द्र इन्दुः कुमुदबान्धवः ॥१३॥
१८४ विधुः सुधांशुः शुभ्रांशुरोषधीशो निशापतिः ।
१८५ अब्जो जैवातृकः सोमो ग्लौर्मृगाङ्कः कलानिधिः ॥१४॥

अभ्रियं-जलम् (मेघमा-भयेको-जल) इत्यादि ॥ स्तनित ३ गर्जित ३ रसित ३ [३ मेघका-गर्जनको नाम] आदिपदले ध्वनित ३, ह्राद १, रास १, इत्यादिशब्दपनि मेघगर्जनवाचक हुन् भनि जान्नुपर्दछ । शम्पा २, शतह्रदा २, ह्रादिनी २, ऐरावती २, क्षणप्रभा २, तडित् २, सौदामनी २, (सौदामिनी २) विद्युत् २, चञ्चला २, चपला २, [१० विजुलीका नाम] ॥ ९ ॥

स्फूर्जथु १, वज्रनिर्घोष १, [२ वज्रपर्दा-चट्कनाका नाम] मेघज्योतिस् ३, इरम्मद १, [२ वज्रका-अग्निका नाम] इन्द्रायुध ३ शक्रधनुष् ३ [२ बाङ्गो-इन्द्रयाणीका नाम] ऋजु (सोझो-भयेको) तदेव (तेही-इन्द्रयाणी) रोहितम् (रोहित कहिन्छ) रोहित ३ [१ सोझो-इन्द्रयाणीको नाम] ॥ १० ॥ वृष्टि २, वर्ष ३, [२ वृष्टिका नाम] तद्विघाते (वृष्टिको-रोकावटलाई-कहँदामा) अवग्राहाऽवग्रहौ (अवग्राह,-र-अवग्रहशब्द प्रयोग गरिन्छन्) तौ समौ (ती २ शब्द समानार्थक समानलिङ्ग छन्) अवग्राह १, अवग्रह १, [२ खडेरीका नाम] धारासंपात १, आसार १ [२ धारोलागेर-पानीपर्नाका (गाढवृष्टिका) नाम] शीकर १ (सीकर १) [१ पानीका-छीटाको नाम] ॥ ११ ॥ वर्षोपल १, करका २ [२ असिनाका नाम] दुर्दिन ३, [१ बादललागेर-अँध्यारो-भएका-दिनको नाम] अन्तर्धा २, व्यवधा २, अन्तर्धि १, अपवारण ३ ॥ १२ ॥ अपिधान ३, तिरोधान ३, पिधान ३, आच्छादन ३, [८ ढाक्नु-छोप्नुका नाम] हिमांशु १, चन्द्रमस् १, चन्द्र १, इन्दु १, कुमुदबान्धव १, ॥ १३ ॥ विधु १, सुधांशु १, शुभ्रांशु १, ओषधीश १, निशापति १, अब्ज १, जैवातृक १, सोम १, ग्लौ १, मृगाङ्क १, कलानिधि १, ॥ १४ ॥ द्विजराज १,

---

मेघको नाम हुन्छ, जस्तै—(१) तोयदः, जलदः, अम्बुदः, । (२) तोयवाहः, जलवाहः, अम्बुवाहः । (३) तोयमुक्, अम्बुमुक्, पयोमुक् । इत्यादि ।

१८६ द्विजराजः शशधरो नक्षत्रेशः क्षपाकरः ।
१८७ कला तु षोडशो भागो बिम्बोऽस्त्री मण्डलं त्रिषु ॥१५॥
१८८ भित्तं शकलखण्डे वा पुंस्यर्धोऽर्धं समेंऽशके ।
१८९ चन्द्रिका कौमुदी ज्योत्स्ना प्रसादस्तु प्रसन्नता ॥१६॥
१९० कलङ्काङ्कौ लाञ्छनं च चिह्नं लक्ष्म च लक्षणम् ॥
१९१ सुषमा परमा शोभा शोभा कान्तिर्द्युतिश्छविः ॥१७॥
१९२ अवश्यायस्तु नीहारस्तुषारस्तुहिनं हिमम् ।
१९३ प्रालेयं मिहिका चाऽथ हिमानी हिमसंहतिः ॥१८॥

शराधर १, नक्षत्रेश १, क्षेपाकर १, [२० चन्द्रमाका नाम] ॥ (श) ॥

कला २ [१ चन्द्रमण्डलको-सोह्रौं-हिस्साको नाम] बिम्ब ५ मण्डल ७ [२ सूर्यचन्द्रप्रभृतिका-मण्डलको नाम] ॥ १५ ॥ भित्त ३, शकल ५, खण्ड ५, अर्ध १, [४ टुकुरा(खंड-हिस्सा)का नाम] समे अंशके अर्धम् (अर्द्धम्) (वरावरभयेका-आधा-भागलाई-कहँदा, अर्ध(अर्द्ध)शब्द नपुंसकलिङ्गी हुन्छ) अर्ध(र्द्ध) ३ [१ आधाको नाम] अर्धः पटस्य (कपडाको टुकुरा) । अर्धम् पटस्य(कपडाको आधाभाग) इत्यादि-रूपले अर्धशब्दको रूप हेरेर अर्थ बुझ्नु-पर्छ । चन्द्रिका २, कौमुदी २, ज्योत्स्ना २, [३ चन्द्रिका(जुन्)का नाम] प्रसाद १, प्रसन्नता २, [२ निर्मलता(स्वच्छता)का नाम] ॥ १६ ॥ कलङ्क १, अङ्क १, लाञ्छन ३ [३ कलङ्क(दाग)का नाम] चिह्न ३ लक्ष्मन् ३ लक्षण ३ [३ चिह्नानी(चिह्न)का नाम] सुषमा २ [१ उत्तमोत्तमशोभाको नाम] शोभा २ (अभिख्या २) कान्ति २, द्युति २, छवि २, [४ शोभा-सामान्यका नाम] अवश्याय १, नीहार १, तुषार १, तुहिन ३, हिम ३, प्रालेय ३, मिहिका २ (महिका २) [७ हिउँका नाम] ॥ (ष) ॥ हिमानी २ हिमसंहति २ [२ हिउँका-थुप्राका नाम] ॥ १८ ॥

(श) (१) ^{१}अमृत, ^{२}श्वेत, ^{३}शीतवाचकशब्ददेखी परतिर किरणवाचकशब्द, (२) ^{१}रात्रि, ^{२}नक्षत्रवाचकशब्ददेखी परतिर स्वामिवाचकशब्द जोरेमा पनि चन्द्रमाको नाम हुन्छ, जस्तै—

(१) (१) पीयूषमयूखः, सुधाकरः, अमृतकिरणः । (२) धवलांशुः, सितकिरणः, अवदातदीधितिः । (३) हिमकरः, शीतांशुः, शिशिररश्मिः इत्यादि ।

(२) (१) निशानाथः, निशीथिनीदयितः, रजनीपतिः । (२) ताराधीशः, ऋक्षपतिः, उडुनाथः इत्यादि ।

(ष) यहाँ अवश्याय-आदिगरेका (सातै) शब्द गतानुगतिकरीतिले हिउँका नाम भनि लेखियो ता पनि वाचस्पत्यप्रभृति-बृहत्कोशमा नीहारशब्दका-पर्यायमा कुज्झटि २ कुज्झटी २ कुज्झटिका २ ई ३ शब्द दियेको-हुनाले अवश्याय १ नीहार १ कुज्झटि २ कुज्झटिका २ कुज्झटी २ [५ कुहिरा(हुस्सू)का नाम] हुन् भनि बुझ्नु-पर्दछ ।

१९४ शीतं गुणे, तद्वदर्थाः सुषीमः शिशिरो जडः ।
१९५ तुषारः शीतलः शीतो हिमः सप्ताऽन्यलिङ्गकाः ॥१९॥
१९६ ध्रुव औत्तानपादिः स्यादगस्त्यः कुम्भसंभवः ।
१९७ मैत्रावरुणिरस्यैव लोपामुद्रा सधर्मिणी ॥२०॥
१९८ नक्षत्रमृक्षं भं तारा तारकाऽप्युडु वा स्त्रियाम् ।
१९९ दाक्षायण्योऽश्विनीत्यादितारा अश्वयुगश्विनी ॥२१॥

गुणे(शीतस्पर्शरूप-गुणलाई-कहँदामा) शीतम् (शीतशब्द नपुंसकलिङ्गी रहन्छ) । ॥(स)॥ शील ३ [१ शीतगुण(केवलशीतस्पर्श)को नाम] तद्वदर्थाः (शीतस्पर्शभयेका(शीतगुणी) वस्तुलाईबुझाउने) सुषीमः शिशिरः जडः तुषारः शीतलः शीतः हिमः एते सप्त अन्यलिङ्गकाः (सुषीम, शिशिर, जड, तुषार, शीतल, शीत, हिम, ई ७ शब्द अन्यलिङ्गी (शीतगुणीवस्तुका-वाचकशब्दको-जुन्-लिङ्गछ,-तेही-लिङ्गमा रहने अर्थात् विशेष्यनिघ्नलिङ्गी छन्) सुषीम ७, शिशिर ७, जड ७, तुषार ७, शीतल ७, शीत ७, हिम ७, [७ चीसा-वस्तुका नाम] ॥१९॥ ध्रुव १, औत्तानपादि १, [ध्रुवताराका नाम] अगस्त्य १, (अगस्ति १) कुम्भसंभव १, मैत्रावरुणि १, [३ अगस्त्यमुनिका नाम] ॥(ह) ॥ अस्यैव (इनै-अगस्त्यकी) सहधर्मिणी (पत्नी जोछिन्सो) लोपामुद्रा (लोपामुद्रा कहिन्छन्) लोपामुद्रा २ [१ अगस्त्यपत्नीको नाम] ।

नक्षत्र ३, ऋक्ष, भ ३, तारा २, तारा का २, उडु ६ [६ नक्षत्र (सामान्य तारा) का नाम] अश्विन्यादि ताराः (अश्विनी-भरणी-आदि गरेका २७ तारा जो छन्सो) दाक्षायण्यः (दाक्षायणी कहिन्छन्) दाक्षायणी २, [१ अश्विन्यादि २७ ताराको

(स) अर्थात् शीतशब्द गुणलाई-कहँदा नित्यनपुंसकलिङ्गी छ, गुणीलाई-कहँदा गुणिवाचकशब्दको-जुन्-लिङ्ग-राखियेको छ, त्यहीलिङ्गमा रहन्छ । जस्तै—

३ शीतं वरीवर्ति निशान्तकाले	विहानीपख शीत खूब रहन्छ	गुणलाई कहँदा-क्लीवलिङ्ग छ
१ शीतः सरीसर्ति समीरणोऽपि	चीसो-हावा-पनि खूब चल्दछ	वायुकोविशेषणहुँदा पुंलिङ्ग छ
२ शीता नरीनर्ति जगत्त्रयी किं ?	चीसोभएकी त्रिलोकी नाच्छेकी ?	त्रयीकोविशेषणहुँदा स्त्रीलिङ्ग छ
३ शीतंचरी कर्ति न सद्म सौख्यम्	चीसोभयेको घर सुख दिदैन	सद्मकोविशेषण-हुँदा क्लीवलिङ्ग छ

शीतहिमशब्दवाहेक-सुषीम-आदिगरेका-५शब्द केवल-गुणवाचक छदै-छैनन् गुणिवाचकछन् । ती ५ शब्दका लिङ्ग पनि गुणिवाचक-शीतशब्दका-जस्तै हुन्छन्, हेक्का राख्नु पर्दछ । हेमशब्द हिउँलाई र शीतगुणलाई कहँदा नित्यनपुंसक छ, चीसोवस्तुलाई कहँदा विशेष्यनिघ्न छ ।

(ह) ई-अगस्त्यमुनि ताराकोरूपले भाद्रमहिनाका-आखीरमा दक्षिण-पट्टी उदाउँछन्, नेपाली-कृषिजीवीहरु त्यो-तारालाई पठुवा-तारा भन्दछन् । ई-उदाये-पछि पृथ्वीको धमिलोजल सङ्लो हुन्छ ।

२०० राधा विशाखा पुष्ये तु सिध्यतिष्यौ श्रविष्ठया ।
२०१ समा धनिष्ठा स्युः प्रोष्ठपदा भाद्रपदाः स्त्रियः ॥२२॥
२०२ मृगशीर्षं मृगशिरस्तस्मिन्नेवाग्रहायणी ।
२०३ इल्वलास्तच्छिरोदेशे तारका निवसन्ति याः ॥२३॥
२०४ बृहस्पतिः सुराचार्यो गीर्पतिर्धिषणो गुरुः ।
२०५ जीव आङ्गिरसो वाचस्पतिश्चित्रशिखण्डिजः ॥२४॥
२०६ शुक्रो दैत्यगुरुः काव्य उशना भार्गवः कविः ।
२०७ अङ्गारकः कुजो भौमो लोहिताङ्गो महीसुतः ॥२५॥

नाम]॥ (अ)॥ अश्वयुज् २ अश्विनी २ [२ अश्विनीतारा(नक्षत्र)का नाम] ॥ २१ ॥ राधा २ विशाखा २ [२ विशाखाताराका नाम] पुष्य १, सिध्य १, तिष्य १, [३ पुष्यका नाम] श्रविष्ठा २॥ २ धनिष्ठा २ [२ धनिष्ठाका नाम] प्रोष्ठपदा २ [१ पूर्वभाद्रको नाम] भाद्रपदा २ [१ उत्तरभाद्रको नाम]॥ (आ)॥ २२॥ मृगशीर्ष ३ मृगशिरस् ३, तस्मिन् एव (त्यसैलाई कहँदामा) आग्रहायणी २ (आग्रहायणी-शब्द-पनि प्रयोग गरिन्छ) [३ मृगशिराका नाम] तच्छिरोदेशे (मृगशिराभन्दा-माथी) याः तारकाः (जो तारा) निवसन्ति (रहन्छन्) ताः इल्वलाः (ती इल्वला कहिन्छन्) इल्वला २, (इन्वका २) [१ मृगशिराभन्दा-माथी-रहने-५ तारा-(गुजमुजेतारा)का नाम]॥ २३ ॥

बृहस्पति १, सुराचार्य १, गीर्पति १❀, (गीᳶपति १, गीःपति) धिषण १, गुरु १, जीव १, आङ्गिरस १, वाचस्पति १ चित्रशिखण्डिज १, [९ बृहस्पतिका नाम]॥ (इ) ॥२४॥ शुक्र १, दैत्यगुरु १, काव्य १, उशनस् १, भार्गव १, कवि १, [६ शुक्राचार्यका नाम] अङ्गारक १, कुज १, भौम १, लोहिताङ्ग १, महीसुत १,

---

(अ) **अश्विन्यादि २७ ताराका नाम**

अश्विनी १। भरणी २। कृत्तिका ३। रोहिणी ४। मृगशिरा ५। आर्द्रा ६। पुनर्वसु ७। पुष्य ८। आश्लेषा ९। मघा १०। पूर्वफाल्गुनी ११। उत्तरफाल्गुनी १२। हस्त १३। चित्रा १४। स्वाति १५। विशाखा १६। अनुराधा १७। ज्येष्ठा १८। मूल १९। पूर्वाषाढा २०। उत्तराषाढा २१। श्रवण २२। धनिष्ठा २३। शतभिषा २४। पूर्वभाद्र २५। उत्तरभाद्र २६। रेवती २७।

(आ) प्रोष्ठपदा-र भाद्रपदा दुवैशब्द पूर्वभाद्र-र-उत्तरभाद्रलाई कहँन्छन्, दुवैशब्द बहुवचनान्त हुन् भनी कोही भन्दछन् ।

(इ) (१) वचनवाचक-शब्ददेखी परतिर पतिशब्द, (२) देववाचकशब्ददेखी परतिर गुरुवाचक-शब्द राखेमा बृहस्पतिको नाम हुन्छ, जस्तै—

(१) वाक्पतिः, बाणीपतिः, भारतीपतिः इत्यादि ।

(२) त्रिदशदेशिकः, अमरगुरुः, विबुधगुरुः, इत्यादि ।

(❀) गीर्पतिः, गीᳶपतिः, गीःपतिः यस्ता ३ रूप ठीक हुन्, गीष्पतिः यस्तोरूप प्रामाणिक होइन ।

२०८ रोहिणेयो बुधः सौम्यः समौ शौरिशनैश्चरौ ।
२०९ तमस्तु राहुः स्वर्भानुः सैंहिकेयो विधुन्तुदः ॥२६॥
२१० सप्तर्षयो मरीच्यत्रिमुखाश्चित्रशिखण्डिनः ।
२११ राशीनामुदयो लग्नं ते तु मेषवृषादयः ॥२७॥
२१२ सूरसूर्यार्यमादित्यद्वादशात्मदिवाकराः ।
२१३ भास्कराहस्करब्रध्नप्रभाकरविभाकराः ॥२८॥
२१४ भास्वद्विवस्वत्सप्ताश्वहरिदश्वोष्णरश्मयः ।
२१५ विकर्तनार्कमार्तण्डमिहिरारुणपूषणः ॥२९॥
२१६ द्युमणिस्तरणिर्मित्रश्चित्रभानुर्विरोचनः ।
२१७ विभावसुर्ग्रहपतिस्त्विषांपतिरहर्पतिः ॥३०॥
२१८ भानुर्हंसः सहस्रांशुस्तपनः सविता रविः ।
२१९ "पद्माक्षस्तेजसांराशिश्छायानाथस्तमिस्रहा ।
२२० कर्मसाक्षी जगच्चक्षुर्लोकबन्धुस्त्रयीतनुः ॥१॥
२२१ प्रद्योतनो दिनमणिः खद्योतो लोकबान्धवः ।
२२२ इनो भगो धामनिधिश्चांशुमाल्यब्जिनीपतिः" ॥२॥

[५ मङ्गलका नाम] ॥२५॥ रौहिणेय १, बुध १, सौम्य १, [३ बुधका नाम] शौरि १, (सौरि १) (सौर १, शौर १, शनि १) शनैश्चर १, [२ शनैश्चरका नाम] तमस् ३ (तम १), राहु १, स्वर्भानु १, सैंहिकेय १, विधुन्तुद १, [५ राहुका नाम] ॥२६॥ मरीच्यत्रिमुखाः सप्त ऋषयः चित्रशिखण्डिनः (मरीचि-अत्रि-आदि गरेका-सात-ऋषि चित्रशिखण्डी कहिन्छन्) चित्रशिखण्डिन् १ [७ मरीचि, अङ्गिरा, अत्रि, पुलस्त्य, पुलह, क्रतु, वसिष्ठ, ई ७ ऋषिको नाम ॥ (ई) ॥

राशीनाम् (१२ राशिको) उदयः (उदय जो छ सो) लग्नम् (लग्न कहिन्छ) लग्न ३ [१ तत्तत् लग्न(लगन्)को नाम] ते तु मेषवृषादयः (तीलग्न मेष, वृष, आदिगरेका मिथुन, कर्कट, सिंह, कन्या, तुला, वृश्चिक, धनु, मकर, कुम्भ, मीन, सहित) १२ छन् ॥२७॥ सूर १, (शूर १) सूर्य १, अर्यमन् १, आदित्य १, द्वादशात्मन् १, दिवाकर १, भास्कर १, अहस्कर १, ब्रध्न १, प्रभाकर १, विभाकर १, ॥२८॥ भास्वत् १, विवस्वत् १, सप्ताश्व १, हरिदश्व १, उष्णरश्मि १, विकर्तन १, अर्क १, मार्तण्ड १, (मार्ताण्ड १) मिहिर १, अरुण १, पूषन् १, ॥२९॥ द्युमणि १, तरणि १, मित्र १, चित्रभानु १, विरोचन १, विभावसु १, ग्रहपति १, त्विषांपति १, अहर्पति १, ॥३०॥ भानु १, हंस १, सहस्रांशु १, तपन १, (तापन १) सवितृ १, रवि १, "पद्माक्ष १, तेजसांराशि १, छायानाथ १, तमिस्रहन् १, कर्मसाक्षिन् १, जगच्चक्षुस् १, लोकबन्धु १, त्रयीतनु १, ॥ १ ॥ प्रद्यातन १, दिनमणि १, खद्योत १,

---

(ई) मरीचिरङ्गिरा अत्रिः पुलस्त्यः पुलहः क्रतुः ।
ऋषयोऽमी वसिष्ठश्च ज्ञेयाश्चित्रशिखण्डिनः ॥

२२३ माठरः पिङ्गलोदण्डश्चण्डांशोः पारिपार्श्विकाः ॥३१॥
२२४ सूरसूतोऽरुणोऽनूरुः काश्यपिर्गरुडाग्रजः ।
२२५ परिवेषस्तु परिधिरुपसूर्यकमण्डले ॥३२॥
२२६ किरणोस्रमयूखांशुगभस्तिघृणिरश्मयः ।
२२७ भानुः करो,मरीचिः स्त्रीपुंसयो,दीधितिः स्त्रियाम् ॥३३॥
२२८ स्युः प्रभारुग्रुचिस्त्विड्भाभाश्छविद्युतिदीप्तयः ।
२२९ रोचिः शोचिरुभे क्लीबे प्रकाशो द्योत आतपः ॥३४॥

लोकबान्धव १, इन १, भग १, धामनिधि १, अंशुमालिन् १, अब्जिनीपति १," [५४ सूर्यका नाम] ॥ (उ) ॥ २ ॥

माठरः, पिङ्गलः, दण्डः, (ई ३ जोछन्सो) चण्डांशोः (सूर्यका) पारिपार्श्विकाः (वरिपरिरहने-सेवक हुन्) माठर १, पिङ्गल १, दण्ड १, [३ सूर्यका-पार्श्ववर्ती-सेवकका नाम] ॥ (ऊ) ॥ ३१ ॥ सूरसूत १, अरुण १, अनूरु १, काश्यपि १, गरुडाग्रज १, [५ सूर्यका-सारथिका नाम] परिवेष १, परिधि १, उपसूर्यक ३, मण्डल ३, [४ सूर्यका-वरीपरी-कहिलेकाहीं-लाग्ने-मण्डल(घेरा)का नाम] ॥ (ऋ) ॥३२॥ किरण १, उस्र १, मयूख १, अंशु १, गभस्ति १, घृणि १, रश्मि १ (वृष्णि १) भानु १, कर १, मरीचि ४, दीधिति २, [११ किरणका नाम] ॥ ३३ ॥ प्रभा २, रुच् २, रुचि २, त्विष् २,

---

(उ) (१) दिनवाचकशब्ददेखी परतिर मणिशब्द, (२) ^{१}दिनवाचकशब्द, ^{२}कमलिनीवाचकशब्द, ^{३}ग्रहशब्द, ^{४}छायाशब्द, ^{५}संज्ञाशब्द-देखी परतिर पतिवाचकशब्द, (३) सहस्रशब्ददेखी परतिर किरणवाचकशब्द, (४) सप्तशब्ददेखी परतिर अश्ववाचकशब्द राखेमा सूर्यको नाम हुन्छ, जस्तै —

(१) वासरमणिः, अहर्मणिः । (२) ^{१}दिनपतिः, ^{१}वासरपतिः। ^{२}सरोजिनीदयितः, ^{२}कमलिनीवल्लभः। ^{३}ग्रहाधीशः, ^{३}ग्रहपरिवृढः। ^{४}छायापतिः, ^{४}छायानायकः। ^{५}संज्ञावल्लभः, ^{५}संज्ञाधवः । (३) सहस्रकिरणः, सहस्रमयूखः । (४) सप्तसप्तिः, सप्ततुरगः, इत्यादि ।

(ऊ) सूर्यकावायाँ-पट्टी दण्ड-नाम लियेर दण्डकर्ता भइकन इन्द्र रहन्छन्, दाहिनेपट्टी पिङ्गलनाम-भयेका अग्नि रहन्छन्, इन्लाई वामन पनि भन्दछन्, यमराज-पनि माठर नाम लियेर दाहिने-पट्टीनै रहन्छन् ।

शक्रोऽस्य वामपार्श्वे तु दण्डाख्यो दण्डनायकः ।
वह्निस्तु दक्षिणे पार्श्वे पिङ्गलो वामनश्च सः ।
यमोऽपि दक्षिणे पार्श्वे भवेन्माठरसंज्ञया ।

(ऋ) उपसूर्यक भन्नाले सूर्यका-वरीपरी-लाग्ने भन्ने अर्थ बुझिन्छ ता पनि, त्योशब्द उपलक्षक हुनाले अन्यत्र-वरीपरीलाग्ने-मण्डललाई पनि परिवेष, परिधि, उपसूर्यक, मण्डल भन्नुपर्दछ । चन्द्रमामा-लाग्ने-मण्डललाई पनि श्रीहर्षमहाकविले नैषधकाव्यमा परिवेष भनेका छन् ।

तदोजसस्तद्यशसः स्थिताविमौ वृथेति चित्ते कुरुते यदा यदा ।
तनोति भानोः परिवेषकैतवात् तदा विधिः कुण्डलनां विधोरपि ॥

२३० कोष्णं कवोष्णं मन्दोष्णं कदुष्णं त्रिषु तद्वति ।
२३१ तिग्मं तीक्ष्णं खरं तद्वन्मृगतृष्णा मरीचिका ॥३५॥

इति दिग्वर्गः ॥३॥

भा २, भास् २, छवि २, द्युति २, दीप्ति २, रोचिस् ३, शोचिस् ३ [११ कान्तिका नाम] प्रकाश १, द्योत १, आतप १, [३ आतप(घाम)का नाम] ॥ ३४ ॥ कोष्ण ७, कवोष्ण ७, मन्दोष्ण ७, कदुष्ण ७, [४ मन्ताता वस्तुका नाम] तिग्म ७, तीक्ष्ण ७, खर ७, [३ साह्लैताता-वस्तुका नाम] मृगतृष्णा २, मरीचिका २ [२ मृगतृष्णाका‌ॐ नाम] ॥ ३५ ॥

इति दिग्वर्गः ॥३॥

(ॐ) बालुवैबालुवाभएका-मैदानमा घाम-र-जुन्-लागेका-वेलामा टाढावाट हेर्दा पानी-टल्केजस्तो देखिन्छ, प्यासले-व्याकुल-भयेका-मृगहरू त्यतैतिर दौडेर पुग्दछन्, त्यहाँ पानी पाउदैनन्, अनि टाढाहेर्दा उस्तै देख्तछन् र फेरी उतै दौडन्छन्, एवं-रीत्या दौड्दादौड्दैमा तिन्को जिन्दगी खतं हुन्छ, मर्छन् । मृगहरूलाई झुक्याउने त्यो-बालुवामा-टल्केको-तेज मृगतृष्णा र मरीचिका भनिन्छ ।

२३२ कालो दिष्टोऽप्यनेहाऽपि समयोऽप्यथ पक्षतिः ।
२३३ प्रतिपद् द्वे इमे स्त्रीत्वे तदाद्यास्तिथयो द्वयोः ॥१॥
२३४ घस्रो, दिनाहनी, वा तु क्लीबे दिवसवासरौ, ।
२३५ प्रत्यूषोऽहर्मुखं कल्यमुषः प्रत्युषसी अपि ॥२॥
२३६ "व्युष्टं विभातं द्वे क्लीबे पुंसि गोसर्ग इष्यते" ।
२३७ प्रभातं च दिनान्ति तु सायं सन्ध्या पितृप्रसूः ।
२३८ प्राह्णाऽपराह्णमध्याह्नास्त्रिसन्ध्यमथ शर्वरी ॥३॥
२३९ निशा निशीथिनी रात्रिस्त्रियामा क्षणदा क्षपा ।
२४० विभावरीतमस्विन्यौ रजनी यामिनी तमी ॥४॥
२४१ तमिस्रा तामसी रात्रिर्ज्यौत्स्नी चन्द्रिकयाऽन्विता ।
२४२ आगामिवर्तमानाहर्युक्तायां निशि पक्षिणी ॥५॥
२४३ गणरात्रं निशा बह्व्यः प्रदोषो रजनीमुखम् ।
२४४ अर्धरात्रनिशीथौ द्वौ, द्वौ यामप्रहरौ समौ ॥६॥

काल १, दिष्ट १, अनेहस् १, समय १, [४ काल(समय = वखत)का नाम] पक्षति२ [१]प्रतिपद् २ [२ परेवा-तिथिका नाम] तदाद्याः तिथयः (परेवा-आदिगरेका दिन तिथि कहिन्छन्)। द्वयोः (तिथिशब्द पुंलिङ्ग-र-स्त्रीलिङ्गमा रहन्छ) । तिथि ४ [१ प्रतिपदादितिथिको नाम] ॥ १ ॥ घस्र १, दिन ३, अहन् ३, दिवस ५, वासर ५, [५ दिनका नाम] प्रत्यूष १, अहर्मुख ३, कल्य ३, (काल्य ३) उषस् ३ प्रत्युषस् ३ (उष १, उषा ८, ऊष १, प्रत्यूषस् ३) ॥ २ ॥ "व्युष्ट ३, विभात ३,गोसर्ग १," प्रभात ३, [९ प्रातःकाल(विहाना)का नाम] दिनान्त १, साय १, (सायम् ८) सन्ध्या २, पितृप्रसू २ [४ साँझका नाम] प्राह्ण १, [१ पूर्वाह्ण(दिनका-३भागको-पहिलो-भाग)को नाम] अपराह्ण १, [१ दिनका-तिन-भागको-तेस्रो भागको नाम] मध्याह्न १ [१ दिनका ३ भागको-दोस्रो-भागको नाम] त्रिसन्ध्य ३ [१ पूर्वाह्णमध्याह्न-अपराह्ण ई-तीनै-कालको नाम] शर्वरी २ ॥ ३ ॥ निशा २. निशीथिनो २, रात्रि २ (रात्री २), त्रियामा २, क्षणदा २, क्षपा २, विभावरी २, तमस्विनी २, (रजनि २) रजनी २, यामिनी २, तमो २, (तमि २) (तमा २) [१२ रात्रि(रात)का नाम] ॥ ४ ॥ तामसी रात्रिः तमिस्रा (अँध्यारी-रात तमिस्रा कहिन्छे) तमिस्रा २ [१ अँध्यारीरातको नाम] चन्द्रिकया अन्विता रात्रिः ज्यौत्स्नी (चन्द्रिकाले-युक्त-भयेकी-(जुनेली)रात ज्यौत्स्नी कहिन्छे) ज्यौत्स्नी २, [१ उज्याली(जुनेली)रातको नाम]

आगामिवर्तमानाहर्युक्तायां निशि पक्षिणी (भोलीपल्ट-आउने-दिन-र-आजको-दिनले-युक्तभयेकी-रात्रिलाई-कहँदामा पक्षिणी शब्दको प्रयोग हुन्छ) पक्षिणी २ [१ अघिल्ला--दिनको--४प्रहर--र--पछिल्ला-दिनको-४प्रहरले-युक्तभयेकी,--४प्रहरवालीरात्रि,-अर्थात् १२ प्रहरका-कालको नाम] ॥ ५ ॥ गणरात्र ३ [१ धेरै रात्रिको नाम]

---

(१) हलन्तस्त्रीलिङ्गी-प्रतिपद्-शब्ददेखी भागुरिकामतमा टाप्प्रत्यय गर्दा प्रतिपदा शब्द पनि हुन्छ।

२४५ स पर्वसन्धिः प्रतिपत्पञ्चदश्योर्यदन्तरम् ।
२४६ पक्षान्तौ पञ्चदश्यौ द्वे पौर्णमासी तु पूर्णिमा ॥७॥
२४७ कलाहीने साऽनुमतिः पूर्णे राका निशाकरे ।
२४८ अमावास्या त्वमावस्या दर्शः सूर्येन्दुसङ्गमः ॥८॥
२४९ सा दृष्टेन्दुः सिनीवाली सा नष्टेन्दुकला कुहूः ।
२५० उपरागो ग्रहो राहुग्रस्ते त्विन्दौ च पूष्णि च ॥९॥
२५१ सोपप्लवोपरक्तौ द्वावग्न्युत्पात उपाहितः ।
२५२ एकयोक्त्या पुष्पवन्तौ दिवाकरनिशाकरौ ॥१०॥

प्रदोष १, रजनीमुख २ [२ प्रदोषकालका[1] नाम] अर्धरात्र १, निशीथ १, [२ आधारातका नाम] याम १, प्रहर १, [२ प्रहरका नाम] ६० घडीको-अष्टमांश-काल-(७॥ घडी)को १ प्रहर हुन्छ ॥ ६ ॥ प्रतिपत्पञ्चदश्योः (परेवा-र-औंसीपूर्णिमाको) यत् अन्तरम् (जो-बीच छ) स सन्धिः (त्यो-जोर जो छ सो) पर्व (पर्व कहिन्छ) पर्वन् ३ (पर्वसन्धि १) [१ परेवा-र औंसी-पूर्णिमाको-जोर(सन्धि)को नाम] पक्षान्त १ पञ्चदशी २ [२ अउँसी-पूर्णिमा दुवैका नाम] पौर्णमासी २ पूर्णिमा २ [२ पूर्णिमा-तिथिका नाम] सा निशाकरे कलाहीने सति अनुमतिः (त्यो-पूर्णिमा चन्द्रमामा-१६ कला-पूर्णभयेका-छैनन् भने अनुमति कहिन्छे) अनुमति २ [१ सोह्रै कलानभयेका-चन्द्रमा-उदाउनेपूर्णिमा-तिथिको नाम] पूर्णे निशाकरे राका (सोह्रैकलाले-पूर्णभयेका-चन्द्रमाले-युक्तभयेकी-पूर्णिमा राका कहिन्छे) राका २ [१ सोह्रै कलाले-पूर्ण-भयेका-चन्द्रमाले-युक्तभयेकी-पूर्णिमाको नाम]

अमावास्या २, अमावस्या २, (अमा २) दर्श १, सूर्येन्दुसङ्गम १, [४ औंसीका नाम] सा दृष्टेन्दुः सिनीवाली (त्योअउँसी चन्द्रकलाको-केही-शेषले युक्त-छ-भने सिनीवाली कहिन्छे) सिनीवाली २ [१ चन्द्रकला-शेष-रहने-औंसीको नाम] नष्टेन्दुकला सा कुहूः (चन्द्रकला-जस्मै-नष्टभयेकी-त्यो-अउँसी कुहू कहिन्छे) कुहू २ [१ चन्द्रकला-कत्ति-नभयेकी-अउँसीको नाम] इन्दौ पूष्णि च (चन्द्रमा-र-सूर्य) राहुग्रस्ते (राहुले-ग्रास-गरियेमा) उपरागः ग्रहः (उपराग-र-ग्रह-भनिन्छ) उपराग १ ग्रह १ [२ चन्द्र-सूर्यग्रहणको नाम] ॥ ९ ॥ सोपप्लव १, उपरक्त १, [२ ग्रहणलागेका-(राहुले-ग्रस्तपारेका-अवस्थाका)सूर्यचन्द्रका नाम] अग्न्युत्पात १, उपाहित १ [२ तेजिला-स्वरूपले-प्रकट-भएर-अशुभसूचनगर्ने-उल्कापात, तारापात, धिषायापात, वज्रपात,

---

(१) सामान्य-प्रदोष प्रतिदिन सूर्यास्तदेखी २ घडीसम्म हुन्छ । ई २ त्यसैका नाम हुन् । सारस्वत-प्रदोष (अनध्यायप्रदोष) त्रयोदशी, सप्तमी, चतुर्थीतिथिमा मानिन्छ । आधारातसम्ममा त्रयोदशी लाग्दछ भने द्वादशीकै-दिन, डेढप्रहर-रातजाउन्ज्यालसम्म सप्तमी लाग्दछ भने षष्ठीकै-दिन, १ प्रहररातजाउन्ज्यालसम्म चतुर्थी लाग्दछ भने तृतीयैका-दिन प्रदोष मान्नुपर्दछ, शिवव्रतकाप्रदोषको नियम वेग्लै छ ।

२५३ अष्टादश निमेषास्तु काष्ठा, त्रिंशत्तु ताः कला ।
२५४ तास्तु त्रिंशत् क्षण,स्ते तु मुहूर्तो द्वादशाऽस्त्रियाम् ॥११॥
२५५ ते तु त्रिंशदहोरात्रः, पक्षस्ते दश पञ्च च ।
२५६ पक्षौ पूर्वापरौ शुक्लकृष्णौ मासस्तु तावुभौ ॥१२॥
२५७ द्वौद्वौ मार्गादिमासौ स्यादृतु, स्तैरयनं त्रिभिः, ।
२५८ अयने द्वे गतिरुदग्दक्षिणाऽ,अर्कस्य वत्सरः ॥१३॥
२५९ समरात्रिन्दिवे काले विषुवद्विषुवं च तत् ।

विद्युत्पात धूमकेतु-ई-उत्पातका नाम] दिवाकरनिशाकरौ (सूर्य-र-चन्द्रमा-ई २ जो छन्सो) एकया उक्त्या (एउटै-उक्तिले = अभिन्नबोलीले) पुष्पवन्तौ कथ्येते (पुष्पवत् कहिन्छन्) पुष्पवत् १ [१ सूर्य-चन्द्र-दुवैको १ नाम] यो-शब्द नित्यद्विवचनान्त छ, एउटालाई-मात्र-कहँदा यस्को प्रयोग हुँदैन ॥ ऌ ॥

काष्ठा २ [१ अठारचोटी-निमेष-(नेत्रनिमीलन)गर्दा लाग्ने-काल-वरावरका-कालको नाम] कला २ [१ ३०काष्ठाको नाम] क्षण १ [१ ३०कलाको नाम] मुहूर्त ५ [१ १२क्षणको(२घडीको) नाम] ॥ ११ ॥ अहोरात्र १, [१ ३०मुहूर्तको (६० घडीको) नाम] पक्ष १ [१ पन्ध्र-अहोरात्रको नाम] शुक्लकृष्णौ पक्षौ (शुक्लपक्ष-र-कृष्णपक्ष) पूर्वापरौ पक्षौ (पूर्वपक्ष र अपरपक्ष कहिन्छन्) पूर्वपक्ष १ [१ शुक्लपक्षको नाम] अपरपक्ष १ [१ कृष्णपक्षको नाम] हाम्रो-देशमा कृष्णपक्ष-देखी आरंभगरेर पूर्णिमामा माससमाप्ति भये पनी अन्यत्र प्रायः अमावास्यामा माससमाप्ति हुन्छ, त्यही अमान्तमान-पक्ष लियेर कोशकारले शुक्लपक्षलाई पूर्वपक्ष भनेको हो। तौ उभौ मासः (ती २ पक्षको समुदाय मास कहिन्छ) मास १ [१ २पक्ष(१ महिना)को नाम] ॥ १२ ॥ द्वौद्वौ मार्गादिमासौ ऋतुः (मंशीरदेखी शुरु-गरेर २।२ महिनाको हेमन्तआदिगरेको १।१ ऋतु हुन्छ) तैस्त्रिभिः अयनम् (ती ३।३ ऋतुले) अयनम् (अयन हुन्छ)। ऋतु १ [१ मंशीरप्रभृति १२ महिनामा २।२ महिनाले-मानिने-हेमन्तादि-सामान्यऋतुको नाम] अयन ३ [१ ३।३ ऋतुको नाम] अर्कस्य उदक्-दक्षिणा-गतिः द्वे अयने (सूर्यको-उत्तरतर्फको-र-दक्षिणतर्फको) गति (ढल्काई) २ अयन (उत्तरायण-दक्षिणायन) हुन्छन्। वर्षाऋतु, देखी ३ ऋतु दक्षिणायन, शिशिरऋतुदेखी ३ ऋतु उत्तरायण हुन्छ। द्वे अयने वत्सरः (२ अयनको-काल १ वर्ष हुन्छ) वत्सर १ [१ वर्षको नाम ॥ १३ ॥

विषुवत् ३, विषुव ३ [२ रातदिन-वरावर-हुने-समय-(मेषसंक्रान्ति-र-तुला-संक्रान्ति)का नाम]

(ऌ) शीतकालका-वर्णनको प्रारम्भ-गर्दा मङ्गलाचरणश्लोकमा—"समयका-प्रभावले समानगुण हुन-आयेका (हुस्सुलागेका वेलामा) समानशोभावाला भयेका, नाम एक भयेका पुष्पवत्-लाई प्रणाम गरेर शीतको वर्णन गरिन्छ" भन्ने आशय कसैले देखायेको छ—

समगुणतां प्रतिपन्नौ समानशोभावभिन्ननामानौ ।
प्रणयेन पुष्पवन्तौ प्रणम्य शीतस्य वर्णनं क्रियते ॥ शीतवर्णन, अमरभारती

२६० "पुष्ययुक्ता पौर्णमासी पौषी, मासे तु यत्र सा ।
२६१ नाम्ना स पौषो, माघाद्याश्चैवमेकादशाऽपरे" ॥ १ ॥

"पुष्ययुक्ता (पुष्यनक्षत्रले-युक्त-भयेकी) पौर्णमासी (पूर्णिमा जो छे सो) पौषी (पौषी कहिन्छे) पौषी २ [१ पुष्यनक्षत्रले-युक्त भयेकी-पूर्णिमाको नाम] सा यत्र मासे भवति (त्योपौषीपूर्णिमा जुन्-महिनामा हुन्छे) सः मासः पौषः (त्यो महिना पौष कहिन्छ) पौष १ [१ पौषीपूर्णिमाले-युक्त-भयेका-महिनाको नाम] अपरे माघाद्याः एकादश एवम् (अरु-माघ-आदिगरेका-११महिनाका-नाम पनि यस्तै व्युत्पत्तिले सिद्ध हुन्छन्)" ॥ १ ॥

यहाँ १८ निमेषदेखी उत्तरोत्तर-स्थूल-भएका-कालको केही-परिचय देखाइयो, पुराणमा निमेष-भन्दा-पनि-सूक्ष्म-भएका-कालको परिचय देखायेको छ । प्रकृतोपयोगी-हुनाले र केही-मतभेदहुनाले त्यो देखाइन्छ ।

यउटा-पार्थिवपरमाणुलाई-पारगर्दा सूर्यलाई जाति काल लाग्दछ, त्यो-सूक्ष्मातिसूक्ष्मकाललाई परमाणुकाल भन्दछन् । अब उत्तरोत्तर-स्थूलकाल कालचक्रबाट बुझ्नु ।

कालपरिचयचक्र

२	पमाणुको	१	अणु हुन्छ	३०	मुहूर्तको	१	दिन हुन्छ
२	अणुको	१	त्रसरेणु ”	१५	दिनको	१	पक्ष ,,
३	त्रसरेणुको	१	त्रुटि ”	२	पक्षको	१	मास† ,,
१००	त्रुटिको	१	वेध ”	२	मासको	१	ऋतु ,,
३	वेधको	१	लव ”	३	ऋतुको	१	अयन* ,,
३	लवको	१	निमेष ”	२	अयनको	१	वर्षA ,,
३	निमेषको	१	क्षण ”	३६०	वर्षको	१	दिव्यवर्ष ,,
५	क्षणको	१	काष्ठाx ”	१२०००	दिव्यवर्षको	४	युग ,,
१५	काष्ठाको	१	लघु ”	४	मानुषयुगको	१	दिव्ययुग ,,
१५	लघुको	१	नाडी❀ ”	७१	दिव्ययुगको	१	मन्वन्तर ,,
२	नाडोको	१	मुहूर्तX ”	२०००	दिव्ययुगको	१	ब्राह्मदिन १

(x) पुराणमतमा १५ निमेषको १ काष्ठा भयो । कोशकार १८ निमेषको १ काष्ठा हुन्छ भन्छन् ।

(❀) १ नाडी र १ घडो पर्याय हो ।

(X) १ मुहूर्त-र-२ घडी एकै हो ।

(†) हाम्रो १ मास पितृहरुको १ दिन हुन्छ ।

(*) उत्तरायण दिन, दक्षिणायन देवताको रात्रि हुन्छ ।

(A) हाम्रो १ वर्ष देवताको १ दिन हुन्छ ।

२६२ मार्गशीर्षे सहा मार्ग आग्रहायणिकश्च सः ॥१४॥
२६३ पौषे तैषसहस्यौ द्वौ, तपा माघे,ऽथ फाल्गुने ।
२६४ स्यात्तपस्यः फाल्गुनिकः, स्याच्चैत्रे चैत्रिको मधुः ॥१५॥
२६५ वैशाखे माधवो राधो ज्यैष्ठे शुक्रः शुचिस्त्वयम् ।
२६६ आषाढे श्रावणे तु स्यान्नभाः श्रावणिकश्च सः ॥१६॥
२६७ स्युर्नभस्यप्रौष्ठपदभाद्रभाद्रपदाः समाः ।
२६८ स्यादाश्विन इषोऽप्याश्वयुजोऽपि स्यात्तु कार्तिके ॥१७॥
२६९ बाहुलोर्जौ कार्तिकिको हेमन्तः शिशिरोऽस्त्रियाम् ।
२७० वसन्ते पुष्पसमयः सुरभिर्ग्रीष्म ऊष्मकः ॥१८॥

मार्गशीर्ष १ सहस् १, मार्ग १, आग्रहायणिक १ [४ मङ्सोर-महिनाका नाम] मृगशीर्षनक्षत्रले-युक्तभयेकी-पूर्णिमा मार्गशीर्षा, मार्गशीर्षीले-युक्त-भयेको-महिना मार्गशीर्ष कहिन्छ ॥ १४ ॥ पौष १, तैष १, सहस्य १, [३ पौष-महिनाको नाम] पौष शब्दको-व्युत्पत्ति अघिल्लाक्षेपकमा देखाइयेको छ ॥ तपस् १, माघ १ [२ माघ-महिनाका नाम] मघा-नक्षत्रले-युक्त-भयेकी-पूर्णिमा-माघी, माघीले-युक्त-भयेको-महिना माघ कहिन्छ ॥ फाल्गुन १, तपस्य १, फाल्गुनिक १, [३ फागुन-महिनाका नाम] फल्गुनी-नक्षत्रले (पूर्व-फाल्गुनी-उत्तर-फाल्गुनीले) युक्त-भयेकी-पूर्णिमा फाल्गुनी, फाल्गुनीले-युक्त-भयेको-महिना फाल्गुन कहिन्छ ॥ चैत्र १, चैत्रिक १, मधु १, [३ चैत महिनाका नाम] चित्राले-युक्त-भयेकी-पूर्णिमा चैत्री, चैत्रीले-युक्तभयेको-महिना चैत्र कहिन्छ ॥

वैशाख १, माधव १, राध १, [वैशाखमहिनाका नाम] विशाखानक्षत्रले-युक्त-भएकी-पूर्णिमा वैशाखी, वैशाखीले-युक्त-भयेको-महिना वैशाख कहिन्छ ॥ ज्यैष्ठ १ (ज्येष्ठ १) शुक्र १ [२ जेठ-महिनाका नाम] ज्येष्ठानक्षत्रले-युक्त-भएकी-पूर्णिमा ज्यैष्ठी, ज्यैष्ठीले-युक्तभयेको-महिना ज्यैष्ठ कहिन्छ ॥ शुचि १, आषाढ १, [२ असार-महिनाका नाम] आषाढा-(पूर्वाषाढा-उत्तराषाढा)ले-युक्तभयेकी पूर्णिमा आषाढी, आषाढीले-युक्तभयेको-महिना आषाढ कहिन्छ ॥ श्रावण १, नभस् १ श्रावणिक १, [३ साउन महिनाका नाम] श्रवणनक्षत्रले-युक्त-भयेकी-पूर्णिमा श्रावणी, श्रावणीले-युक्त-भयेको-महिना श्रावण कहिन्छ ॥ १६ ॥ नभस्य १, प्रौष्ठपद १, भाद्र १, भाद्रपद १, [४ भदौ-महिनाका नाम] भद्रपदा-(पूर्वभाद्र-उत्तरभाद्र)-ले-युक्तभयेकी-पूर्णिमा भाद्रपदी, भाद्रपदीले-युक्त-भयेको-महिना भाद्रपद कहिन्छ ॥ आश्विन १, इष १, आश्वयुज १, [३ असौज-महिनाका नाम] अश्विनीले-युक्त-भयेकी-पूर्णिमा आश्विनी, आश्विनीले-युक्त-भयेको-महिना आश्विन कहिन्छ ॥ कार्तिक १, ॥ १७ ॥ बाहुल १, ऊर्ज १, कार्तिकिक १, [४ कार्तिक-महिनाका नाम] कृत्तिका-नक्षत्रले-युक्त-भयेकी-पूर्णिमा कार्तिकी, कार्तिकीले-युक्तभयेको-महिना कार्तिक कहिन्छ ॥ हेमन्त १, [१ हेमन्तऋतु (मङ्सीर-पूस)को नाम] शिशिर ५ [१ शिशिरऋतु (माघ-फागुन)को नाम] वसन्त १, पुष्पसमय १, सुरभि १, [३ वसन्तऋतु (चैत-वैशाख)का नाम] ग्रीष्म १, ऊष्मक १ ॥ १८ ॥

२७१ निदाघ उष्णोपगम उष्ण ऊष्मागमस्तपः ।
२७२ स्त्रियां प्रावृट्, स्त्रियां भूम्नि वर्षा अथ शरत् स्त्रियाम् ॥१९॥
२७३ षडमी ऋतवः पुंसि मार्गादीनां युगैः क्रमात् ।
२७४ संवत्सरो वत्सरोऽब्दो हायनोऽस्त्री शरत् समा ॥२०॥
२७५ मासेन स्यादहोरात्रः पैत्रो, वर्षेण दैवतः ।
२७६ दैवे युगसहस्रे द्वे ब्राह्मः, कल्पौ तु तौ नृणाम् ॥२१॥

निदाघ १, उष्णोपगम १, उष्ण १, ऊष्मागम १, तप १ [७ ग्रीष्मऋतु (ज्येष्ठ-आषाढ)का नाम] प्रावृष् २, वर्षा २ (वर्षाशब्द स्त्रीलिङ्गी छ, त्यस्को एकवचन द्विवचन छैन,-बहुवचनमात्र हुन्छ) [२ वर्षाऋतु (श्रावण-भाद्र)का नाम] शरद् २ [शरद्ऋतुको (आश्विन-कार्तिकको) नाम] अमी षट् (ई-पहिले-देखाइयेका-हेमन्त-प्रभृति ६ जो छन्सो) ऋतवः (ऋतु कहिन्छन्) । ऋतुशब्दः पुंसि (ऋतुशब्द पुंलिङ्गमा रहन्छ) अमी मार्गादीनां युगैः क्रमात् ज्ञेयाः (ई ६ ऋतु मार्गशीर्षआदिगरेका-महिनाका-युगलले (२।२ ले) क्रमैसँग जान्नुपर्दछन्) ॥ (ए)

संवत्सर १, वत्सर १, अब्द १, हायन ५, शरद् २, समा २, [६ वर्षका नाम] ॥ २० ॥ मासेन पैत्रः अहोरात्रः (हाम्रा १ महिनाले पैत्र (पितृहरुको) अहोरात्र (१ दिन) हुन्छ) ॥ वर्षेण दैवतः अहोरात्रः (हाम्रा १ वर्षले दैव (देवताको) अहोरात्र (१ दिन) हुन्छ) ॥ दैवे द्वे युग सहस्रे ब्राह्मः अहोरात्रः (दुई हजार दैवयुगको (२००० दैव-

---

(ए) यस्तो-ऋतुक्रम "मधु-र-माधव (चैत-र-वैशाख) वासन्तिक ऋतु हुन्छ" भन्ने वैदिक-वचनानुसारी-ग्रन्थानुसार लेखियो. तदनुसारै शास्त्रोक्त आधानादि-(अग्निहोत्रग्रहण-उपनयन-संकल्पमा ऋतुका उल्लेख इत्यादि) कर्म गरिन्छन्. परन्तु शारीरकहितैषी-आयुर्वेदले ऋतुचर्या-दिनचर्यामा भिन्नभिन्न-आहारविहारको व्यवस्था-गर्दा वर्षाऋतुदेखी-ऋतुको आरम्भ गरेको छ, शिशिरऋतुको उल्लेख नगरेर हेमन्तकोमात्र उल्लेख गरीकन आखीरमा प्रावृट्-ऋतुको उल्लेखगरेको छ. अत-एव, पुण्यकर्म गर्दा वैदिकमतानुसारीऋतुक्रम र, शारीरकस्वास्थ्यका निमित्तको ऋतुचर्या(ऋतु अनुसारका पथ्यापथ्य-आहारविहारादिको व्यवस्था) गर्दा आयुर्वेदानुसारीऋतुक्रमको अनुसार गर्नु मुनासीव हुन्छ ।

इह तु वर्षा-शरद्-हेमन्त-वसन्त-ग्रीष्म-प्रावृषः षड्तवो भवन्ति, दोषोपचयप्रकोपोपशमनिमित्तम्‌····तद्यथा—भाद्रपदाश्वयुजौ वर्षाः, कार्तिकमार्गशीर्षौ शरत्, पौषमाघौ हेमन्तः, फाल्गुनचैत्रौ वसन्तः, वैशाखज्येष्ठौ ग्रीष्मः, आषाढश्रावणौ प्रावृट्, इति. [सुश्रुतसंहिता]

वैदिक-ऋतुचक्र							आयुर्वेदीय-ऋतुचक्र						
ऋतु नाम	हेमन्त	शिशिर	वसन्त	ग्रीष्म	वर्षा	शरत्	ऋतु नाम	वर्षा	शरत्	हेमन्त	वसन्त	ग्रीष्म	प्रावृट्
मास नाम	मार्गशीर्ष पौष	माघ फाल्गुन	चैत्र वैशाख	ज्येष्ठ आषाढ़	श्रावण भाद्र	आश्विन कार्तिक	मास नाम	भाद्र आश्विन	कार्तिक मार्गशीर्ष	पौष माघ	फाल्गुन चैत्र	वैशाख ज्येष्ठ	आषाढ़ श्रावण

२७७ मन्वन्तरं तु दिव्यानां युगानामेकसप्ततिः ।
२७८ संवर्तः प्रलयः कल्पः क्षयः कल्पान्त इत्यपि ॥२२॥
२७९ अस्त्री पङ्कं पुमान् पाप्मा पापं किल्विषकल्मषम् ।
२८० कलुषं वृजिनैनोऽघमंहोदुरितदुष्कृतम् ॥२३॥

युगको) ब्राह्म (ब्रह्माको) १ अहोरात्र हुन्छ,) तौ तु नृणां कल्पौ (ती ब्राह्मदिन र ब्राह्मीरात्री मानिसका १ कल्प हुन्छन् अर्थात् १००० (एक हजार) दैवयुग १ ब्राह्मदिन, १००० दैवयुग १ ब्राह्मीरात्रि हुन्छ, ब्राह्मदिन स्थितिकाल हो, ब्राह्मीरात्रि प्रलयकाल हो, त्यो-दुईकालको समष्टि (ब्राह्मअहोरात्र) हाम्रो १ कल्पकाल हो । ब्रह्माको दिनकालमा सृष्टि र स्थिति,-रात्रिकालमा प्रलय हुन्छ, भोलीपल्ट ब्रह्माजी फेरी सृष्टि गर्दछन् , त्योकल्पको नाम वेग्लै हुन्छ, सृष्टिको तरीका पनि प्रायः वेग्लैर हुन्छन्) ॥ (ऐ) ॥

दिव्यानां युगानाम् एकसप्ततिः मन्वन्तरम् (दिव्य ७१ युगको १ मन्वन्तरकाल हुन्छ,) प्रत्येक कल्पमा १४ मन्वन्तर हुन्छन् ॥ (ओ) ॥ मन्वतर ३ [१ एकमनुकाराज्यकालको नाम]

संवर्त १, प्रलय १, कल्प १, क्षय १, कल्पान्त १, [५ प्रलय (सर्वसंहार)का नाम] ॥ २२ ॥ पङ्क ५, पाप्मन् १, पाप ३, किल्विष ३, कल्मष ३, कलुष ३, वृजिन ३, एनस् ३, अघ ३, अंहस् ३, दुरित ३, दुष्कृत ३ [१२ पापका नाम] ॥ २३ ॥(औ)

(ऐ) कल्पको परिचय

(१) श्वेतकल्प	(७) बृहत्कल्प	(१३) उदानकल्प	(४) सोमकल्प	(१०) घोरकल्प
(२) नीललोहित,,	(८) कन्दर्प ,,	(१४) गारुड ,,	(५) मानव ,,	(११) वाराह ,,
(३) वामदेव ,,	(९) सद्यः ,,	(१५) कौर्म ,,	(६) तत्पुमान्,,	(१२) वैराज ,,
(४) रथन्तर ,,	(१०) ईशान ,,	(१) नारसिंह,,	(७) वैकुण्ठ ,,	(१३) गौरी ,,
(५) रौरव ,,	(११) व्यान ,,	(२) समान ,,	(८) लक्ष्मी ,,	(१४) माहेश्वर,,
(६) प्राण ,,	(१२) सारस्वत ,,	(३) आग्नेय ,,	(९) सावित्री ,,	(३०) पितृकल्प

अघिल्ला १५ कल्प ब्रह्माजीको १५ दिन अर्थात् १ पक्ष हुन्छ,—पन्ध्रौं कौर्मकल्प ब्रह्माजीको पूर्णिमातिथि हो । पछिल्ला १५ कल्प ब्रह्माजीका कृष्णपक्षका १५ दिन हुन् अर्थात् पितृकल्प ब्रह्माजीको अमावास्यातिथि हो । यस्तै हिसाबले ब्रह्माजी सयेवर्षका बुढा भइसकेपछि महाप्रलय हुन्छ, ऐले ब्रह्माजी ५१ वर्ष लाग्नुभयेको छ । [मत्स्यपुराण]

(ओ) १४ मनुका नाम

स्वायंभुव १, स्वारोचिष २, उत्तम ३, तामस ४, रैवत ५, चाक्षुष ६, वैवस्वत ७, सावर्णि ८, दक्षसावर्णि ९, मेरुसावर्णि १०, सूर्यसावर्णि ११, चन्द्रसावर्णि १२, रुद्रसावर्णि १३, विष्णुसावर्णि १४।

(औ) पाप साधारणरूपले, १कायिक, २वाचिक, ३मानसिक, ई ३ प्रकारका हुन्छन्—

२८१ स्याद्धर्ममस्त्रियां पुण्यश्रेयसी सुकृतं वृषः ।
२८२ मुत्प्रीतिः प्रमदो हर्षः प्रमोदाऽऽमोदसम्मदाः ॥२४॥
२८३ स्यादानन्दथुरानन्दः शर्मसातसुखानि च ।
२८४ श्वःश्रेयसं शिवं भद्रं कल्याणं मङ्गलं शुभम् ॥२५॥
२८५ भावुकं भविकं भव्यं कुशलं क्षेममस्त्रियाम् ।
२८६ शस्तं चाऽथ त्रिषु द्रव्ये पापं पुण्यं सुखादि च ॥२६॥
२८७ मतल्लिका मर्चचिका प्रकाण्डमुद्घतल्लजौ ।
२८८ प्रशस्तवाचकान्यमून्ययः शुभावहो विधिः ॥२७॥

धर्म ५, पुण्य ३, श्रेयस् ३, सुकृत ३, वृष १, [५ धर्मका नाम] मुद् २, प्रीति २, प्रमद १, हर्ष १, प्रमोद १, आमोद १, सम्मद १ ॥ २४ ॥ आनन्दथु १, आनन्द १, शर्मन् ३, सात ३, सुख ३, [१२ सुख (आनन्द-हर्ष)का नाम]

श्वःश्रेयस ३, शिव ३, भद्र ३, कल्याण ३, मङ्गल ३, शुभ ३ ॥ २५ ॥ भावुक ३, भविक ३, भव्य ३, कुशल ३, क्षेत्र ५, शस्त ३, [१२ कल्याणका नाम] पापं पुण्यं सुखादि च द्रव्ये त्रिषु (माथिवतायेका पाप[1]शब्द १, पुण्य[2]शब्द १, सुखआदिगरेका शब्द १३, जो छन्सो द्रव्यलाई कहँदामा (पापवान् , पुण्यवान् , सुखवान् -कल्याणवान् व्यक्तिलाई·कहँदामा विशेष्यानुसार तिनै लिङ्गमा रहन्छन्) ॥ (अं) ॥ २६ ॥ मतल्लिका २, मर्चचिका २, प्रकाण्ड ५, उद्घ १, तल्लज १ [५ असलका नाम] असललाई कहे-पनि ई ५ शब्द विशेष्य-निघ्नलिङ्गी होइनन्, विशेष्य जस्तो-लिङ्गी-भये पनि इन्को-लिङ्ग देखायेवमो-

---

(१) कायिकपाप—अदत्तादान (नदियेको कुरालिनु १), अवैधहिंसा (वृथाप्राणिवध २), परदारसेवा (परस्त्रीगमन ३) यस्ता ३ प्रकारको हुन्छ ।

(२) वाचिकपाप—अप्रियभाषण १, असत्यभाषण २, पैशुन्य (पछाड़ी अर्काको दोष-कीर्तन ३), असंबद्धभाषण ४, यस्ता ४ प्रकारको हुन्छ ।

(३) मानसिकपाप—परद्रव्यको लालचा १, अर्काको अनिष्टचिताउनु २, झूटाकुरामा ढिपीगर्नु ३, यस्ता ३ प्रकारको हुन्छ ।

अदत्तानामुपादानं हिंसा चैवाऽविधानतः ।
परदारोपसेवा च शारीरं त्रिविधं स्मृतम् ॥
पारुष्यमनृतं चैव पैशुन्यं चापि सर्वशः ।
असंबद्धप्रलापश्च वाङ्मयं स्याच्चतुर्विधम् ॥
परद्रव्येष्वभिध्यानं मनसाऽनिष्टचिन्तनम् ।
वितथाभिनिवेशश्च त्रिविधं कर्म मानसम् ॥ [मनु.]

(अं) इन्को नपुंसकलिङ्गी-रूप मूलैमा छ. पापः पुरुषः (पापी पुरुष) पापा नारी (पापिनी स्त्री) पुण्यः पुरुषः (पुण्यात्मा पुरुष) पुण्या नारी (पुण्यात्मा स्त्री) । सुखः पुरुषः (सुखवान्पुरुष) सुखा नारी (सुखवती स्त्री) । श्वःश्रेयसः, शिवः, भद्रः, कल्याणः,

२८९ दैवं दिष्टं भागधेयं भाग्यं, स्त्री नियतिर्विधिः ।
२९० हेतुर्ना कारणं बीजं निदानं त्वादिकारणम् ॥२८॥
२९१ क्षेत्रज्ञ आत्मा पुरुषः प्रधानं प्रकृतिः स्त्रियाम् ।
२९२ विशेषः कालिकोऽवस्था गुणाः सत्त्वं रजस्तमः ॥२९॥
२९३ जनुर्जननजन्मानि जनिरुत्पत्तिरुद्भवः ।
२९४ प्राणी तु चेतनोजन्मी जन्तुजन्युशरीरिणः ॥३०॥
२९५ जातिर्जातं च सामान्यं व्यक्तिस्तु पृथगात्मता ।
२९६ चित्तं तु चेतो हृदयं स्वान्तं हृन्मानसं मनः ॥३१॥

इति कालवर्गः ॥४॥

जीम रहन्छ, ई ५ शब्द समासमा उत्तरपद भयेर विशेष्यका अगाडी रहन्छन्, एकाकी रहँदैनन् ॥ (अः) ॥ अय १, [१ भलैभलोगर्नं लागेका दैवको नाम ॥ २७ ॥

दैव ३, दिष्ट ३, भागधेय ३, भाग्य ३, नियति २, विधि १, [६ भाग्य = दैवका नाम] हेतु १, कारण ३, बीज ३, [सामान्य-कारणका नाम] निदान ३, आदिकारण ३, [२ मुख्य-कारणका नाम] ॥२८॥ क्षेत्रज्ञ १, आत्मन् १, पुरुष १, [३ आत्माका नाम] प्रधान ३, प्रकृति २, [२ प्रकृति(माया)का नाम] कालिकः विशेषः अवस्था (कालले-गरेको-फरक (मनुष्यको बाल्य-यौवन-वार्धक्य,-फलको शलाटुता-पक्वता-शीर्णताजस्तो हालत) अवस्था कहिन्छ) अवस्था २, [१ अवस्थाको नाम] सत्त्वम् रजः तमः गुणाः (सत्त्व-रज-तम ई३ गुण कहिन्छन्)। गुण १, [१ सत्त्वरजतम ई३-गुणको नाम] ॥२९॥ जनुस् ३, जनन ३, जन्मन् ३, जनि २, उत्पत्ति २, उद्भव १, [६ जन्मका नाम] प्राणिन् १, चेतन १, जन्मिन् १, जन्तु १, जन्यु १, शरीरिन् १, [६ प्राणि(प्राणवाला)का नाम] ॥३०॥ जाति २, जात ३, सामान्य ३, [३ मनुष्य-गो-गजप्रभृतिमा रहने मनुष्यत्व-गोत्व-गजत्व-प्रभृतिका नाम] व्यक्ति २, पृथगात्मता २, [२ जातिमान्-अलग-वस्तुका नाम] चित्त ३, चेतस् ३, हृदय ३, स्वान्त ३, हृद् ३, मानस ३, मनस् ३ [७ चित्त(मन)का नाम] ॥३१॥

इति कालवर्गः ॥४॥

मङ्गलः, शुभः, भावुकः, भविकः, भव्यः, कुशलः, क्षेमः, शस्तः पुरुषः (कल्याणवान् पुरुष)। श्वःश्रेयसी, शिवा, भद्रा, कल्याणी, मङ्गला, शुभा, भावुका, भविका, भव्या, कुशला, क्षेमा, शस्ता—नारी (कल्याणवती स्त्री)। पापं कुलम्, पुण्यं कुलम्, श्वःश्रेयसं कुलम् इत्यादिरूपले क्लीवलिङ्गीरूप चलाउनु ।

(अः) प्रशस्तः ब्राह्मणः (असल-ब्राह्मण) भन्दा,—ब्राह्मणमतल्लिका, ब्राह्मणमर्चर्चिका, ब्राह्मणप्रकाण्डम्, ब्राह्मणोद्घः, ब्राह्मणतल्लजः, यस्तो प्रयोग हुन्छ ।

प्रशस्ता-नारी (असल स्त्री) भन्दा पनि—नारीमतल्लिका, नारीमर्चर्चिका, नारीप्रकाण्डम्, नार्युद्घः, नारीतल्लजः, यस्तै-प्रयोग हुन्छ ।

प्रशस्तं गृहम् (असल घर) भन्दा पनि—गृहमतल्लिका, गृहमर्चर्चिका, गृहप्रकाण्डम्, गृहोद्घः; गृहतल्लजः, यस्तै प्रयोग हुन्छ ।

२९७ बुद्धिर्मनीषा धिषणा धीः प्रज्ञा शेमुषी मतिः ।
२९८ प्रेक्षोपलब्धिश्चित्संवित्प्रतिपज्ज्ञप्तिचेतनाः ॥१॥
२९९ "प्रतिभा धीः स्फूर्तिमती पण्डा सैव विवेकिनी ।"
३०० धीर्धारणावती मेधा संकल्पः कर्ममानसम् ।
३०१ "अवधानं समाधानं प्रणिधानं तथैव च" ।
३०२ चित्ताभोगो मनस्कारश्चर्चा संख्या विचारणा ॥२॥
३०३ "विमर्शो भावना चैव वासना च निगद्यते" ।
३०४ अध्याहारस्तर्क ऊहो विचिकित्सा तु संशयः ।
३०५ सन्देहद्वापरौ चाऽथ समौ निर्णयनिश्चयौ ॥३॥
३०६ मिथ्यादृष्टिर्नास्तिकता व्यापादो द्रोहचिन्तनम् ।
३०७ समौ सिद्धान्तराद्धान्तौ भ्रान्तिर्मिथ्यामतिर्भ्रमः ॥४॥

बुद्धि २, मनीषा २, धिषणा २, धी २, प्रज्ञा २, शेमुषी २, मति २, प्रेक्षा २, उपलब्धि २, चित् २, संवित् २, प्रतिपद् २, ज्ञप्ति २, चेतना २, [१४ बुद्धिका नाम] ॥१॥ "स्फूर्तिमती धीः प्रतिभा (स्फूर्तिले-युक्त-भयेकी = नयाँनयाँ-कल्पना-गर्नशक्ने = फुर्तिवाज-भयेकी बुद्धि प्रतिभा कहिन्छ) प्रतिभा २, [१ कल्पनाकुशल-भयेकी बुद्धिकी नाम] विवेकिनी सैव पण्डा (विवेकवती-त्यही-बुद्धि पण्डा कहिन्छे) पण्डा २ [१ विवेकवती-बुद्धिको नाम] "यही-पण्डा-हुने-लाई पण्डित भन्दछन्" । धारणावती धीः मेधा (देखेसुनेको-कुरा-संझीराख्ने-बुद्धि मेधा कहिन्छे) मेधा १ [१ धारणगर्ने-बुद्धिको नाम] ॥ (का) ॥ मानसं कर्म संकल्पः (मनले-गरेको-काम (आँट) संकल्प कहिन्छ) संकल्प १ [मनका आँटको नाम] "अवधान ३, समाधान ३, प्रणिधान ३ [३ ख्यालराख्नु-(चित्तलाउनु)का नाम]" चित्ताभोग १, मनस्कार १, [२ मनको तत्परता-(मन्सुवा)का नाम] चर्चा २, संख्या २ विचारणा २, [३ विचारका नाम] ॥ २ ॥ "विमर्श १, भावना २, वासना २, [३ अनुभवगरेका-कुरा-संझीराख्नाका नाम]" अध्याहार १, तर्क १ ऊह १, [३ तर्कनाका नाम] विचिकित्सा २, संशय १, संदेह १, द्वापर १ [४ सन्देहका नाम] निर्णय १, निश्चय १ [२ निश्चयका नाम] ॥ ३ ॥

मिथ्यादृष्टि २, नास्तिकता २, [२ नास्तिक्यबुद्धि ("स्वर्गनरक केही छैन, पुनर्जन्म हुदैन, मन्परीगर्न-पाउनुनै स्वर्ग हो, आफुलाई तकलीफ दिनुनै नरक हो," यसो-भन्ठान्ने-वुद्धि)को नाम] व्यापाद १, द्रोहचिन्तन ३ [२ अर्काको-द्रोह-चिताउनु (कुभलोगर्नखोज्नु)का नाम] सिद्धान्त १ राद्धान्त १, [२ छलफल-गरेर-निर्णय-

---

(का) सुन्नखोज्नु, सुन्नु, सुनेकाकुरा-पकडनु, संझीरहनु, तर्कगर्नु, अर्थ ठीक बुझनु, तात्पर्य बुझनु, बुद्धिका ई ७ गुण छन् भने बुद्धि उत्तम ठहरिन्छे ।

शुश्रूषा श्रवणं चैव ग्रहणं धारणं तथा ।
ऊहापोहोऽर्थविज्ञानं तत्त्वज्ञानं च धी गुणाः ॥

३०८ संविदागूः प्रतिज्ञानं नियमाश्रवसंश्रवाः ।
३०९ अङ्गीकाराऽभ्युपगमप्रतिश्रवसमाधयः ॥५॥
३१० मोक्षेधीर्ज्ञानमन्यत्र विज्ञानं शिल्पशास्त्रयोः ।
३११ मुक्तिः कैवल्यनिर्वाणश्रेयोनिःश्रेयसाऽमृतम् ॥६॥
३१२ मोक्षोऽपवर्गोऽथाज्ञानमविद्याऽहंमतिः स्त्रियाम् ।
३१३ रूपं शब्दो गन्धरसस्पर्शाश्च विषया अमी ॥७॥
३१४ गोचरा इन्द्रियार्थाश्च हृषीकं विषयीन्द्रियम् ।
३१५ कर्मेन्द्रियं तु पाय्वादि मनोनेत्रादि धीन्द्रियम् ॥८॥
३१६ तुबरस्तु कषायोऽस्त्री मधुरो लवणः कटुः ।

गरियेका-कुराको नाम] भ्रान्ति २, मिथ्यामति २, भ्रम १, [३ भ्रान्ति-(डोरीमा-सर्पको,-सीपीमा-चाँदीको-जस्तो-भ्रम)का नाम] ॥ ४ ॥ संविद् २, आगू २, प्रतिज्ञान ३, नियम १, आश्रव १, संश्रव १, अङ्गीकार १, अभ्युपगम १, प्रतिश्रव १, (प्रतिश्रय १) समाधि १ [१० अङ्गीकार (कबूल)का नाम] ॥ ५ ॥ मोक्षे धीः ज्ञानम् (मुक्तिदिने बुद्धि ज्ञान कहिन्छे) अन्यत्र शिल्पशास्त्रयोः धीः विज्ञानम् (अरु-व्याकरणादि शास्त्र-र-शिल्पशास्त्र (कारीगरी)मा प्रवीण-भयेकी-बुद्धि विज्ञान कहिन्छे) ज्ञान ३ [१ मोक्षदायिनी बुद्धिको नाम] विज्ञान ३ [२ शास्त्रज्ञान-र-कलाकौशलको नाम] मुक्ति २, कैवल्य ३, निर्वाण ३ श्रेयस् ३, निःश्रेयस ३, (निश्रेयस ३) अमृत ३, ॥ ६ ॥ मोक्ष १, अपवर्ग १, [८ मोक्ष (मुक्ति = ब्रह्मैकता)का नाम] ॥ (खा) ॥ अज्ञान ३, अविद्या २, अहंमति २, [३ अज्ञानका नाम] रूप ३ [१ आँखाले-जानिने-गुणको नाम] शब्द १ [१ कानले-जानिने-गुणको नाम] गन्ध १ [१ नाकले-जानिने-गुणको नाम] रस १ [१ जिह्वाले-जानिने-गुणको नाम] स्पर्श १ [१ त्वक्(छाला)-ले-जानिने-गुणको नाम] अमी (रूपादि ५ जो छन् सो)

विषयाः ॥ ७ ॥ गोचराः इन्द्रियार्थाः च कथ्यन्ते (विषय, गोचर, इन्द्रियार्थ, पनि कहिन्छन्) विषय १, गोचर १, इन्द्रियार्थ १, [३ रूपप्रभृति-इन्द्रियग्राह्यवस्तुका नाम] हृषीक ३, विषयिन् ३, इन्द्रिय ३, [३ इन्द्रिय (चक्षुरादि)का नाम] पाय्वादि तु कर्मेन्द्रियम् (पायु-उपस्थ-प्रभृति ५ कर्मेन्द्रिय कहिन्छन्) कर्मेन्द्रिय ३ [१ पायु, उपस्थ, वाक्, पाणि, पाद, ई ५ इन्द्रियको नाम] मनोनेत्रादि धीन्द्रियम् (मन-र-चक्षु-, श्रोत्र, घ्राण, रसन, त्वक्, ई ५ ज्ञानेन्द्रिय कहिन्छन्) मन कर्मेन्द्रिय पनि हो ।

(खा) (१) साकार-ईश्वरको-उपासनाले कैलास-वैकुण्ठप्रभृतिलोकमा-वस्नपाउनुलाई सालोक्यमुक्ति भन्दछन् ।
(२) शिव-विष्णु-प्रभृतिसाकारईश्वरका-नगीचै-रहन-पाउनुलाई सामीप्यमुक्ति भन्दछन् ।
(३) शिव-विष्णुप्रभृतिकै-जस्तो-रूपपायेर-तत्तल्लोकमा वस्नपाउनुलाई सारूप्यमुक्ति भन्दछन् ।
(४) निरञ्जननिराकार-परब्रह्ममा पानीमा-पानी-मिलेझैं-मिल्नुलाई कैवल्यमुक्ति भन्दछन् ।

३१७ तिक्तोऽम्लश्च रसाः पुंसि तद्वत्सु षडमी त्रिषु ॥९॥
३१८ विमर्दोत्थे परिमलो गन्धे जनमनोहरे ।
३१९ आमोदः सोऽतिनिर्हारी वाच्यलिङ्गत्वमागुणात् ॥१०॥

धीन्द्रिय ३ [१ ज्ञानेन्द्रियचक्षुरादि ५ र-मनको समेत नाम] ॥ (गा) ॥ ८ ॥

तुबर ५, (तुवर ५) कषाय ५, [२ टर्रो-रसका नाम] मधुर १, [१ गुलियो-रसको नाम] लवण १, [१ नुनिलो-रसको नाम] कटु १ [१ पिरो-रसको नाम] तिक्त १, [१ तितो-रसको नाम] अम्ल १, [१ अमिला-रसको नाम] रसाः पुंसि (पूर्वोक्त-रसवाचक-तुबर-कषाय,-मधुर,-लवण,-कटु,-तिक्त,-अम्ल,-शब्द पुंलिङ्गमा रहन्छन्) । अमी षट् तद्वत्सु त्रिषु (ई-पूर्वोक्तसवैशब्द रसवान्‌लाई कहँदामा रसवान्‌लाई कहनेशब्दका-मुताविक तिनैलिङ्गमा रहन्छन्) अर्थात् ई शब्द रसवान्‌लाई पनि कहन्छन्,-रसलाई पनि कहन्छन्, रसवान्‌लाई-कहँदा विशेष्यको जुन्-लिङ्ग छ उही-लिङ्गमा रहन्छन्, केवलरसलाई कहँदा पुंलिङ्गी छन्—जस्तै—तुवरः कषायः अक्षः (टर्रो बर्रो) तुबरी-कषाया हरीतकी (टर्रो हर्रो) तुबरं-कषायं फलम् (टर्रो फल) मधुरः गुडः (गुलियो चाकु) मधुरा कदली (गुलियो केरा) मधुरम् फलम् (गुलियो फल) यहाँ क्रमैले पुंलिङ्गी-विशेष्यवाचक-अक्षशब्दवमोजीम तुबरशब्द पुंलिङ्गी, हरीतकीशब्दवमोजीम स्त्रीलिङ्गी, फलशब्दवमोजीम नपुंसकलिङ्गी भयो। यस्तै प्रकारले ३ लिङ्गका विशेष्य खोजेर मधुरलवणादिशब्दका प्रयोगगर्नु स्त्रीलिङ्गीरूपमा सन्देह भयो भने वर्णानुक्रमणिकामा त्यो शब्द खोजेर वायाँपट्टीका-रूपबोधकअङ्कका सहाराले निर्णय गर्नु ।

(गा) इन्द्रियहरूको र विषयको स्पष्टीकरण

इन्द्रिय	चक्षु आँखा	श्रोत्र कान	घ्राण नाक	रसन जिह्वा	त्वक् छाला	मन		वाक् वाक्य	पाणि हात	पाद पाउ	पायु गुद	उपस्थ लि. भ.	इन्द्रिय
विषय	रूप (रूपको ज्ञान)	शब्द (शब्दज्ञान)	गन्ध (गन्धज्ञान)	रस (रसज्ञान)	स्पर्श (स्पर्श ज्ञान)	संकल्पविकल्प गरेर ई ज्ञानेन्द्रियलाई काममा लाउनु	आफ्नार काममा लाइदिनु प्रवर्तन ई कर्मेन्द्रियलाई	वचन (बोल्नु)	आदान (लिनुदिनु)	विहरण (हिड्डुल्नु)	उत्सर्ग (मलत्याग)	आनन्द (रतिसुखानुभव)	विषय
संज्ञा	ज्ञानेन्द्रिय					ज्ञानेन्द्रिय	कर्मेन्द्रिय	कर्मेन्द्रिय					संज्ञा

बुद्धीन्द्रियाणि चक्षुः,-श्रोत्रघ्राणरसनत्वगाख्यानि ।
वाक्-पाणिपादपायू ,पस्थानि कर्मेन्द्रियाण्याहुः ॥२६॥
शब्दादिषु पञ्चानामालोचनमात्रमिष्यते वृत्तिः ।
वचनादानविहरणोत्सर्गानन्दाश्च पञ्चानाम् ॥२८॥
उभयात्मकमत्रमनः सङ्कल्पकमिन्द्रियं च साधर्म्यात् । [साङ्ख्यकारिका]

३२० समाकर्षी तु निर्हारी सुरभिर्घ्राणतर्पणः ।
३२१ इष्टगन्धः सुगन्धिः स्यादामोदी मुखवासनः ॥११॥
३२२ पूतिगन्धस्तु दुर्गन्धी विस्रं स्यादामगन्धि यत् ।
३२३ शुक्लशुभ्रशुचिश्वेतविशदश्येतपाण्डराः ॥१२॥
३२४ अवदातः सितो गौरो वलक्षो धवलोऽर्जुनः ।
३२५ हरिणः पाण्डुरः पाण्डुरीषत्पाण्डस्तुधूसरः ॥१३॥
३२६ कृष्णे नीलाऽसितश्यामकालश्यामलमेचकाः ।
३२७ पीतो गौरो हरिद्राभः पालाशो हरितो हरित् ॥१४॥
३२८ लोहितो रोहितो रक्तः शोणः कोकनदच्छविः ।
३२९ अव्यक्तरागस्त्वरुणः श्वेतरक्तस्तु पाटलः ॥१५॥

विमर्दोत्थे (विमर्दवाट-उत्पन्न-भयेका (रगडियेर-माडियेर-पैदा भयेका) जनमनोहरे गन्धे (प्राणिको मनहरणगर्ने उत्तम-गन्धलाई कहदामा) परिमलः (परिमल कहिन्छ) परिमल १ [१ माड्दा-उत्पन्नहुने-उत्तमगन्धको नाम] आमोद १, [१ मनहरण-गर्ने उत्तमगन्ध (वास्ना)को नाम] आगुणात् वाच्यलिङ्गत्वम् यहाँदेखी-आरंभ भयेका “गुणे शुक्लादयः पुंसि” भन्ने सत्रौं (१७) श्लोकसम्ममा कहिने-शब्द वाच्यलिङ्गी (विशेष्यनिघ्न) छन् ॥ १० ॥

समाकर्षिन् १।७, निर्हारिन् १।७, [२ टाढासम्म-पुग्ने-सुगन्ध र त्यस्तो सुगन्धहुने वस्तुका नाम] सुरभि १।७, घ्राणतर्पण १।७, इष्टगन्ध १।७, सुगन्धि १।७, [४ असलगन्ध र त्यस्तो गन्ध हुने वस्तुका नाम] आमोदिन् १।७, मुखवासन १।७, [२ मुखसुगन्धपार्ने गन्ध र त्यस्तो वस्तुका नाम] ॥ ११ ॥ पूतिगन्ध १।७, दुर्गन्ध १।७, [२ दुर्गन्ध र दुर्गन्धि वस्तुका नाम] विस्र १।७, आमगन्धि १।७, [२ काँचा-पदार्थ-सडेको-दुर्गन्ध र त्यस्ता पदार्थका नाम] शुक्ल १।७, शुभ्र १।७, शुचि १।७, श्वेत १।७, विशद १।७, श्येत १।७, पाण्डर १।७, ॥ १२ ॥ अवदात १।७, सित १।७, गौर १।७, वलक्ष १।७, (अवलक्ष १।७) धवल १।७, अर्जुन १।७, [१३ सेतोवर्ण र सेतोवर्णहुनेवस्तुका नाम] हरिण १।७, पाण्डुर १।७, पाण्डु १।७, [३ सेतोपहेलोमिलेको वर्ण र त्यस्तो वर्णहुनेवस्तुका नाम] ईषत्पाण्डु १।७, धूसर १।७, [२ धुस्रोवर्ण र त्यस्तो वर्णहुनेवस्तुका नाम ॥ १३ ॥ कृष्ण १।७, नील १।७, असित श्याम १।७, काल १।७, श्यामल १।७, मेचक १।७, [७ कालोवर्ण र त्यस्तो वर्णहुनेवस्तुका नाम] पीत १।७, गौर १।७, हरिद्राभ १।७, [३ पहेंलोवर्ण र त्यो वर्णहुनेवस्तुका नाम] पालाश १।७, हरित १।७, हरित् १।७, [३ हरियो वर्ण र त्यो वर्णहुनेवस्तुका नाम] ॥ १४ ॥ लोहित १।७, रोहित १।७, रक्त १।७, शोण १, कोकनदच्छवि १।७, [५ रातोवर्ण र त्यो वर्णहुनेवस्तुका नाम] अरुण १।७

---

(१) ती शब्दको अर्थभेदले लिङ्गभेद हुनाले गुणलाई-कहँदा पुंलिङ्गको, गुणीलाई-कहँदा तिनैलिङ्गको सूचना-गर्नु-पर्ने-हुनाले शब्दका अगाडी २/२ अङ्क राखिनेछन् जस्तै समार्किषिन् १/७ इत्यादि ।

३३० श्यावः स्यात्कपिशो धूम्रधूमलौ कृष्णलोहिते ।
३३१ कडारः कपिलः पिङ्गपिशङ्गौ कद्रुपिङ्गलौ ॥१६॥
३३२ चित्रं किर्मीरकल्माषशबलैताश्च कर्बुरे ।
३३३ गुणे शुक्लादयः पुंसि गुणिलिङ्गास्तु तद्वति ॥१७॥

इति धीवर्गः ॥ ५ ॥

[१ कालोवर्णअलीकतिमिलेको रातोवर्ण र त्यस्तो वर्णहुनेवस्तुको नाम] पाटल १।७, [१ गुलावीवर्ण र त्यो वर्णहुनेवस्तुको नाम] ॥ १५ ॥ श्याव १।७, कपिश १।७, [२ कालोपहेंलोमिलेको वर्ण र त्यो वर्णहुनेवस्तुका नाम] धूम्र १।७, धूमल १।७, कृष्णलोहित १।७, [३ ध्वासेरङ्ग र त्यस्तो रङ्गहुनेवस्तुका नाम] कडार १।७, कपिल १।७, पिङ्ग १।७, पिशङ्ग १।७, कद्रु १।७, पिङ्गल १।७, [६ कैलोवर्ण र त्यस्तो वर्णहुनेवस्तुका नाम] ॥ १६ ॥ चित्र ३।७, किर्मीर १।७, कल्माष १।७, शबल १।७, एत १।७, कर्बुर १, [६ चित्रवर्ण र त्यो वर्णहुनेवस्तुका नाम] शुक्लादयः गुणे पुंसि (शुक्लशुभ्रआदिगरेका यहासम्मका शब्दपनि गुणलाई कहँदा पुंलिङ्गमा रहन्छन्) तद्वति तु गुणिलिङ्गाः (गुणवान्‌लाई-कहँदा ता गुणवान्‌वस्तुवाचकशब्दकालिङ्गमुताविकका लिङ्गमा रहन्छन्) ॥ १७ ॥

इति धीवर्गः ॥५॥

३३४ ब्राह्मी तु भारती भाषा गीर्वाग्वाणी सरस्वती ।
३३५ व्याहार उक्तिर्लपितं भाषितं वचनं वचः ॥१॥
३३६ अपभ्रंशोऽपशब्दः स्याच्छास्त्रे शब्दस्तु वाचकः ।
३३७ तिङ्सुवन्तचयो वाक्यं क्रिया वा कारकान्विता ॥२॥
३३८ श्रुतिः स्त्री वेद आम्नायस्त्रयीधर्मस्तु तद्विधिः ।
३३९ स्त्रियामृक्सामयजुषी इति वेदास्त्रयस्त्रयी ॥३॥
३४० शिक्षेत्यादि श्रुतेरङ्गमोङ्कारप्रणवौ समौ ।
३४१ इतिहासः पुरावृत्तमुदात्ताद्यास्त्रयः स्वराः ॥४॥
३४२ आन्वीक्षीकी दण्डनीति स्तर्कविद्यार्थशास्त्रयोः ।
३४३ आख्यायिकोपलब्धार्था पुराणं पञ्चलक्षणम् ॥५॥

ब्राह्मी २, भारती २, भाषा २, गिर् २, वाच् २, वाणी २, सरस्वती २, व्याहार १, उक्ति २, लपित ३, भाषित ३, वचन ३, वचस् ३, [१३ वाणीका (वचनका) नाम] ॥ १ ॥ अपभ्रंश १, अपशब्द १, [२ अशुद्धशब्दका नाम] शास्त्रे वाचकः तु शब्दः (शास्त्रमा सिद्धभयेको अर्थबुझाउनेपद शब्द कहिन्छ) शब्द १, [१ अर्थबोधक पदको नाम] तिङ्सुवन्तचयः वाक्यम् (तिङन्त-र-सुवन्तको परस्पर-सम्बन्धी-पदसमुदाय वाक्य कहिन्छ) कारकान्विता क्रिया वा वाक्यम् (कर्तृ-कर्म-करणादि-कारकले युक्तभयेको क्रियापद पनि वाक्य कहिन्छ) वाक्य ३ [१ वाक्यको नाम] ॥ २ ॥ श्रुति २, वेद १, आम्नाय १, [३ वेदका नाम] तद्विधिस्तु (वेदले-विधान-गरियेको-कर्मता) त्रयीधर्मः (त्रयीधर्म कहिन्छ) त्रयीधर्म १ [१ वेदोक्तधर्मको नाम] ऋच् २ [१ ऋग्वेदको नाम] सामन् ३, [१ सामवेदको नाम] यजुस् ३ [१ यजुर्वेदको नाम] इति त्रयः वेदाः त्रयी स्त्रियाम् (ई ३ वेदको समुदायत्रयी कहिन्छ त्यो शब्द स्त्रीलिङ्गमा रहन्छ) त्रयी २ [१ पूर्वोक्त ३ वेदका समुदायको नाम] ॥ अङ्ग ३ [१ शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्दोविचिति, ज्योतिष, ई ६ रूपी वेदाङ्गको नाम] ॥ घा ॥ ओंकार १, प्रणव २, [१ ओंकारका नाम] इतिहास १, पुरावृत्त ३, [२ इतिहास (प्राचीनचरित्रसंग्रह)का नाम] स्वर १, [१ उदात्त-अनुदात्त-स्वरित ई ३ स्वरको नाम] ॥ ४ ॥ आन्वीक्षीकी २, तर्कविद्या २ [२ तर्क (न्याय) शास्त्रका नाम] दण्डनीति २ अर्थशास्त्र ३ [२ धनार्जनविद्या (नीति)का नाम]

उपलब्धार्था आख्यायिका (जस्मालेखियेका-कुरा उपलब्ध (सर्वविदित) छन् त्यो ग्रन्थ आख्यायिका कहिन्छ) आख्यायिका २ [१ साँचाकथाका-ग्रन्थको नाम] पञ्चलक्षणम् पुराणम् (५ लक्षणले (सर्ग, प्रतिसर्ग, वंश, मन्वन्तर, वंशानुचरितले)

(घा) शिक्षा[1] कल्पो[2] [3]व्याकरणं [4]निरुक्तं ज्योतिषां [5]गतिः ।
[6]छन्दोविचितिरित्येष षडङ्गो वेद उच्यते ॥

३४४ प्रबन्धकल्पना कथा प्रबह्लिका प्रहेलिका ।
३४५ स्मृतिस्तु धर्मसंहिता समाहृतिस्तु सङ्ग्रहः ॥६॥

युक्त-भएको-ग्रन्थविशेष पुराण कहिन्छ) पुराण ३ [१ पुराणको नाम] ॥ (ङा) ॥५॥ प्रबन्धकल्पना कथा कथ्यते (कसैको-कल्पित-चरित्रले-रचियेको-ग्रन्थ कथा कहिन्छ) कथा २ [१ झूटा(कल्पित)कुराका ग्रन्थको नाम] प्रबह्लिका २, प्रहेलिका २, [२ प्रहेलिकाका नाम] (चा) ॥ स्मृति २, धर्मसंहिता २, [२ धर्मशास्त्रका नाम] ॥ (छा) ॥ समाहृति २, सङ्ग्रह १ [२ संग्रहग्रन्थका नाम] ॥६॥

(ङा) सर्गश्च प्रतिसर्गश्च वंशोमन्वन्तराणि च । वंशानुचरितं चैव पुराणं पञ्चलक्षणम् ।
पञ्चतन्मात्रा, पञ्चभूत, बुद्धि, प्राण, इन्द्रिय, इन्को प्रथम उत्पत्ति सर्ग कहिन्छ । साकार ईश्वरवाट पैदा भयेका व्रह्माजी र तिन्का अङ्गवाट पैदा भयेका पुलस्त्य पुलह मरीच्यादि ऋषिहरुवाट फैलियेको सृष्टिप्रपञ्च प्रतिसर्ग कहिन्छ । वंश, मन्वन्तर, वंशचरित्र ई प्रसिद्धै छन्, यति ५ लक्षणले युक्त भयेको ग्रन्थ पुराण कहिन्छ ।

(चा) बाह्य अर्थ अर्कै राखेर गूढ-अर्का-अर्थको जिज्ञासा भयेको प्रश्नलाई प्रहेलिका भन्दछन् । यस्का घेरै भेद विदग्धमुखमण्डनमा लेखियेका छन् । हाम्रा देशमा प्रचलित भयेका 'सानु सानु प्याङ्, प्याङ् भरि दाम्' क्या हो ?, 'खुर्सानी' इत्यादि-जान्ने कथा प्रहेलिका हुन्—

'तरुणीले समातेर कटिमाथी चढाउँदा । समाजका अगाडीमा को कराउँछ लौ भन ?'
[उत्तर—आधा पानी भयेको गाग्रो । यो आर्थप्रहेलिका हो ।

एक्कापछीको भन वस्तु के हो ? चोरी हुँदा के भन खोजिने हो ? ।
अशुद्ध यौटा दिन लौ वताऊ ? चलाक भन्ने पदवी कमाऊ ॥
[दुवा-दसी । यो शाब्दप्रहेलिका हो ।

जीवितेशविरहाकुलान्तरा क्षौममेत्य किल गातुमुत्सका ।
काऽपि पाणिधृतवल्लकी विधुं वीक्ष्य मौनमभजत् कुतो वद ? ॥

[कोही विरहिणी युवती गाउँछु भनेर हातमा वीणा लिएर कौसीमा गई चन्द्रमा देख्ता त्यस्ले मौन लिई, गाइन, किन हो ? लौभन ? 'गाना बजाना सुनेर चन्द्रमण्डलको कलङ्कमृग यता आउला र निष्कलङ्क चन्द्रमाले झन्‌वढता ताप गर्ला भन्ने डरले' यो उत्तर हो ।]

(छा) मनुस्मृति—अत्रिस्मृति प्रभृति स्मृतिका रचना गर्ने ऋषिहरुका नाम याज्ञवल्क्यस्मृतिमा लेखियेका छन् ।

मन्वत्रिविष्णुहारीतयाज्ञवल्क्यो शनोङ्गिराः । यमापस्तम्बसंवर्ता : कात्यायन बृहस्पती ॥
पराशरव्यासशङ्खलिखिता दक्षगौतमौ । शातातपो वसिष्ठश्च धर्मशास्त्रप्रवर्तकाः ॥

३४६ समस्या तु समासार्था किंवदन्ती जनश्रुतिः ।
३४७ वार्ता प्रवृत्तिर्वृत्तान्त उदन्तः स्यादथाऽऽह्वयः ॥७॥
३४८ आख्याह्वे अभिधानं च नामधेयं च नाम च ।
३४९ हूतिराकारणाऽऽह्वानं संहूतिर्बहुभिः कृता ॥८॥
३५० विवादो व्यवहारः स्यादुपन्यासस्तु वाङ्मुखम् ।
३५१ उपोद्घात उदाहारः शपनं शपथः पुमान् ॥९॥

समस्या २, समासार्था २, [२ समस्याका नाम] ॥(जा)॥ किंवदन्ती २, जनश्रुति २, [२ लोकमा-चलेका-कुराका नाम] वार्ता २, प्रवृत्ति २, वृत्तान्त १, उदन्त १, [४ हालखवरका नाम] आह्वय १, ॥७॥ आख्या २, आह्वा २, अभिधान ३, नामधेय ३, नामन् ३, [६ नामका नाम] हूति २, आकारणा ६, आह्वान ३, [३ हपार्नाका नाम] संहूति २, [१ धेरैजनाले एकैचोटी-हपार्नाका नाम] ॥८॥ विवाद १, व्यवहार १, [२ झगरामामलामुद्दाका नाम] उपन्यास १, वाङ्मुख ३ [२ वाक्यारम्भ(बोल्नथाल्नु)का नाम] उपोद्घात १, उदाहार १, [२ प्रस्तुतविषयको-र-पूर्वोक्तविषयको-सम्बन्ध-गराउने-वचनसन्दर्भ(प्रस्तावना)का नाम] शपन ३, शपथ १, [२ शपथ-(किरिया)का नाम] ॥९॥

(जा) कविहरुकाशक्तिको परीक्षागर्न अपुरो-गरि वनायेका वाक्यांश वाक्यलाई समस्या भन्दछन्, कविले आफ्नाकल्पनानुसार संगत-पारिदिन-थपिदियेका अंशलाई समस्यापूर्ति भन्दछन् । जस्तै—(नेपाली भाषामा—)

'म नाथका साथ मिलाप गर्दछू' यो-समस्या कसैले-दियेमा कुनै-कविले—

'रु०मा अलग् एक म तङ्ग वासमा रहेर हेराम ! विलाप गर्दछू ।
छर्दैछु सुग्रीवसमान सर्वथा म नाथका-साथ मिलाप गर्दछू' ॥

[राघवालङ्कार]

यसरी पूर्ति गरेको छ। यस्को अर्थ—राघवालङ्कारको श्लेषप्रकरणमा लेखियेको छ।

संस्कृतभाषामा 'मृगात् सिहः पलायते' यस्तो-समस्या कसैले-दियेमा, समस्यादिनेसकसले-दियेका पञ्चम्यन्तको भान-पारेर-कविलाई-अलमल्याउन-खोज्ने 'मृगात्' यो-पदलाई कविले 'मृगम् अत्ति = मृगात्' यस्तो-कल्पनाले 'मृगखाने' यो-अर्थ-भयेको-प्रथमान्तपद पारेर "जहाँ-सम्म अतिबलिष्ठ-व्यक्ति देखिदैन, तहींसम्ममात्रै मामूली-बलिष्ठ-व्यक्ति बलिष्ठ ठहरिन्छ, हेर सिंहलाई-खाइदिने-अष्टापद (शरभ-नाम-भयेको-आठखुट्टे-जङ्गी-जानवर) आउँछ, मृगलाई-खाने सिह भाग्दछ" भन्ने-आशयले—

'तावद्बली बली, यावद् बलीयान् नावलोक्यते ।
सिंहात् अष्टापदोऽभ्येति मृगातः सिंह पलायते' ॥

यस्तो पूर्ति भएको छ, इत्यादि ॥

३५२ प्रश्नोऽनुयोगः पृच्छा च प्रतिवाक्योत्तरे समे ।
३५३ मिथ्याऽभियोगोऽभ्याख्यानमथ मिथ्याभिशंसनम् ॥१०॥
३५४ अभिशापः प्रणादस्तु शब्दः स्यादनुरागजः ।
३५५ यशः कीर्ति समज्ञा च स्तवः स्तोत्रं स्तुतिर्नुतिः ॥११॥
३५६ आम्रेडितं द्विस्त्रिरुक्तमुच्चैर्घुष्टं तु घोषणा ।
३५७ काकुः स्त्रियां विकारोयः शोकभीत्यादिभिर्ध्वनेः ॥१२॥
३५८ अवर्णाक्षेपनिर्वादपरिवादापवादवत् ।
३५९ उपक्रोशो जुगुप्सा च कुत्सा निन्दा च गर्हणे ॥१३॥
३६० पारुष्यमतिवादः स्याद्भर्त्सनं त्वपकारगीः ।
३६१ यः सनिन्द उपालम्भस्तत्रस्यात् परिभाषणम् ॥१४॥
३६२ तत्र त्वाक्षारणा यः स्यादाक्रोशो मैथुनं प्रति ।
३६३ स्यादाभाषणमालापः प्रलापोऽनर्थकं वचः ॥१५॥

३ प्रश्न १, अनुयोग १, पृच्छा २, [३ प्रश्न(सोधनु)का नाम] प्रतिवाक्य ३, उत्तर ३ [२ जबाव(उत्तर)का नाम] मिथ्याभियोग १, अभ्याख्यान ३, [२ झूटो-वातलाग्नाका नाम] मिथ्याभिशंसन ३, अभिशाप १, [२ झूटाकुराले कसैलाई पातकी-वनाउनखोज्नाका नाम] प्रणाद १, [१ प्रेमले-बोलेका-आवाजको नाम] यशस् ३, कीर्ति २, समज्ञा २, (समज्या २, समाज्ञा २,) [३ कीर्तिका नाम] ॥(झा)॥ स्तव १, स्तोत्र ३, स्तुति २, नुति २, [४ स्तुति(तारीफ)का नाम ॥११॥ आम्रेडित ३, [१ दोहोरयायेका-तेहरयायेका-वचनको नाम] उच्चैर्घुष्ट ३, घोषणा २, [२ साह्रै-कराउनाका नाम] उर्दी-दियेका-राजकीयप्रभृति-वचनलाई पनि घोषणा भन्दछन् । शोकभीत्यादिभिः ध्वनेः यः विकारः सा काकुः (शोक-डर (क्रोध-दैन्य-) प्रभृतिले भयेको-शब्दविकार (विलक्षण उच्चारण) काकु कहिन्छ) काकु २ [१ शब्दविकारको नाम] ॥१२॥ अवर्ण १, आक्षेप १, निर्वाद १, परिवाद १, (परीवाद १) अपवाद १, उपक्रोश १, जुगुप्सा २, कुत्सा २, निन्दा २, गर्हण ३, (गर्हणा २) [१० निन्दाका नाम] ॥१३॥

पारुष्य ३, अतिवाद १, [२ कठोर-वचनका नाम] भर्त्सन ३, अपकारगिर् २, [२ हप्काउनाका नाम] यः उपालम्भः सनिन्दः (जो-गाली निन्दासहितको छ) तत्र परिभाषणं स्यात् (त्यसलाईकहँदा परिभाषणशब्द प्रयोग गरिन्छ) परिभाषण ३, [१ निन्दासहितका-गालीको नाम] ॥१४॥ मैथुनं प्रति यः आक्रोशः (मैथुनकावारेमा जो

(झा) यहाँ कार्तिका-पर्याय-३ शब्द गतानुगतिकरीतिले लेखिये ता पनि ग्रन्थान्तरका अनुरोधले "दानप्रभृति-धार्मिक-कर्मवाट-पैदाभयेकी ख्यातिलाई कीर्ति, शौर्यप्रभृति-राजसकर्मवाट-पैदाभयेकी- ख्यातिलाई यश भन्नुपर्दछ । अत एव—'प्रज्ञां यशश्च कीर्तिं च ब्रह्मवर्चसमेव च' इत्यादि-मनुस्मृतिप्रभृतिका वचनमा पौनरुक्त्य पर्दैन ।

दानादिप्रभवा कीर्तिः शौर्यादिप्रभवं यशः

—इत्यादि वचनपनि पाइन्छन् ।

३६४ अनुलापो मुहुर्भाषा विलापः परिदेवनम् ।
३६५ विप्रलापो विरोधोक्तिः संलापो भाषणं मिथः ॥१६॥
३६६ सुप्रलापः सुवचनमपलापस्तु निह्नवः ।
क १ [वायु । ब्रह्मा । सूर्य । ३ को नाम] क ३ [टाउको । पानी । २ को नाम] पुलाक १ [तुच्छधान्य = फवटा । संक्षेप । भातको सीता । ३ को नाम] ।।५।। पेचक १ [लाटोकोसेरो । हात्तिको-पुच्छरका-फेदको-समीप-भाग । २ को नाम] करक १ [दारिम । कमण्डलु=झारी=करुवा । २ को नाम] करक २ (करका २) [असिनाको नाम] विनायक १ [बुद्ध । गणेश । गरुड । ३ को नाम] ।।६।। किष्कु ४ [१ हात । १ वित्ता । २ को नाम] वृश्चिक १ [ऊनीवस्त्र काट्ने क्रमिविशेष । विच्छी । २ को नाम] प्रतीक ७ [प्रतिकूल = भनेजस्तो नभयेका वस्तुको नाम] प्रतीक १ [एकदेश=एकछेउको नाम] ।।७।। भूतिक ३ [चिराइतो । रोहिस(गंधे)तृण । कुकुरमुतेझार । ३ को नाम] कोशातकी २ [घिरौंलो । पाटेतोरियाँ । २ को नाम] सोमवल्क १ [काफल । सेतो-खयर । २ को नाम] ।।८।। पिण्याक १ [लोवान-धूपविशेष । पिना । २ को नाम] बाह्लीक ३ [कश्मीरी केसर । हिङ् । २ को नाम] ।।९।। कौशिक १ [इन्द्र । गुग्गुलु-गोकुल धूप । लाटोकोसेरो । सर्पसमात्ने=सर्पजीवो=मदारी । ४ को नाम] आतङ्क १ [रोग । ताप । शङ्का । ३ को नाम] क्षुल्लक ७ [थोरै । चुत्त्थो । २ को नाम] ।।१०।। जैवातृक १ [चन्द्रमाको नाम] जैवातृक ७ [आयुष्मान् = आयु धेरै हुनेको नाम] वर्तक १ [घोडाको खुर । वट्टाई । २ को नाम] पुण्डरीक १ [बाघको नाम] पुण्डरीक ३ [सेता-कमलको नाम] दीपक १ [ज्वानु । मयूरको कल्की । वत्ति । ३ को नाम] ।।११।। शालावृक १ [वानर । स्याल । कुकुर । ३ को नाम] गैरिक ३ [सुवर्ण । गेरु । २ को नाम] व्यलीक ३ [पीडा=तकलीफको नाम]

२४११ शीलान्वयावनूके द्वे शल्के शकलवल्कले ।
२४१२ साष्टे शते सुवर्णानां हेम्न्युरोभूषणे पले—॥१३॥
२४१३ दीनारेऽपि च निष्कोऽस्त्री कल्कोऽस्त्री शमलैनसोः ।
२४१४ दम्भेऽप्यथ पिनाकोऽस्त्री शूलशङ्करधन्वनोः ॥१४॥
२४१५ धेनुका तु करेण्वां च मेघजाले च कालिका ।
२४१६ कारिका यातनावृत्त्योः कर्णिका कर्णभूषणे ॥१५॥
२४१७ करिहस्तेऽङ्गुलौ पद्मबीजकोश्यां, त्रिषूत्तरे ।
२४१८ वृन्दारकौ रूपिमुख्यावेके मुख्यान्यकेवलाः ॥१६॥
२४१९ स्याद्दाम्भिकः कौक्कुटिको यश्चादूरेरितेक्षणः ।
२४२० लालाटिकः प्रभोर्भालदर्शी कार्याक्षमश्च यः ॥१७॥
२४२१ "भूभृन्नितम्बवलयचक्रेषु कटकोऽस्त्रियाम् ।
२४२२ सूच्यग्रे क्षुद्रशत्रौ च रोमहर्षे च कण्टकः ॥१॥
२४२३ पाकौ पक्तिशिशू मध्यरत्ने नेतरि नायकः ।

व्यलीक ७ [अप्रिय (मन्नपरेको)वस्तुको नाम] अलीक ३ [झूटाको नाम] अलीक ७ [झूटो बोल्ने । अप्रियवस्तु । २ को नाम] ॥१२॥

अनूक ३ [स्वभाव । वंश=खान्दान । २ को नाम] शल्क ३ [टुक्रा=चोइटो । बोक्रो (छाला) । २ का नाम] निष्क ५ [१०८ सुवर्ण । छातिमा लाउने सुवर्णको गहना । ४ तोला । दीनार=असर्फी । ४ को नाम] कल्क ५ [विष्ठा । पाप । दम्भ । कल्क = पानीमा पिंधेका औषधिको पिण्ड=लुगदी । ४ को नाम] पिनाक ५ [त्रिशूल । महादेवको धनु । २ को नाम] ॥१४॥ धेनुका २ [हथिनी=हात्तिको ढोई । पहिलोवेत व्यायेकी-गाई । २ को नाम] कालिका २ [मेघको घटा । कालीदेवी । २ को नाम] कारिका २ [यातना=सजा । सूत्रको अभिप्राय बताउने श्लोकबद्ध वाक्य=कारिका । २ को नाम] कर्णिका २ [कानको गहना । हात्तिका सूँडका टुप्पाको तीखो स्थान । माझको औंलो । कमलका फूलको मध्यभाग । ४ को नाम] वृन्दारक ७ [राम्रो । श्रेष्ठ । २ को नाम] वृन्दारक १ [देवताको नाम] एक ७ [मुख्य । अर्को । यउटा । फगत । ४ को नाम] ॥१६॥ कौक्कुटिक ७ [दाम्भिक=अर्कालाई देखाउनमात्र धर्म गर्ने-वास्तव पापी । नगीचै वरीपरी हेर्ने । २ को नाम] लालाटिक ७ [के अह्राउछन् भनेर मालिकको निधारतिर हेर्ने स्वामिभक्त नौकर । काम सिद्ध गर्न नशक्ने भयेर मालिकको पुर्पुरोतिर हेर्ने हुतिहारा नौकर । २ को नाम] ॥१७॥

"कटक ५ [पर्वतको थुम्को । बाला । सैन्यनिवास=छाउनी । ३ को नाम] कण्टक १ [सियाको टुप्पो । क्षुद्रशत्रु । रोमाञ्च । काँढो । ४ को नाम] ॥१॥ पाक १ [पाक्नु । बालक । २ को नाम] नायक १ [हारकामाझको रत्न=लटकन ।

---

(१) १ तोला सुनलाई सुवर्ण भन्ने संज्ञा छ । १०८ सुवर्ण, १०८ तोला भयो ।
कर्षं सुवर्णस्य सुवर्णसंज्ञम् । [लीलावती]

२४२४ पर्यङ्कः स्यात्परिकरे स्याद् व्याघ्रेऽपि च लुब्धकः ॥२॥
२४२५ पेटकस्त्रिषु वृन्देऽपि गुरौ देश्ये च देशिकः ।
२४२६ खेटकौ ग्रामफलकौ धीवरेऽपि च जालिकः ॥३॥
२४२७ पुष्परेणौ च किञ्जल्कः शुल्कोऽस्त्री स्त्रीधनेऽपि च ।
२४२८ स्यात्कल्लोलेऽप्युत्कलिका वार्धकं भाववृन्दयोः ॥४॥
२४२९ करिण्यां चापि गणिका दारकौ बालभेदकौ ।
२४३० अन्धेऽप्यनेडमूकः स्याट्टङ्कौ दर्पाश्मदारणौ ॥५॥"

इति पञ्च क्षेपकाः ॥ इति कान्ताः ॥

२४३१ मयूखस्त्विट्करज्वालास्वलिबाणौ शिलीमुखौ ।
२४३२ शङ्खो निधौ ललाटास्थ्नि कम्बौ न स्त्रीन्द्रियेऽपि खम् ॥१८॥
२४३३ घृणिज्वाले अपि शिखे—

॥ इति खान्ताः ॥

नेता=नाइके । २ को नाम] पर्यङ्क १ [सामग्री । पलङ् । २ को नाम] लुब्धक १ [बाघ । व्याधा । २ को नाम] कुनै पुस्तकमा "आर्द्रायामपि लुब्धकः" यस्तो पाठ छ । त्यस्को अर्थ—'आर्द्रानक्षत्रलाई पनि लुब्धक शब्दले कहन्छ' यो हो । पेटक ७ [समुदाय । पेटारी=वट्टा । २ को नाम] देशिक ४ [गुरु—गुर्माको नाम] देशिक ७ [देशमा भयेका वस्तुको नाम] खेटक १ [[१]ग्रामविशेष । ढाल । २ को नाम] जालिक १ । ७ [माझी । जाल हाल्ने । झेली । ३ को नाम] ॥३॥ किञ्जल्क १ [फुलको धुलो । कमलको केसर । २ को नाम] शुल्क ५ [स्त्रीधन = दाइजोपेवा । महशूल । फीस । ज्याला । ४ को नाम] उत्कलिका २ [ठुलातरङ्ग । उत्कण्ठा । २ को नाम] वार्धक ३ [वुढा-वुढीपना—वार्धक्य । वुढावुढीको बथान । २ को नाम] ॥४॥ गणिका २ [हथिनी । वेश्या । २ को नाम] दारक १ (२) [१ बालक-बालिकाको नाम] दारक ७ [फोर्ने, चीर्ने व्यक्तिको नाम] अनेडमूक ७ [अन्धो । कान् नसुन्ने—लाटो । २ को नाम] टङ्क १ [घमण्ड । ढुङ्गा काटने हथियार=छिनु । २ को नाम] ॥५॥" इति पञ्चक्षेपकाः । इति कान्ताः ॥

मयूख १ [कान्ति । किरण । ज्वाला । ३को नाम] शिलीमुख १ [भ्रमर=भँवरा । बाण । २ को नाम] शङ्ख ५ [शङ्खको नाम] शङ्ख १ [९ निधिमध्यको तेस्रो शङ्खनिधि । निधारको हाड=खप्पर । २को नाम] ख ३ [इन्द्रिय । आकाश । २ को नाम] ॥१८॥ शिखा २ [किरण । ज्वाला । टुपी । ३ को नाम]इति खान्ताः॥

---

(१) खास-खेतीको वृत्ति गरेर वस्ने मानिसले पूर्ण भयेको ग्राम (गाउँ)लाई खेटक भन्दछन् ।
'खेटाश्च कर्षक ग्रामाः' वृह०

शैलवृक्षौ नगावगौ ।
२४३४ आशुगौ वायुविशिखौ शरार्कविहगाः खगाः ॥१९॥
२४३५ पतङ्गौ पक्षिसूर्यौ च पूगः क्रमुकवृन्दयोः ।
२४३६ पशवोऽपि मृगा वेगः प्रवाहजवयोरपि ॥२०॥
२४३७ परागः कौसुमे रेणौ स्नानीयादौ रजस्यपि ।
२४३८ गजेऽपि नागमातङ्गावपाङ्गस्तिलकेऽपि च ॥२१॥
२४३९ सर्गः स्वभावनिर्मोक्षनिश्चयाध्यायसृष्टिषु ।
२४४० योगः सन्नहनोपायध्यानसङ्गतियुक्तिषु ॥२२॥
२४४१ भोगः सुखे स्त्र्यादिभृतावहेश्च फणकाययोः ।
२४४२ चातके हरिणे पुंसि सारङ्गः शबले त्रिषु ॥२३॥
२४४३ कपौ च प्लवगः शापे त्वभिषङ्गः पराभवे ।
२४४४ यानाद्यङ्गे युगः पुंसि युगं युग्मे कृतादिषु ॥२४॥
२४४५ स्वर्गेषुपशुवाग्वज्रदिङ्नेत्रघृणिभूजले ।
२४४६ लक्ष्यदृष्ट्या स्त्रियां पुंसि गौर्लिङ्गं चिह्नशेफसोः ॥२५॥
२४४७ शृङ्गं प्राधान्यसान्वोश्च वराङ्गं मूर्धगुह्ययोः ।
२४४८ भगं श्रीकाममाहात्म्यवीर्ययत्नार्ककीर्तिषु ॥२६॥

॥ इति गान्ताः ॥

नग १ । अग १ [२ पर्वत । वृक्ष । २ का नाम] आशुग १ [वायु । बाण । २ को नाम] खग १ [बाण । सूर्य । पक्षी । ३ को नाम] ॥१९॥ पतङ्ग १ [पक्षी । सूर्य । पुतली । भकुण्डो । ४ को नाम] पूग १ [सुपारी । समुदाय । २ को नाम] मृग १ [हरिण । सामान्य पशु । २ को नाम] वेग १ [प्रवाह । वेग=शीघ्रगति । २ को नाम ॥२०॥ पराग १ [फुलको धूलो । बुकुवा । सामान्य धूलो । ३ को नाम] नाग १ [नाग = सर्पविशेष । हात्ती । २ को नाम] मातङ्ग १ [हात्ती । चण्डाल पोडे । २ को नाम] अपाङ्ग १ [तिलक=टीका । नेत्रको छेउ । २ को नाम] ॥२१॥ सर्ग १ [स्वभाव । दान । निश्चय । काव्यको अध्याय । सृष्टि । ५ को नाम] योग १ [तयारी=सन्नद्ध हुनु । उपाय । ध्यान । सङ्गम । युक्ति । ५ को नाम] भोग १ [सुख । कुटुम्बपोषण । सर्पको फणा । सर्पको शरीर । ४ को नाम] सारङ्ग १ [काकाकुल=पक्षी । हरिण=मृग । भ्रमर (भँवरा) । ३को नाम] सारङ्ग ७ [चित्रवर्णहुनेवस्तुको नाम] ॥२३॥ प्लवग १ [वानर । भ्याउतो । २को नाम [अभिषङ्ग १ [शाप=सराप । तिरस्कार । हार्नु । ३को नाम] युग १ [रथका-हलाका-जूवाको नाम] युग ३ [युगल=जोला=जोडा । सत्यत्रेतादि युग । २को नाम] गो १ [स्वर्ग । गोरु । किरण । वज्र । ४ को नाम] गो २ [गाई । आँखा । बाण । दिशा । वाणी । पृथिवी । जल । इन्द्रिय । जिह्वा । ९को नाम] लिङ्ग ३ [चिह्न । पुरुषेन्द्रिय । २ को नाम] ॥२५॥ शृङ्ग ३ [प्राधान्य=मुख्यता । पर्वतको टाकुरा । टुप्पो । सिङ् । ४ को नाम] वराङ्ग ३ [शिर=टाउको । स्त्रीन्द्रिय=योनि । २को

२४४९ परिघः परिघातेऽस्त्रेऽप्योघो वृन्देऽम्भसां रये ।
२४५० मूल्ये पूजाविधावर्घोऽहोदुःखव्यसनेष्वघम् ॥२७॥
२४५१ त्रिष्विष्टेऽल्पे लघुः –

॥ इति घान्ताः ॥

काचाः शिक्य मृद्भेददृग्रुजः ।
२४५२ विपर्यासे विस्तरे च प्रपञ्चः पावके शुचिः ॥२८॥
२४५३ मास्यमात्ये चात्युपधे पुंसि मेध्ये सिते त्रिषु ।
२४५४ अभिष्वङ्गे स्पृहायां च गभस्तौ च रुचिः स्त्रियाम् ॥२९॥

॥ इति चान्ताः ॥

२४५५ "प्रसन्ने भल्लुकेऽप्यच्छो गुच्छस्तवकहारयोः ।
२४५६ परिधानाञ्चले कच्छो जलप्रान्ते त्रिलिङ्गकः ॥१॥"

॥ इति क्षेपकछान्ताः ॥

२४५७ केकिताक्ष्यविहिभुजौ दन्तविप्राण्डजा द्विजाः ।
२४५८ अजा विष्णु हरच्छागाः गोष्ठाध्वनिवहा व्रजाः ॥३०॥

नाम] भग[1] ३ [लक्ष्मी (दौलत) । शोभा । इच्छा । ऐश्वर्य । पराक्रम । प्रयत्न । कीर्ति । स्त्रीन्द्रिय । भाग्य । ९ को नाम] भग १ [सूर्यको नाम] ॥ इति गान्ताः ॥

परिघ १ [परिघात=सर्वनाश । परिघनामक-मुसलाकार शस्त्र । ज्योतिषप्रसिद्ध योगविशेष । ३को नाम] ओघ १ [समूह । पानीको वेग । २को नाम] अर्घ १ [मोल । पूजाको अङ्गीभूत उपचार = अर्घ । २ को नाम] अघ ३ [पाप । दुःख । व्यसन=कुलत । ३ को नाम] ॥२७॥ लघु ७ [इष्ट=मन्परेको । सानु । छीटो (फुर्तिलो) । हलुको । ४ को नाम] ॥ इति घान्ताः ॥ काच ७ [सिका=सिकहर । काँच । नेत्ररोगविशेष (वादल) । ३ को नाम] प्रपञ्च १ [उलूटिनु । फैलिनु । ठग्नु । ३को नाम] शुचि १ ॥२८॥ [अग्नि । आषाढ महिना । परीक्षागर्दा शुद्ध-ठहरियेको (इमान्दार) मन्त्री । ३ को नाम] शुचि ७ [शुद्धवस्तु । सेतो वस्तु । २ को नाम] रुचि २ [(रुचि मनःप्रवृत्ति=मन लाग्नु) । इच्छा । किरण । कान्ति । ४ को नाम] ॥ इति चान्ताः ॥ "अच्छ १ [भालूको नाम] अच्छ ७ [स्वच्छ=निर्मलको नाम] गुच्छ १ [गुँथो=थुँगो । ३२ लुङ्हुने मोतीको हार । २ को नाम] कच्छ १ [धोती=सारी=फरियाको छेउको नाम] कच्छ ७ [जल प्रायदेश = पानी प्रशस्त भयेको स्थानको नाम] ॥१॥" इति क्षेपकछान्ताः ॥ अहिभुज् १ [मयूर । गरुड । २ को नाम]

---

(१) ऐश्वर्यस्य[1] समग्रस्य, धर्मस्य[2], यशसः[3], श्रियः[4], । (ई ६-लाई षडैश्वर्य भन्दछन्,
ज्ञान[5]-वैराग्ययो[6]श्चैव षण्णां भग इतीरणा ॥ (ई-हुनेलाई भगवान् भन्दछन्

२४५९ धर्मराजौ जिनयमौ कुञ्जो दन्तेऽपि नस्त्रियाम् ।
२४६० वलजे क्षत्रपूर्द्वारि वलजा वल्गुदर्शना ॥३१॥
२४६१ समे क्ष्मांशे रणेऽप्याजिः प्रजा स्यात् सन्ततौ जने ।
२४६२ अब्जौ शङ्खशशाङ्कौ च स्वके नित्ये निजं त्रिषु ॥३२॥

॥ इति जान्ताः ॥

२४६३ पुंस्यात्मनि प्रवीणे च क्षेत्रज्ञो वाच्यलिङ्गकः ।
२४६४ संज्ञा स्याच्चेतना नामहस्ताद्यैश्चार्थसूचना ॥३३॥

॥ इति ञान्ताः ॥

२४६५ काकेभगण्डौ करटौ गजगण्डकटी कटौ ।
२४६६ शिपिविष्टस्तु खलतौ दुश्चर्मणि महेश्वरे ॥३४॥
२४६७ देवशिल्पिन्यपि त्वष्टा दिष्टं दैवेऽपि नद्वयोः ।
२४६८ रसे कटुः कट्वकार्ये त्रिषु मत्सरतीक्ष्णयोः ॥३५॥
२४६९ रिष्टं क्षेमाशुभाभावेष्वरिष्टे तु शुभाशुभे ।
२४७० मायानिश्चलयन्त्रेषु कैतवानृतराशिषु ॥३६॥

द्विज १ [दाँत । ब्राह्मण । ब्राह्मण-क्षत्रिय-वैश्य । फुलवाटपैदाहुने-माछा-सर्प-पक्षिप्रभृति । ४ को नाम] अज १ [विष्णु । शङ्कर । बोको । ३को नाम] व्रज १ [गोठ । बाटो । समूह । ३को नाम] ॥३०॥

धर्मराज १ [बुद्ध । यमराज । २ को नाम] कुञ्ज ५ [हाथीको दाँत । लतागृह । २को नाम] वलज ३ [खेत । शहरको मूल ढोका । २ को नाम] वलजा २ [हेराई राम्रो भयेकी स्त्रीको नाम] ॥३१॥ आजि २ [सम्मजग्गा । लडाई । २को नाम] प्रजा २ [सन्तान । रैती । २ को नाम] अब्ज १ [शङ्ख । चन्द्रमा । २को नाम] अब्ज ३ [कमलको नाम] निज ७ [आत्मीय (आफ्नु) वस्तु । अविनाशी (नित्य) वस्तु । २को नाम] ॥३२॥ ॥ इति जान्ताः ॥ क्षेत्रज्ञ १ [आत्माको नाम] क्षेत्रज्ञ ७ [सिपालुको नाम] संज्ञा २ [चेतना = चेत् । बुद्धि । नाम । इशारा = सान् । ४को नाम] ॥३३॥ इति ञान्ताः ॥ करट १ [काग । हात्तीको गण्डस्थल । २को नाम] कट १ [हात्तीको गण्डस्थल । कटि (कम्मर) । २को नाम] शिपिविष्ट १ [महादेवको नाम] शिपिविष्ट ७ [खल्वाट = कपाल खुइलियेको-व्यक्ति । चर्मरोग हुने (छाला खराब भयेको) व्यक्ति । २को नाम] ॥३४॥ त्वष्टृ १ [विश्वकर्मा । सूर्य । त्वष्टा नामक प्रजापति । ३को नाम] त्वष्टृ ७ [ताच्छ्ने व्यक्तिको नाम] दिष्ठ ३ [दैव = भाग्यको नाम] दिष्ट १ [काल = समयको नाम] दिष्ट ७ [दिइयेको वस्तु । बताइयेको = आज्ञा गरियेको वस्तु । २को नाम] कटु १ [पीरोरस । १को नाम] कटु ३ [अकर्तव्यको नाम] कटु ७ [रिस गर्ने व्यक्ति । तीक्ष्ण = कडा = खरो-व्यक्ति । २को नाम] ॥३५॥ रिष्ट ३ [कल्याण । अकल्याण । पाप । नाश । ४को नाम] रिष्ट ७ [पूर्वोक्त कल्याणादि

२४७१ अयोघने शैलभृङ्गे सीराङ्गे कूटमस्त्रियाम् ।
२४७२ सूक्ष्मैलायां त्रुटिः स्त्री स्यात् कालेऽल्पे संशयेऽपि सा ॥३७॥
२४७३ आर्त्युत्कर्षाश्रयः कोटयो मूले लग्नकचे जटा ।
२४७४ व्युष्टिः फले समृद्धौ च दृष्टिर्ज्ञानेऽक्ष्णि दर्शने ॥३८॥
२४७५ इष्टिर्यागेच्छयोः सृष्टं निश्चिते बहुनि त्रिषु ।
२४७६ कष्टे तु कृच्छ्रगहने दक्षामन्दागदेषु च—॥३९॥
२४७७ पटुद्वौ वाच्यलिङ्गौ च—

॥ इति टान्ताः ॥

नीलकण्ठः शिवेऽपि च ।
२४७८ पुंसि कोष्ठोऽन्तर्जठरं कुसूलोऽन्तर्गृहं तथा ॥४०॥
२४७९ निष्ठा निष्पत्तिनाशान्ताः काष्ठोत्कर्षे स्थितौ दिशि ।
२४८० त्रिषु ज्येष्ठोऽतिशस्तेऽपि कनिष्ठोऽतियुवाल्पयोः ॥४१॥

॥ इति ठान्ताः ॥

४ चीज हुने व्यक्तिको नाम] अरिष्ट ३ [शुभ । अशुभ = खङ्गो । सूतिका गृह = सुत्केरी कोठा = कुना । ३को नाम] कूट ५ [माया = इन्द्रजाल प्रभृति । निर्विकार-स्थिर-रहने वस्तु । यन्त्र=व्याघ्रादि जानवरहरूलाई फसाउन थापिने खोर-पासो प्रभृति । छलकपट । असत्य । थुप्रो । फलाम पीटने घन । पहाडको टाकुरो । हलाको फाली हाल्नेठाऊँ । ९को नाम] ॥३६॥

त्रुटि २ [सुखुमेल । ह्रस्व अक्षरको उच्चारण गर्दा लाग्ने समयको चतुर्थांश-समय = ३ त्रसरेणुकाल । थोरै अंश । सन्देह । ४को नाम] ॥३७॥ कोटी २ (कोटि २) [धनुको टुप्पो । उत्कर्ष=कल्पनाको विस्तार = विद्वान्हरुले शास्त्रार्थमा चढाइने कोटि । कोण=कुनु । करोड संख्या । ४को नाम] जटा २ [फेद । जमेका केश (लट्टा) वेदविकृति = पद-घनपछीको जटा । जटामसी । ४को नाम] व्युष्टि २ [गरियेका कार्यको फल । समृद्धि । २को नाम] दृष्टि २ [ज्ञान । आँखा । देख्नु । ३को नाम] ॥३८॥ इष्टि २ [यज्ञ । इच्छा । २को नाम] सृष्ट ३ [निश्चयको नाम] सृष्ट ७ [सृष्टिगरियेको = वनाइयेको । धेरै वस्तु । २को नाम] कष्ट ३ [तकलीफको नाम] कष्ट ७ [कष्टदायक । दुर्गमवस्तु । २को नाम] पटु ७ [सिपालु । जाँगरिया । नीरोग । ३को नाम] द्वौ वाच्यलिङ्गौ च (कष्ट-पटुशब्द अर्थविशेषले विशेष्यनिघ्न पनि छन्) ॥ इति टान्ताः ॥ नीलकण्ठ १ [महादेव । मयूर । नीलकण्ठ पक्षी । ३को नाम] ॥ कोष्ठ १ [पेटको भित्रीभाग । भकारी = कोठा । ३को नाम] ॥४०॥ निष्ठा २ [उत्पत्ति । नाश = हराउनु । अन्त=खतंहुनु=सकिनु । ३को नाम] काष्ठा २ [उन्नति । मर्यादा । दिशा । १८ निमेषको काल । ४को नाम] ज्येष्ठ १ [ज्येष्ठ

२४८१ दण्डोऽस्त्री लगुडेऽपि स्याद् गुडो गोलेक्षुपाकयोः ।
२४८२ सर्पमांसात्पशू व्याडौ गोभूवा च स्त्रिवडा इलाः ॥४२॥
२४८३ क्ष्वेडा वंशशलाकापि नाडी नालेऽपि षट्क्षणे ।
२४८४ काण्डोऽस्त्री दण्डबाणार्ववर्गावसरवारिषु ॥४३॥
२४८५ स्याद्भाण्डमश्वाभरणेऽमत्रे मूलवणिग्धने ।

॥ इति डान्ताः ॥

२४८६ भृशप्रतिज्ञयोर्बाढं प्रगाढं भृशकृच्छ्रयोः ॥४४॥
२४८७ शक्तस्थूलौ त्रिषु दृढौ व्यूढौविन्यस्त संहतौ ।

॥ इति ढान्ताः ॥

२४८८ भ्रूणोऽर्भके स्त्रैणगर्भे बाणो बलिसुते शरे ॥४५॥
२४८९ कणोऽतिसूक्ष्मे धान्यांशे संघाते प्रमथे गणः ।
२४९० पणो द्यूतादिषूत्सृष्टे भृतौ मूल्ये धनेऽपि च ॥४६॥

१ [ज्येष्ठ महिनाको नाम] ज्येष्ठ ७ [जेठो । श्रेष्ठ । २को नाम] कनिष्ठ ७ [कान्छो । अतिसानु । अतिथोरै । ३को नाम] ॥४१॥॥ इति ठान्ताः ॥

दण्ड ५ [लहुरो । दण्ड = सजाय । सूर्यका पारिपार्श्विकदेवताविशेष । ३को नाम] दण्ड १ [१ घडीको समयको नाम] गुड १ [डल्लो । गुड = चाकु । २को नाम] व्याड १ [सर्प । मासुखाने-व्याघ्रवृकादि-पशु । २को नाम] इडा २, इला २ [२ गाई । भूमि । वाणी । बुधकी स्त्री । ४का नाम] ॥४२॥ क्ष्वेडा २ [वाँसका सिन्का, कप्टेरा । सिंहनाद । २को नाम] क्ष्वेड १ [विषको नाम] नाडी २ [डांठ । १ घडीको समय । रोगपरीक्षागर्न वैद्यले हेरिने नाडी । ३को नाम] काण्ड ५ [लहुरो । बाण । खराव ? । खण्ड = आँख्ला । मौका । पानी । ६को नाम] ॥४३॥ भाण्ड ३ [घोडाको साज । भाँडा । व्यापारीको मूलधन = साऊँ=डोको । ३को नाम] ॥ इति डान्ताः ॥ बाढ ३ [अत्यन्त=खूव । प्रतिज्ञावचन = हाँ-हो । २को नाम] 'पठ पाठ्यं साधु, न चेत् बाढं लज्जितः स्याः (पढनु पर्ने कुरा राम्रोगरी पढ, नत्र खूव लज्जित हुनेछस्) 'जानासि काशीं पुरीम् ? (काशीपुरीलाई जान्दछौ ?) बाढम्, अध्यवात्सं बहूनि वर्षाणिताम्' (हाँ, वसेको थियें धेरै वर्ष त्यहाँ) इत्यादि रूपले वाढ शब्दको प्रयोग देखिन्छ । अर्जुन-भीष्महरु प्रतिज्ञाले प्रसिद्ध भये भन्दा "अर्जुनभीष्मादयः बाढेन प्रसिद्धा आसन्" यस्तो हुँदैन,—'प्रतिज्ञया प्रसिद्धा आसन्' यस्तो हुन्छ । प्रगाढ ३ [अत्यन्त । मुश्कील । २को नाम] दृढ ७ [समर्थ । बलीयो । २ को नाम] व्यूढ ७ [राखियेको । व्याहगरियेको । बटुलियेको । गाँठियेको । ४को नाम]॥ इति ढान्ताः ॥ भ्रूण १ [बालक । गर्भ । २को नाम] बाण १ [बाणासुर । बाण । २को नाम] ॥४५॥ कण १ [अतिसानु हिस्सा । कनिका । २को नाम] गण १ [समूह । देवता प्रभृतिको डप्फा । २को नाम] पण १ [जूवाको थपनी । ज्याला । मोल ।

२४९१ मौर्व्यां द्रव्याश्रिते सत्त्वशौर्यसन्ध्यादिके गुणः ।
२४९२ निर्व्यापारस्थितौ कालविशेषोत्सवयोः क्षणः ॥४७॥
२४९३ वर्णो द्विजादौ शुक्लादौ स्तुतौ वर्णं तु वाऽक्षरे ।
२४९४ अरुणो भास्करेऽपि स्याद्वर्णभेदेऽपि च त्रिषु ॥४८॥
२४९५ स्थाणुः शर्वोऽप्यथ द्रोणः काकेऽप्याजौ रवे रणः ।
२४९६ ग्रामणीर्नापिते पुंसि श्रेष्ठे ग्रामाधिपे त्रिषु ॥४९॥
२४९७ ऊर्णा मेषादिलोम्नि स्यादावर्ते चान्तरा भ्रुवोः ।
२४९८ हरिणी स्यान्मृगी हेमप्रतिमा हरिता च या ॥५०॥
२४९९ त्रिषु पाण्डौ च हरिणः स्थूणा स्तम्भेऽपि वेश्मनः ।
२५०० तृष्णे स्पृहापिपासे द्वे जुगुप्साकरुणे घृणे ॥५१॥
२५०१ वणिक्पथे च विपणिः सुरा प्रत्यक् च वारुणी ।
२५०२ करेणुरिभ्यां स्त्री नेभे द्रविणं तु बलं धनम् ॥५२॥
२५०३ शरणं गृहरक्षित्रोः श्रीपर्णं कमलेऽपि च ।
२५०४ विषाभिमरलोहेषु तीक्ष्णं क्लीबे खरे त्रिषु ॥५३॥

धन । पैसा । ५को नाम] गुण १ [धनुको ताँदो । रूपरसादि गुण । सत्त्वरजतम ई ३ गुण । शौर्यधैर्य प्रभृति सद्गुण । सन्धि-विग्रह-यान-आसन-द्वैध-आश्रय नामक नीतिगुण । अ ए ओ इन्को संज्ञा । ६को नाम] क्षण १ [फुर्सद । १० पला समय । उत्सव । ३को नाम] वर्ण ७ [ब्राह्मण-क्षत्रियादि । शुक्लरक्तादि । स्तुति । ३को नाम] वर्ण ५ [अक्षरको नाम] अरुण १ [सूर्य । सूर्यका सारथि । रातोवर्ण । ३को नाम] अरुण ७ [रातोवर्णहुने वस्तुको नाम] ॥४८॥ स्थाणु १ [शङ्करजी । मूढो = टिम्बा । २को नाम] द्रोण १ [द्रोणपरिमाण = १६ पाथी । काग । पाण्डवगुरु = द्रोणाचार्य । ३को नाम] रण १ [अवाजको नाम] रण ५ [लडाईको नाम] ग्रामणी १ [नाउ = हजाम १को नाम] ग्रामणी ७ [श्रेष्ठ व्यक्ति । ग्रामाधिपति (द्वारे = जिम्मीदार) । को नाम] ॥४९॥ ऊर्गा २ [भेडाप्रभृतिको रउँ = ऊन । आँखिभौंका माझको रउँको भुँवरी । २को नाम] हरिणी २ [मृगी । सुवर्णप्रतिमा । हरियोवर्णहुने स्त्री व्यक्ति । ३को नाम] ॥५०॥ हरिण १ [मृग । पाण्डुवर्ण । २को नाम] हरिण ७ [पाण्डुवर्णहुने वस्तुको नाम] स्थूणा २ [घरको स्तम्भ=थाम । लोहप्रतिमा । २को नाम] तृष्णा २ [इच्छा । तिर्खा=प्यास । २को नाम] घृणा २ [दया । घीन । २को नाम] ॥५१॥ विपणि २ [बजार । बेच्ने वस्तु । पसल=दूकान । ३को नाम] वारुणी २ [मदिरा । पश्चिमदिशा । २को नाम] करेणु १ [हथिनीको नाम] करेणु १ [हाथीको नाम] द्रविण ३ [बल । धन । २को नाम] ॥५२॥ शरण ३ [घर । रक्षक । २को नाम] श्रीपर्ण ३ [गिनेरी=वनौषधिविशेष । कमल । २को नाम] तीक्ष्ण ३ [विष । लडाई । फलाम । ३को नाम] तीक्ष्ण ७ [तीखो । खरो । अतितातो । ३को नाम] ॥५३॥

२५०५ प्रमाणं हेतु मर्यादाशास्त्रेयत्ता प्रमातृषु ।
२५०६ करणं साधकतमं क्षेत्रगात्रेन्द्रियेष्वपि ॥५४॥
२५०७ प्राण्युत्पादे संसरणयसंबाधचमूगतौ ।
२५०८ घण्टापथेऽथ वान्तान्ने समुग्दिरण मुन्नये ॥५५॥
२५०९ अतस्त्रिषु—विषाणं स्यात्पशुश्रृङ्गे भदन्तयोः ।
२५१० प्रवणं क्रमनिम्नोर्व्योर्व्यां प्रह्वे ना तु चतुष्पथे ॥५६॥
२५११ संकीर्णौ निचिताशुद्धाविरिणं शून्यमूषरम् ।
२५१२ "सेतौ च वरणो वेणी नदीभेदे कचोच्चये ॥"

॥ इति णान्ताः ॥

२५१३ देवसूर्यौ विवस्वन्तौ सरस्वन्तौ नदार्णवौ ॥५७॥
२५१४ पक्षिताक्ष्यौं गरुत्मन्तौ शकुन्तौ भासपक्षिणौ ।
२५१५ अग्न्युत्पातौ धूमकेतू जीमूतौ मेघपर्वतौ ॥५८॥
२५१६ हस्तौ तु पाणिनक्षत्रे मरुतौ पवनामरौ ।
२५१७ यन्ता हस्तिपके सूते भर्ता धातरि पोष्टरि ॥५९॥
२५१८ यानपात्रे शिशौ पोतः प्रेतः प्राण्यन्तरे मृते ।
२५१९ ग्रहभेदे ध्वजे केतुः पार्थिवे तनये सुतः ॥६०॥

प्रमाण ३ [हेतु (अग्निको ज्ञापक धुँवाझै, कुनै वस्तुको ज्ञापक) । मर्यादा (थिति) । शास्त्र । इयत्ता (यत्ति भन्ने ठेगान) । जान्ने । ५को नाम] करण ३ [करण = कारणको सहाय । खेत । शरीर । इन्द्रिय । ४को नाम ॥५४॥ संसरण ३ [वरावर जन्मनु मर्नु । घुइँचो नपारेर खुकुलोसंग फौज हिडनु । मूलवाटो । ३को नाम] समुग्दिरण ३=समुद्धरण ३ [छादेको अन्न । उचाल्नु । उगेल्नु । ३को नाम] ॥५५॥ विषाण ७ [पशुको सिङ् । हाथीको दाँत । २को नाम] प्रवण ७ [क्रमैसँग ढलुवा भयेको स्थान=वह्रालो । नम्र । तत्पर । ३को नाम] प्रवण १ [चौवाटाको नाम] ॥५६॥ संकीर्ण ७ [मिसियेको । ढाकियेको । २को नाम] इरिण ७ [शून्य स्थान= सन्नाटा । नुनिलो माटो भयेको स्थान=ऊषर भूमि । २को नाम] "वरण १ पर्खाल । पूल= साँघु । सिप्लिकान । ३को नाम] वरण ३ [वरणगर्नु = रोज्नु = छान्नुको नाम] वेणी २ [वेणीनदी । नदीको सानु जलप्रवाह । चुल्ठो । ३को नाम]" ॥इति णान्ताः॥ विवस्वत् १ [देवता । सूर्य । २को नाम] सरस्वत् १ [नद । समुद्र । २को नाम] ॥५७॥ गरुत्मत् १ [सामान्य पक्षी । गरुड । २को नाम] शकुन्त १ [कुखुरा-जस्तो= भासनामक पक्षी । साधारण पक्षी । २को नाम] धूमकेतु १ [अग्नि । पुच्छ्रेतारो । २को नाम] जीमूत १ [मेघ । पर्वत । २को नाम] ॥५८॥ हस्त १ [हात । हस्तानक्षत्र । २को नाम] मरुत् १ [बतास । देवता । २को नाम] यन्तृ १ [माहुते । सारथि । २को नाम] यन्तृ ७ [नियामक=खटन गर्नेको नाम] भर्तृ ७ [धारण गर्ने । पोषण गर्ने । २को नाम] भर्तृ १ [पतिको १ नाम] ॥५९॥ पोत १ [ड़ङ्गा । बालक । २को नाम] प्रेत १ [पिशाचको नाम] प्रेत ७ [मरेका व्यक्ति-

२५२० स्थपतिः कारुभेदेऽपि भूभृद्भूमिधरे नृपे ।
२५२१ मूर्धाभिषिक्तो भूपेऽपि ऋतुः स्त्रीकुसुमेऽपि च ॥६१॥
२५२२ विष्णावप्यजिताव्यक्तौ सूतस्त्वष्टरि सारथौ ।
२५२३ व्यक्तः प्राज्ञेऽपि दृष्टान्ता वुभौ शास्त्रनिदर्शने ॥६२॥
२५२४ क्षत्ता स्यात् सारथौ द्वाःस्थे क्षत्रियायां च शूद्रजे ।
२५२५ वृत्तान्तः स्यात् प्रकरणे प्रकारे कात्स्न्यवार्तयोः ॥६३॥
२५२६ आनर्तः समरे नृत्यस्थाननीवृद्विशेषयोः ।
२५२७ कृतान्तो यमसिद्धान्तदैवाकुशलकर्मसु ॥६४॥
२५२८ श्लेष्मादि रसरक्तादि महाभूतानि तद्गुणाः ।
२५२९ इन्द्रियाण्यश्मविकृतिः शब्दयोनिश्च धातवः ॥६५॥

को नाम] केतु १ [केतुग्रह[1]। ध्वजा=झण्डा । २को नाम] सुत १ [राजा । छोरो । २को नाम] ॥६०॥

स्थपति १ [वास्तुशास्त्रमा पारङ्गत भयेको कारीगर। बृहस्पतिसवनाम भयेको—सर्वस्वदान गर्नु पर्ने महायज्ञगर्ने सकस । श्रेष्ठव्यक्ति । ३को नाम] भूमृत् १ [पर्वत । राजा । २को नाम] मूर्धाभिषिक्त १ [राजा । प्रधान मन्त्री । क्षत्रिय । ३को नाम] ऋतु १ [स्त्रीको रज । वसन्तादि ऋतु । २को नाम] ॥६१॥ अजित १ [विष्णुभगवान्को नाम] अजित ७ [जित्न नशकियेको व्यक्तिको नाम] अव्यक्त १ [विष्णुभगवान्को नाम] अव्यक्त ७ [अस्पष्टको नाम] सूत १ [कारीगर । सारथि । २को नाम] व्यक्त १ [पण्डितको नाम] व्यक्त ७ [स्पष्टको नाम] दृष्टान्त १ [दृष्टान्त = उदाहरण । शास्त्र । २को नाम] ॥६२॥ क्षत्तृ १ [सारथि । ढोके=पाले । क्षत्रियकन्यामा शूद्रवाट जन्मेको सन्तान । ३को नाम] वृत्तान्त १ [मौका । प्रकार (भाव = सत्ता = वस्तुधर्म) । पूर्णता । हालखबर । ४को नाम] आनर्त १ [लडाई । नाचने स्थान = रङ्गभूमि । देशविशेष=द्वारका प्रान्त । ३ को नाम] कृतान्त १ [यमराज । निर्णय गरियेको कुरा । दैव । दुष्कर्म । ४को नाम] धातु १ [कफ-वात-पित्त ई ३ । रस-रक्त-मांस-मेद-

---

(१) केतुग्रहको-पूजनादि-गर्दा केतु धेरै-हुनाले 'केतुभ्योनमः' इत्यादि-रूपले बहुवचनान्तै प्रयोग-गर्नु-पर्दछ भनि कर्मकाण्डी-पण्डितहरू हुल्लड मचाउँछन् । वास्तवमा-ता "कोही मुनिहरू एकसये एक (१०१) केतु छन् भन्दछन्, कोही हजार (१०००) छन् भन्दछन् । नारद-महर्षि-भने यौटै-केतु वहुरूपी भयेको छ भन्दछन्" यस्तो-तात्पर्य-भयेको-बृहत्संहिताको वचनको आधार मानेर रूपभेदको विवक्षाले 'केतुभ्यो नमः' यस्तो-प्रयोग गरे-पनि हुन्छ, भेदविवक्षा नगरेर 'केतवे नमः' यस्तो-प्रयोग-गरे-पनि हुन्छ ।

शतमेकाधिकमेके सहस्रमपरे वदन्ति केतूनाम् ।
वहुरूपमेकमेव प्राह मुनिर्नारदः केतुम् ॥ [बृहत्संहिता]

२५३० कक्षान्तरेऽपि शुद्धान्तो नृपस्यासर्वगोचरे ।
२५३१ कासूसामर्थ्ययोः शक्तिर्मूर्तिः काठिन्यकाययोः ॥६६॥
२५३२ विस्तारवल्ल्योर्व्रततिर्वसती रात्रिवेश्मनोः ।
२५३३ क्षयार्चयोरपचितिः सातिर्दानावसातयोः ॥६७॥
२५३४ अर्तिः पीडाधनुष्कोट्यो र्जातिः सामान्यजन्मनोः ।
२५३५ प्रचारस्पन्दयो रीतिरीतिर्डिम्बप्रवासयोः ॥६८॥
२५३६ उदयेऽधिगमे प्राप्तिस्त्रेता त्वग्नित्रये युगे ।
२५३७ वीणाभेदेऽपि महती भूतिर्भस्मनि संपदि ॥६९॥
२५३८ नदीनगर्योर्नागानां भोगवत्यथ सङ्गरे ।
२५३९ सङ्गे सभायां समितिः क्षयवासावपि क्षितिः ॥७०॥
२५४० रवेरर्चिश्च शस्त्रं च वह्निज्वाला च हेतयः ।
२५४१ जगती जगति च्छन्दो विशेषेऽपि क्षितावपि ॥७१॥

अस्थि-मज्जा-शुक्र ई ७। पृथ्वी-जल-तेज-वायु-आकाश ई ५ महाभूत । भूतगुण=गन्ध-रस-रूप-स्पर्श-शब्द ई ५ । इन्द्रिय । पाषाणविकार=गेरु-हरिताल-मनःशिला इत्यादि । शब्दप्रकृति=भू सत्तायाम्, एध वृद्धौ, इत्यादि व्याकरणप्रसिद्ध धातु । ई ७ को नाम] ॥६५॥

शुद्धान्त १ [राजाको भित्रियेढोका (डेउढी)। खोपी । २को नाम] शक्ति २ [वर्छी । सामर्थ्य । २को नाम] मूर्ति २ [काठिन्य=साह्रोपना । शरीर । २को नाम] ॥६६॥ व्रतति २ [फैलावट । लहरा । २को नाम] वसति २ [रात्रि । घर । २को नाम] अपचिति २ [क्षय=घट्नु । पूजा = सत्कार । २को नाम] साति २ [दान = दिनु । समाप्ति=सकिनु । २को नाम] ॥६७॥ अर्ति २ (आर्ति २) [पीडा=तकलीफ । धनुको टुप्पो । २को नाम] जाति २ [गोत्त्वादि जाति । जन्म । २को नाम] रीति २ [चाल=चलन । पितल । वग्नु । साहित्य-प्रसिद्ध वैदर्भीपाञ्चाल्यादि रीति । ४को नाम] ईति २ [६ प्रकारका देशोपद्रव[1] । प्रवास=हिडाई । २को नाम] ॥६८॥ प्राप्ति २ [उत्त्पत्ति । लाभ । २को नाम] त्रेता २ [दक्षिणाग्नि-गार्हपत्य-आहवनीय ई ३ अग्नि । त्रेतायुग । २को नाम] महती २ [नारदमुनिकी वीणाको नाम] महत् ७ [ठुलावस्तुको नाम] भूति २ [खरानी । संपत्ति । २को नाम] ॥६९॥ भोगवती २ [पातालकी नागनगरी । पातालगङ्गा । २को नाम] समिति २ [लडाई । सङ्गम । सभा । ३को नाम] क्षिति २ [क्षय=घट्नु । वास=वसाई । पृथिवी । ३को नाम] ॥७०॥ हेति २ [सूर्य-

---

(१) अतिवृष्टि १, अनावृष्टि २, मूसा ३, सलह ४, सुगा ५, समीपवर्ती (छिमेकी) राजा ६, ई ६ ईति नामक देशोपद्रव हुन् ।

अतिवृष्टिरनावृष्टिर्मूषकाः शलभाः शुकाः ।
अत्यासन्नाश्च राजानः षडेता ईतयः स्मृताः ॥

२५४२ पङ्क्तिश्छन्दोऽपि दशमं स्यात् प्रभावेऽपि चायतिः ।
२५४३ पत्तिर्गतौ च मूले तु पक्षतिः पक्षभेदयोः ॥७२॥
२५४४ प्रकृतिर्योनिलिङ्गे च कैशिक्याद्याश्च वृत्तयः ।
२५४५ सिकताः स्युर्वालुकाऽपि वेदे श्रवसि च श्रुतिः ॥७३॥
२५४६ वनिता जनितात्यर्थानुरागायां च योषिति ।
२५४७ गुप्तिः क्षितिव्युदासेऽपि धृतिर्धारणधैर्ययोः ॥७४॥
२५४८ बृहती क्षुद्रवार्ताकी छन्दोभेदे महत्यपि ।
२५४९ वासिता स्त्रीकरिण्योश्च वार्ता वृत्तौ जनश्रुतौ ॥७५॥
२५५० वार्तं फल्गुन्यरोगे च त्रिष्वप्सु च घृतामृते ।
२५५१ कलधौतं रूप्यहेम्नोर्निमित्तं हेतुलक्ष्मणोः ॥७६॥
२५५२ श्रुतं शास्त्रावधृतयोर्युगपर्याप्तयोः कृतम् ।
२५५३ अत्याहितं महाभीतिः कर्म जीवानपेक्षि च ॥७७॥

किरण । शस्त्र=हथियार । अग्निज्वाला । ३को नाम] जगती २ [जगत्=लोक । १२ अक्षरको १ पाउहुने छन्दोविशेष । पृथिवी । ३को नाम] ॥७१॥

पङ्क्ति २ [लश्कर=लहर । १० अक्षरको १ पाउहुने छन्द । दश संख्या । ३को नाम] आयति २ [१ सामर्थ्य । उत्तरकाल=फलप्राप्तिसमय । २को नाम] पत्ति २ [हिडनु । प्यादा = सिपाही । ३ घोडा, १ रथ, १ हाथी, ५ प्यादाको समूहरूप क्षुद्रसेना । ३को नाम] पक्षति २ [पखेटाको फेद । परेवातिथि । २को नाम] ॥७२॥ प्रकृति २ [योनि । लिङ्ग । माया । ३को नाम] वृत्ति २ [२ नाटयशास्त्रमा प्रसिद्ध भयेका कैशिकी-भारती-सात्वती-आरभटी नामक ४ वृत्ति । जीवनवृत्ति । व्याकरणप्रसिद्ध, कृत्तद्धित समासैकशेषसनाद्यन्त धातुरूप नामक ५ वृत्ति । योगशास्त्रप्रसिद्ध प्रमाण-विपर्यय-विकल्प-निद्रा-स्मृतिरूप ५ चित्तवृत्ति । सूत्रको व्याख्यान । चालचलन । ६को नाम] सिकता २ [बालुवा भयेको ठाउँ । २को नाम] श्रुति २ [वेद । कान । सुन्नुक्रिया । ३को नाम] वनिता २ [प्रेमवती स्त्री । साधारण स्त्री । २को नाम] गुप्ति २ [पृथिवीको खाडल । रक्षागर्नुं । लुकाउनु । ३को नाम] धृति २ [धारणगर्नुं । धैर्य । २को नाम] ॥७४॥ बृहती २ [बिही । ९ अक्षरको १ पाउ हुने छन्द । ठुली स्त्री व्यक्ति । ३को नाम] बृहत् ७ [ठुलो वस्तुको नाम] वासिता २ [स्त्री (पोथी) । हथिनी । २को नाम] वासित ३ [पक्षीका अवाजको नाम] वासित ७ वासेका(करायेका)कुखुरा प्रभृतिको नाम] वार्ता २ [जीवनवृत्ति । हालखवर । २को नाम] ॥७५॥ वार्त ७ [तुच्छ = चुत्थो । रोग छुटेको व्यक्ति । २को नाम] घृत ३ [घिउ । पानी । २को नाम] अमृत ३ [अमृत । पानी । २को नाम] कलधौत ३ [चाँदी । सुवर्ण । २को नाम] निमित्त ३ [कारण । चिह्न । २को नाम] ॥७६॥ श्रुत ३ [शास्त्रको नाम] श्रुत ७ [सुनियेका कुराको नाम] कृत ३ [सत्ययुगको नाम] कृत ७ [गरियेकाको नाम] कृतम् ८ [पुग्यो भन्ने कुरा बुझाउने शब्द] जस्तै—कृतं कृतं ते तपसा महर्षे ! (हेमहर्षे ! तिम्रा तपस्याले अलं भयो = अब तपस्या

२५५४ युक्ते क्ष्मादावृते भूतं प्राण्यतीते समे त्रिषु ।
२५५५ वृत्तं पद्ये चरित्रे त्रिष्वतीते दृढनिस्तले ॥७८॥
२५५६ महद्राज्यं चावगीतं जन्ये स्याद्गर्हितं त्रिषु ।
२५५७ श्वेतं रूप्येऽपि रजतं हेम्नि रूप्ये सिते त्रिषु ॥७९॥
२५५८ त्रिष्वतो जगदिङ्गेऽपि रक्तं नील्यादि रागि च ।
२५५९ अवदातः सिते पीते शुद्धे बद्धार्जुनौ सितौ ॥८०॥
२५६० युक्तेऽतिसंस्कृते मर्षिण्यभिनीतोऽथ संस्कृतम् ।
२५६१ कृत्रिमे लक्षणोपेतेऽप्यनन्तोऽनवधावपि ॥८१॥
२५६२ ख्याते हृष्टे प्रतीतोऽभिजातस्तु कुलजे बुधे ।
२५६३ विविक्तौ पूतविजनौ मूर्च्छितौ मूढसोच्छ्रयौ ॥८२॥
२५६४ द्वौ चाम्लपरुषौ शक्तौ शिती धवलमेचकौ ।
२५६५ सत्ये साधौ विद्यमाने प्रशस्तेऽभ्यर्हिते च सत् ॥८३॥
२५६६ पुरस्कृतः पूजितेऽरात्यभियुक्ते ऽग्रतः कृते ।
२५६७ निवातावाश्रयावातौ शस्त्राभेद्यं च वर्म यत् ॥८४॥

गर्नु पर्दैन पुग्यो पुग्यो)। अत्याहित ३ [ठुलो डर। मरुला भन्ने डर नमानेर गरेको उग्रकर्म। २को नाम] ॥७७॥

भूत ३ [मुनासीव। पृथिवी-जल-तेज-वायु-आकाश ई ५ तत्त्व। प्राणी। साचो। ४को नाम] भूत ७ [भइसकेको। तुल्य। २को नाम] वृत्त ३ [पद्य = छन्दोबद्ध-वाक्य। चरित्र। २को नाम] वृत्त ७ [भइसकेको। बलीयो। बाटुलो। रहेको। ४को नाम] ॥७८॥ महत् ३ [राज्यको नाम] महत् ७ [ठुलाको नाम] अवगीत ३ [लोकापवादको नाम] अवगीत ७ [निन्दित = खरावको नाम] श्वेत १ [श्वेतवर्णको नाम] श्वेत ३ [चाँदीको नाम] श्वेत ७ [सेतावस्तुको नाम] रजत ३ [सुन्। चाँदी। २को नाम] रजत ७ [सेतावस्तुको नाम]॥७९॥ अतः त्रिषु (अवडप्रान्तका तान्तवर्गसमाप्तिसम्मका शब्द तिनै लिङ्गमा रहेका छन्)। जगत् ७ [चलवस्तुको नाम] जगत् ३ [तत्तत् लोकका नाम] रक्त ७ [रँगाइयेको। प्रेमीभयेको। २को नाम] अवदात ७ [सेतोवस्तु। पहेलोवस्तु। शुद्धवस्तु। ३को नाम] सित ७ [बाँधियेको। सेतोवस्तु। २को नाम] ॥८०॥ अभिनीत ७ [मुनासीव भयेको। खूव सप्रेको। सहिष्णु। ३को नाम] संस्कृत ७ [बनाइयेको = सुधारियेको। शास्त्रले शुद्ध गरियेको। २को नाम] अनन्त ७ [अन्त्य नपाइने वस्तुको नाम] अनन्त १ [शेषनागको नाम] अनन्त ३ [आकाशको नाम] ॥८१॥ प्रतीत ७ [प्रसिद्ध। प्रसन्न। २को नाम] अभिजात ७ [कुलीन = खान्दानी। विद्वान्। २को नाम] विविक्त ७ [पवित्र। एकान्तमा रहेको। २को नाम] मूर्छित ७ [मूर्छापरेको। बढेको। २को नाम] शुक्त ७ [अमिल्यायेको। सुकायेको। २को नाम] शिति ७ [सेतो। कालो। २को नाम] सत् ७ [साँचो = सत्य। सन्त। असल। रही रहने। माननीय। ५को नाम] ॥८३॥ पुरस्कृत ७ [मानियेको। शत्रुले चढाई गरियेको। अघिसारियेको।

२५६८ जातोन्नद्धप्रवृद्धाः स्युरुच्छ्रिता उत्थितास्त्वमी ।
२५६९ वृद्धिमत्प्रोद्यतोत्पन्ना आदृतौ सादरार्चितौ ॥८५॥

॥ इति तान्ताः ॥

२५७० अर्थोऽभिधेयरैवस्तुप्रयोजननिवृत्तिषु ।
२५७१ निपानागमयोस्तीर्थमृषिजुष्टे जले गुरौ ॥८६॥
२५७२ समर्थस्त्रिषु शक्तिस्थे सम्बद्धार्थे हितेऽपि च ।
२५७३ दशमीस्थौ क्षीणरागवृद्धौ वीथीपदव्यपि ॥८७॥
२५७४ आस्थानी यत्नयोरास्था प्रस्थोऽस्त्री सानुमानयोः ।
२५७५ "शास्त्र द्रविणयोर्ग्रन्थः संस्थाधारे स्थितौ मृतौ ॥"

॥ इति थान्ताः ॥

२५७६ अभिप्रायवशौ छन्दावब्दौ जीमूतवत्सरौ ॥८८॥
२५७७ अपवादौ तु निन्दाज्ञे दायादौ सुतबान्धवौ ।
२५७८ पादा रश्म्यङ्घ्रितुर्यांशाश्चन्द्राग्न्यर्कास्तमोनुदः ॥८९॥

३को नाम] निवात ७ [आश्रयणगरियेको । हावा नभयेको । हथियारले छेडन नशकिने कवच । ३को नाम] ॥८४॥

उच्छ्रित ७ [उत्पन्न भयेको । चढेको = वढेको । ठाडो भयेको । अग्लो । ४को नाम] उत्थित ७ [उठेको = उन्नतितर्फ लागेको । तयारभयेको । उत्पन्न भयेको । ३को नाम] आदृत ७ [आदर गर्ने । आदर गरिने । २को नाम] ॥ इति तान्ताः ॥८५॥ अर्थ १ [शब्दवाट बुझिनेवस्तु(अर्थ) । धन । वस्तु = सामान्य चीज । प्रयोजन (मतलव) । कतैवाट हट्नु = निवृत्ति । ५को नाम] तीर्थ ३ [निपान (इनारका अगलवगलमा पानी अड्याइराख्न वनायेको जलाशय = खाल्डो । पानीघाट = पँद्यारो । शास्त्र । ऋषिमुनिले स्नानसन्ध्यागरिने जलाशय । गुरु । ५को नाम] ॥८६॥ समर्थ ७ [सालर्थ्यवान् = शक्तिशाली । परस्पर सम्बन्धभयेका समासयोग्य पद । हितकारी । ३को नाम] दशमीस्थ ७ [विरक्त=वैराग्यवान् । बूढो । २को नाम] वोथी २ [वाटो । लश्कर=पङ्क्ति । नाटकविशेष । ३को नाम] ॥८७॥ आस्था २ [सभा । प्रयत्न । प्रतिज्ञा । आदर । ४को नाम] प्रस्थ ५ [पर्वतको टाकुरो । प्रस्थपरिमाण = १ पाथी । २को नाम] ग्रन्थ १ [शास्त्र । धन= गुठिला=गठरी । २को नाम] संस्था २ [आधार=कुनै असल-अथवा खराव काम गर्ने ठाउँ । थिती । मरण । ३को नाम] ॥ इति थान्ताः ॥ छन्द १ [अभिप्राय= मन्साय । अधीन । २को नाम] अब्द १ [मेघ । संवत्सर । २को नाम] ॥८८॥ अपवाद १ [निन्दा । आज्ञा=विशेषवचन । २को नाम] दायाद १ [पुत्र । बान्धव । २को नाम] पाद १ [किरण । खुट्टा । चौथाई=१ पाउ । ३को नाम] तमोनुद १ [चन्द्रमा । अग्नि । सूर्य । ३को नाम] ॥८९॥

२५७९ निर्वादो जनवादेऽपि शादो जम्बाल शष्पयोः ।
२५८० सारावे रुदिते त्रातर्याक्रन्दो दारुणे रणे ।।९०।।
२८८१ स्यात्प्रसादोऽनुरागेऽपि सूदः स्याद्व्यञ्जनेऽपि च ।
२५८२ गोष्ठाध्यक्षेऽपि गोविन्दो हर्षेऽप्यामोदवन्मदः ।।९१।।
२५८३ प्राधान्ये राजलिङ्गे च वृषाङ्गे ककुदोऽस्त्रियाम् ।
२५८४ स्त्री संविज्ज्ञानसंभाषाक्रियाकाराजि नामसु ।।९२।।
२५८५ धर्मे रहस्युपतिषत्स्यादृतौ वत्सरे शरत् ।
२५८६ पदं व्यवसितत्राणस्थानलक्ष्माङ्घ्रिवस्तुषु ।।९३।।
२५८७ गोष्पदं सेविते माने प्रतिष्ठा कृत्यमास्पदम् ।
२५८८ त्रिष्विष्टमधुरौ स्वादू मृदू चातीक्ष्णकोमलौ ।।९४।।
२५८९ मूढाल्पापटुनिर्भाग्या मन्दाः स्युर्द्वौ तु शारदौ ।
२५९० प्रत्यग्राप्रतिभौ विद्वत्सुप्रल्भौ विशारदौ ।।९५।।

।। इति दान्ताः ।।

२५९१ व्यामो वटश्च न्यग्रोधा वुत्सेधः कायउन्नतिः ।
२५९२ पर्याहारश्च मार्गश्च विवधौ वीवधौ च तौ ।।९६।।

निर्वाद १ [लोकापवाद=वदनामी । निर्णयगरियेको कुरा । २को नाम] शाद १ [हिलो । घाँस=तृण । २को नाम] आक्रन्द १ [रुनुकराउनु । रक्षक । भयानक लडाईको घमासानी । ३को नाम] ।।१०।। प्रसाद १ [प्रेम । प्रसन्नता । निर्मलता । वाक्य सुन्दासुन्दैमा तुरन्त अर्थवोध गराउने काव्यगुण । ४को नाम] सूद १ व्यञ्जन=तिहुन्-तर्कारी-अचार-इत्यादि भोजनोपकरण । भान्से । २को नाम] गोविन्द १ [गोठको मालिक । कृष्णभगवान् । २को नाम] आमोद १ [हर्ष । असलवास्ना । २को नाम] मद १ [हर्ष । घमण्ड । हाथीप्रभृतिको मद । वीर्य । ४को नाम] ।।९१।। ककुद ५ [मुख्यत्व=प्रधानता । छत्रचामरादि राजचिह्न । साँढेको जुरो । ३को नाम] संविद् २ [ज्ञान । वातचीत । कामगर्ने मतो । लडाई । ४को नाम] ।।९२।। उपनिषद् २ [धर्म । रहस्य=गोप्यकुरा । वेदको ज्ञानकाण्ड । ३को नाम] शरद् २ [शरद्ऋतु । संवत्सर । २को नाम] पद ३ [उदद्योग । रक्षा । स्थान । चिह्न । पाउ । वस्तु । सुप्तिङन्त । ७को नाम] गोष्पद ३ [गाईका-पाइलाको-डोवकिलो । गाई-चरने स्थान=गोचर । २को नाम] आस्पद ३ [इज्जत(दर्जा) । काम । २को नाम] स्वादु ७ [मन्परेको । गुलियो । मीठो । ३को नाम] मृदु ७ [नरम=कमलो । ठण्डा । २को नाम] ।।९४।। मन्द ७ [मूर्ख । थोरै=अलिअलि । जुम्सो । अभागो । ४को नाम] शारद् ७ [नयाँ । अधृष्ट । २को नाम] विशारद ७ [पण्डित । धृष्ट । २को नाम] ।।९५।। इति दान्ताः ।। न्यग्रोध १ [तेस्र्यायेका २ हात वरावरको लमाईं । वटवृक्ष(वर) । २को नाम] उत्सेध १ [शरीर । ऊचाई । २को नाम] विवध १, वीवध १ [खर्पन । बाटो । इन्द्रिय स्थिर गर्ने ध्यानादि उपाय । ३को नाम] ।।९६।।

२५९३ परिधिर्यज्ञियतरोः शाखायामुपसूर्यके ।
२५९४ बन्धकं व्यसनं चेतःपीडाधिष्ठानमाधयः ॥९७॥
२५९५ स्युः समर्थननीवाकनियमाश्च समाधयः ।
२५९६ दोषोत्पादेऽनुबन्धः स्यात् प्रकृत्यादिविनश्वरे ॥९८॥
२५९७ मुख्यानुयायिनि शिशौ प्रकृतस्यानुवर्तने ।
२५९८ विधुर्विष्णौ चन्द्रमसि परिच्छेदे बिलेऽवधिः ॥९९॥
२५९९ विधिर्विधाने दैवेऽपि प्रणिधिः प्रार्थने चरे ।
२६०० बुधवृद्धौ पण्डितेऽपि स्कन्धः समुदयेऽपि च ॥१००॥
२६०१ देशे नदविशेषेऽब्धौ सिन्धुर्ना सरितिस्त्रियाम् ।
२६०२ विधा विधौ प्रकारे च साधु रम्येऽपि च त्रिषु ॥१०१॥
२६०३ वधूर्जाया स्नुषा स्त्री च सुधा लेपोऽमृतं स्नुही ।
२६०४ सन्धा प्रतिज्ञा मर्यादा श्रद्धा संप्रत्ययः स्पृहा ॥१०२॥
२६०५ मधु मद्ये पुष्परसे क्षौद्रेऽप्यन्धं तमस्यपि ।
२६०६ अतस्त्रिषु समुन्नद्धौ पण्डितम्मन्यगर्वितौ ॥१०३॥

परिधि १ [यज्ञिय (यज्ञोपयोगी) वृक्षको हाँगा । परिवेष (सूर्य र चन्द्रमा प्रभृतिको घेरा) । २को नाम] आधि १ [ऋणलिंदा राखिने बन्धक । कुलत । मनोव्यथा । राख्ने स्थान । ४को नाम] ॥९७॥ समाधि १ [समाधान = शङ्काको निराकरण । मौनभाव । कबूल । योगको अन्तिम अवस्था । ४को नाम] अनुबन्ध १ [दोषको उत्पत्तिविशेष । प्रकृति-प्रत्ययको विनाशी अंश = लोपहुने इत्संज्ञक वर्ण । मुख्यको पछिलाग्ने (पुछर लाग्ने=पछ्याउने) बालक प्रभृति । चलायेको काम चलाउनु । ४को नाम] चोरीरूप दुष्कर्म भयेपछी असत्यभाषणरूप दोष नभई रहदैन, असत्यभाषण चोरीको अनुबन्ध हो । मद्यपान भयेपछी आचारभ्रंश नभई रहदैन, आचारभ्रंश मद्यपानको अनुबन्ध हो । इत्यादि ॥९८॥ विधु १ [विष्णु । चन्द्रमा । २को नाम] अवधि १ [अवधि = मियाद । प्वाल । २को नाम] ॥९९॥ विधि १ [गर्नु । विधिविधान । ब्रह्मा । दैव=भाग्य । ४को नाम] प्रणिधि १ [प्रार्थना गर्नु । चर=चेवा=जासूस । ३को नाम] बुध १ [पण्डित । बुधग्रह । २को नाम] बृद्ध ७ [पण्डित । बूढो । २को नाम] स्कन्ध १ [समुदाय । काँध । काप= हाँगाफाटने ठाउँ । ३को नाम] ॥१००॥ सिन्धु १ [सिन्धदेश । सिन्धनद । समुद्र । ३को नाम] सिन्धु २ [नदीको नाम] विधा २ [विधिविधान । विधि=तरीका । २को नाम] साधु ७ [परोपकारी । राम्रो । असल । ३को नाम] ॥१०१॥ वधू २ [आफ्नी स्त्रो । बुहारी । सामान्य स्त्री । दुलही । ४को नाम] सुधा २ [चून । अमृत । सिहुँडी । ३को नाम] सन्धा २ [प्रतिज्ञा । मर्यादा=थिती । २को नाम] श्रद्धा २ [राम्रोपत्यार । इच्छा । २को नाम] ॥१०२॥ मधु ५ [मदिरा । फुलको रस । मह । ३को नाम] मधु १ [चैत्रमहिनाको नाम] अन्ध ३ [अन्धकारको नाम] अन्ध ७ [अन्धा (नेत्रहीन)को नाम] समुन्नद्ध ७ [पण्डितम्मन्य (आफुलाई

२६०७ ब्रह्मबन्धुरधिक्षेपे निर्देशेऽथावलम्बितः ।
२६०८ अविदूरोऽप्यवष्टब्धः प्रसिद्धौ ख्यातभूषितौ ॥१०४॥

॥ इति धान्ताः ॥

२६०९ सूर्यवह्नी चित्रभानू भानू रश्मिदिवाकरौ ।
२६१० भूतात्मानौ धातृदेहौ मूर्खनीचौ पृथग्जनौ ॥१०५॥
२६११ ग्रावाणौ शैलपाषाणौ पत्रिणौ शरपक्षिणौ ।
२६१२ तरुशैलौ शिखरिणौ शिखिनौ वह्निबर्हिणौ ॥१०६॥
२६१३ प्रतियत्नावुभौ लिप्सोपग्रहावथ सादिनौ ।
२६१४ द्वौ सारथिहयारोहौ वाजिनोऽश्वेषुपक्षिणः ॥१०७॥
२६१५ कुलेऽप्यभिजनो जन्मभूम्यामप्यथ हायनः ।
२६१६ वर्षार्चिर्व्रीहिभेदाश्च चन्द्राग्न्यर्का विरोचनाः ॥१०८॥
२६१७ केशेऽपि वृजिनो विश्वकर्मार्कसुरशिल्पिनोः ।
२६१८ आत्मा यत्नो धृतिर्बुद्धिः स्वभावो ब्रह्म वर्ष्म च ॥१०९॥

पण्डित ठान्ने लण्ठ) । घमण्डी । २को नाम] ॥१०३॥

ब्रह्मबन्धु ७ [ब्राह्मणको निन्दा गर्दा प्रयोग गरिने शब्द । ब्राह्मणको निर्देश । २को नाम] ॥(क)॥ अवष्टब्ध ७ [थामियेको (समातियेको) । नगीचको । २को नाम] प्रसिद्ध ७ [प्रख्यात भइसकेको । सिँगारियेको । २को नाम] ॥१०४॥ इति धान्ताः ॥ चित्रभानु १ [सूर्य । अग्नि । २को नाम] भानु १ [किरण । सूर्य । २को नाम] भूतात्मन् १ [ब्रह्मा । शरीर । २को नाम] पृथग्जन १ [मूर्ख । नीच । २को नाम ॥१०५॥ ग्रावन् १ [पर्वत । ढुङ्गो । २को नाम] पत्रिन् १ [बाण । पक्षी । २को नाम] शिखरिन् १ [वृक्ष । पर्वत । २को नाम] शिखिन् १ [अग्नि । मयूर । २को नाम] ॥१०६॥ प्रतियत्न १ [मन्सुवा । गुणाधान (संस्कार) । २को नाम] सादिन् १ [सारथि । घोडसवार । २को नाम] वाजिन् १ [घोडा । बाण । पक्षी । ३को नाम] ॥१०७॥ अभिजन १ [खान्दान । जन्मभूमि । पुर्खाहरुवसेको अवस्थल । ३को नाम] हायन ५ [वर्षको नाम] हायन १ [तेज-किरण । धानविशेष । २को नाम] विरोचन १ [चन्द्रमा । अग्नि । सूर्य । ३को नाम] ॥१०८॥ वृजिन १ [केश=रउँको नाम]

(क) साधारण-निन्दा-वुझाउने-ब्रह्मबन्धु-शब्द शिष्टप्रयोगानुसार केवलजातिमात्रले-ब्राह्मण-भयेको-ब्राह्मणोचित-धर्मनहुने-अधमब्राह्मणलाई भन्नु-पर्दा प्रयोग-गरिन्छ—

यद् ब्रह्मबन्धोः शिर आततायिनः, गाण्डीवमुक्तैर्विशिखैरुपाहरे [भागवत]

यहाँ 'आततायी-ब्राह्मणाधम (काठो)-अश्वत्थामाको शिर गाण्डीवधनुबाट-छुटेका-वाणले काटेर ल्याउँछु' भन्दा जातिपुरस्कार-गरेर (जात उट्केर) ब्राह्मणनिन्दागरेको स्पष्ट बुझिन्छ । ब्रह्मबन्धु-शब्द उपलक्षक हो, जातिपुरस्कार-गरेर-निन्दा-गर्दा क्षत्रियलाई क्षत्र-बन्धु भनेर प्रयोग-गरेको पनि देखिन्छ 'किं नु स्यात् क्षत्त्रबन्धुभिः' [भागवत]

२६१९ शक्रो घातुकमत्तेभो वर्षुकाब्दो घनाघनः ।
२६२० अभिमानोऽर्थादिदर्पेऽज्ञाने प्रणयहिंसयोः ॥११०॥
२६२१ घनोमेघे मूर्तिगुणे त्रिषु मूर्ते निरन्तरे ।
२६२२ इनः सूर्ये प्रभौ राजा मृगाङ्के क्षत्रिये नृपे ॥१११॥
२६२३ वाणिन्यौ नर्तकीदूत्यौ स्रवन्त्यामपि वाहिनी ।
२६२४ ह्लादिन्यौ वज्रतडितौ वन्दायामपि कामिनी ॥११२॥
२६२५ त्वग्देहयोरपि तनुः सूनाऽधोजिह्विकाऽपि च ।
२६२६ क्रतुविस्तारयोरस्त्री वितानं त्रिषु तुच्छके ॥११३॥
२६२७ मन्देऽथ केतनं कृत्ये केतावुपनिमन्त्रणे ।
२६२८ वेदस्तत्त्वं तपो ब्रह्म ब्रह्मा विप्रः प्रजापतिः ॥११४॥
२६२९ उत्साहने च हिंसायां सूचने चापि गन्धनम् ।
२६३० आतञ्चनं प्रतीवापजवनाप्यायनार्थकम् ॥११५॥

वृजिन ३ [पापको नाम] वृजिन ७ [कुटिल=वाङ्गोको नाम] विश्वकर्मन् १ [सूर्य । देवताको कारीगर। २को नाम] आत्मन् १ [यत्न=कोशोस। धैर्य। धारण। बुद्धि। स्वभाव। ब्रह्म। जीव। शरीर। ८को नाम]॥१०९॥

घनाघन१[इन्द्र। मत्तायेको खूनी हात्ती। वर्षने मेघ। ३को नाम] अभिमान १ [धनप्रभृतिले भयेको घमण्ड। अज्ञान। प्रेम। हिंसा। ४को नाम]॥११०॥ घन १ [मेघको नाम] घन ७ [साह्रो। बाक्लो। २को नाम] इन १ [सूर्य। मालीक। २को नाम]राजन् १ [चन्द्रमा। क्षत्रिय। राजा। ३को नाम]॥१११॥ वाणनी २[नाचने स्त्री। दूती (स्त्रीपुरुषको परस्पर समाचार ओसार्ने स्त्री)। २को नाम] वाहिनी २ [नदी। सामान्य सेना। विशेष सेना[1]। ३को नाम] ह्लादिनो २ [वज्र। विजुली। २को नाम] कामिनी २ [ऐझेरु। कामदेव पूर्णभयेकी स्त्री। २को नाम]॥११२॥ तनु २ [छाला। बोक्रो। शरीर। ३को नाम] तनु ७ [सानु=मसीनुको नाम] सूना २ [लिगलिगे। वधस्थान[2]। २को नाम] वितान ५ [यज्ञ। विस्तार। चँदुवा। ३को नाम] वितान ७ [शून्य=सन्नाटा। तुच्छ (निस्तेज=चुत्थो)। मूर्ख। ३को नाम]॥११३॥ केतन ३ [कार्य। ध्वजा। संकेत। निमन्त्रण। ४को नाम] ब्रह्मन् ३ [वेद। चैतन्य। तपस्या। ब्रह्म। ४को नाम] ब्रह्मन् १ [ब्राह्मण। ब्रह्मा। २को नाम]॥११४॥ गन्धन ३ [उत्साहन (सुरघ्याउनु)। हिंसा। छुल्याईं गर्नु। ३को नाम] आतञ्चन ३ [जोरन् (दूदप्रभृति जमाउँदा हालिनेवस्तु)। वेग (लम्कनु)। तृप्तपार्नु। ३को नाम]॥११५॥

---

(१) वाहिनी-भनेकी-सेना कति हो भनि जान्नलाई क्षत्रियवर्गको ८० श्लोक हेर ।

(२) गृहस्थका घरमा-,चूह्लो, सिलौटो, जाँतो प्रभृति,-गृहोपकरण, ढिकी, जलकुम्भ (गग्रेटो), यति ५ वधस्थान हुन्छन् ।

पञ्च सूना गृहस्थस्य चुल्ली पेषण्युपस्करः ।
कण्डनी चोदकुम्भश्च बध्यते यास्तु वाहयन् ॥ [मनु]

२६३१ व्यञ्जनं लाञ्छनं श्मश्रुनिष्ठानावयवेष्वपि ।
२६३२ स्यात्कौलीनं लोकवादे युद्धे पश्वहिपक्षिणाम् ॥११६॥
२६३३ स्यादुद्यानं निःसरणे वनभेदे प्रयोजने ।
२६३४ अवकाशे स्थितौ स्थानं क्रीडादावपि देवनम् ॥११७॥
२६३५ उत्थानं पौरुषे तन्त्रे सन्निविष्टोद्गमेऽपि च ।
२६३६ व्युत्थानं प्रतिरोधे च विरोधाचरणेऽपि च ॥११८॥
२६३७ मारणे मृतसंस्कारे गतौ द्रव्येऽर्थदापने ।
२६३८ निर्वर्तनोपकरणानुव्रज्यासु च साधनम् ॥११९॥
२६३९ निर्यातनं वैरशुद्धौ दाने न्यासार्पणेऽपि च ।
२६४० व्यसनं विपदि भ्रंशे दोषे कामजकोपजे ॥१२०॥
२६४१ पक्ष्माक्षिलोम्नि किञ्जल्के तन्त्वाद्यंशेऽप्यणीयसि ।
२६४२ तिथिभेदे क्षणे पर्व वर्त्म नेत्रच्छदेऽध्वनि ॥१२१॥

व्यञ्जन ३ [चिह्न । दाह्री-जुंघा । तिहुन् तर्कारी अचार प्रभृति भोजनोपकरण । गोप्य अङ्ग (भग-लिङ्ग]। ४को नाम] कौलीन ३ [लोकापवाद । पशु-पक्षि-सर्पहरुको जुद्ध । कुलीनको कर्म । ३को नाम] ॥११६॥ उद्यान ३ [निस्कनु (फुस्कनु)। वघैचा । प्रयोजन (मतलव)। ३को नाम] स्थान ३ [ठाउँ । रहनु । २को नाम] देवन ३ [क्रीडा (खेल्नु)। व्यवहार । जित्नाको इच्छा । प्रकाशमान हुनु । स्तुति गर्नु । खुशी हुनु । शेखी गर्नु । सुत्नु । इच्छा गर्नु । हिड्नु । १०को नाम] ॥११७॥ उत्त्थान ३ [पुरुषार्थ (उन्नति) । तन्त्र (कुटुम्ब पोषण—घरगृहस्थी) । उठनु । ३को नाम] व्युत्त्थान ३ [रोकावट । विरुद्ध कुराको उठान । विरोधाचरण । अन्तर्मुख भयेका चित्तलाई बहिर्मुख गराउनु । ४को नाम] ॥११८॥ साधन ३ [मार्नु । मरेकाको संस्कार गर्नु । हिंड्नु । घन । धन दिलाउनु=सधाउनु=तिराउनु । कार्य सिद्ध गर्नु । मद्दत दिनु । पछि लाग्नु । पुरुषेन्द्रिय । [९को नाम] ॥११९॥ निर्यातन ३ [वैरशुद्धि (शत्रुका अपकारको साटो फेर्नु)। दिनु । नासो राखेको वस्तु त्यस्का धनीलाई बुझाइदिनु । ३को नाम] व्यसन ३ [विपत्ति । नाश । कामज दोष[1] । क्रोधजदोष[2] । ४को नाम] ॥१२०॥

---

(१) शिकार[1], जूवा[2], दिन[3]निद्रा, पर[4]दोषकीर्तन, स्त्रीलम्पटता[5], मदिरादिनशा[6], नृत्यगीतवाद्य[7][8][9]-लम्पटता, वृथाभ्रमण[10] ।

(२) छुल्याइं[1], साहस[2] (अविचारको काम), द्रोह[3], ईर्ष्या[4], असूया[5], अर्थदूषण[6], वाक्पारुष्य[7], दण्डपारुष्य[8] ।

(१) मृगयाक्षोदिवास्वप्नः परिवादः स्त्रियोमदः ।
तौर्यत्रिकं वृथाटया च कामजो दशको गणः ॥
(२) पैशुन्यं साहसं द्रोह ईर्ष्याऽसूयाऽर्थदूषणम् ।
वाग्दण्डजं च पारुष्यं क्रोधजोऽपि गणोष्टकः ॥ [मनु]

२६४३ अकार्यगुह्ये कौपीनं मैथुनं संगतौ रते ।
२६४४ प्रधानं परमात्मा धीः प्रज्ञानं बुद्धिचिह्नयोः ॥१२२॥
२६४५ प्रसूनं पुष्पफलयोर्निधनं कुलनाशयोः ।
२६४६ क्रन्दने रोदनाह्वाने वर्ष्मदेहप्रमाणयोः ॥१२३॥
२६४७ गृहदेहत्विट्प्रभावा धामान्यथ चतुष्पथे ।
२६४८ सन्निवेशे च संस्थानं लक्ष्म चिह्नप्रधानयोः ॥१२४॥
२६४९ आच्छादने संपिधानमपवारणमित्युभे ।
२६५० आराधनं साधने स्यादवाप्तौ तोषणेऽपि च ॥१२५॥
२६५१ अधिष्ठानं चक्रपुरप्रभावाध्यासनेष्वपि ।
२६५२ रत्नं स्वजातिश्रेष्ठेऽपि वने सलिलकानने ॥१२६॥
२६५३ तलिनं विरले स्तोके वाच्यलिङ्गं तथोत्तरे ।
२६५४ समानाः सत्समैके स्युः पिशुनौ खलसूचकौ ॥१२७॥
२६५५ हीनन्यूनावूनगर्ह्यौ वेगिशूरौ तरस्विनौ ।
२६५६ अभिपन्नोऽपराद्धोऽभिग्रस्तव्यापद्गतावपि ॥१२८॥

॥ इति नान्ताः ॥

पक्ष्मन् ३ [परेला । कमलको केसर । अतिसानु-धागाप्रभृतिको अंश । ३को नाम] पर्वन् ३ [औंसी-पूर्णिमा-संक्रान्तिप्रभृति पुण्यतिथि । उत्सव । उखुप्रभृतिका आँख्ला । ३को नाम] वर्त्मन् ३ [आँखाढाक्ने-परेला उम्रेको २पट्टीको छाला । बाटो । २को नाम] ॥१२१॥ कौपीन ३ [पापकर्म । गुह्य (गोप्यअङ्ग) । लँगौटी । ३को नाम] मैथुन ३ [स्त्रीपुरुषको सम्बन्ध । सुरत । २को नाम] प्रधान ३ [परमात्मा । बुद्धि । प्रकृति(माया) । ३को नाम] प्रज्ञान ३ [बुद्धि । चिह्न (पहिचान) । २को नाम] ॥१२२॥ प्रसून ३ [फूल । फल । २को नाम] निधन ३ [कुल । नाश । २को नाम] क्रन्दन ३ [रुनु । बोलाउनु (चिच्याउनु) । २को नाम] वर्ष्मन् ३ [शरीर । प्रमाण (लम्बाई-चौडाई-ऊचाई-नीचाईप्रभृति) । २को नाम] ॥१२३॥ धामन् ३ [घर । शरीर । कान्ति (तेज) । प्रताप । ४को नाम] संस्थान ३ [चौवाटो । सन्निवेश (वसाई = विन्यास) । २को नाम] लक्ष्मन् ३ [चिह्न । मुख्य । २को नाम] ॥१२४॥ आच्छादन ३ [ढाक्नु । छेक्नु । २को नाम] आराधन ३ सिद्धगर्नु । पाउनु । खुशीपार्नु । सेवागर्नु । ४को नाम] ॥१२५॥ अधिष्ठान ३ [पाङ्ग्रो । शहर । प्रताप । रहनेठाँउ । अध्यक्षहुनु । दखलगर्नु । वस्नु । ७को नाम] रत्न ३ [हीराप्रभृति मणि । आफ्ना जातमा सर्वोत्तम । २को नाम] वन ३ [पानी । जङ्गल । २को नाम] ॥१२६॥ तलिन ३ [विरल (अलिअलि=पातलो) । अलीकति (थोरै) । २को नाम] समान ७ [असल । तुल्य । एकै । ३को नाम] पिशुन ७ [दुर्जन । छुल्याहा । २को नाम] ॥१२७॥ हीन ७, न्यून ७ [२ कम्ती । कंसल् । २का नाम] तरस्विन् ७ [वेगवान् । शूर । २को नाम] अभिपन्न ७ [अपराधगर्ने । शत्रुले पिरियेको । आपद्ग्रस्त । ३को नाम] ॥१२८॥ इति नान्ताः ॥

२६५७ कलापो भूषणे बर्हे तूणीरे संहतावपि ।
२६५८ परिच्छदे परीवापः पर्युप्तौ सलिलस्थितौ ॥१२९॥
२६५९ गोधुग्गोष्ठपती गोपौ हरविष्णू वृषाकपी ।
२६६० बाष्पमूष्माश्रु कशिपु त्वन्नमाच्छादनं द्वयम् ॥१३०॥
२६६१ तल्पं शय्याट्टदारेषु स्तम्बेऽपि विटपोऽस्त्रियाम् ।
२६६२ प्राप्तरूपस्वरूपाभिरूपा बुधमनोज्ञयोः ॥१३१॥
२६६३ भेद्यलिङ्गा अमी कूर्मो वीणाभेदश्च कच्छपी ।
२६६४ "कुतपो मृगरोमोत्थपटे चाह्नोऽष्टमेंऽशके ॥"

॥ इति पान्ताः ॥

२६६५ रवर्णे पुंसि रेफः स्यात् कुत्सिते वाच्यलिङ्गकः ॥१३२॥

॥ इति फान्ताः ॥

२६६६ अन्तराभवसत्त्वेऽश्वे गन्धर्वो दिव्यगायने ।
२२६७ कम्बुर्ना वलये शङ्खे द्विजिह्वौ सर्पसूचकौ ॥१३३॥
२६६८ पूर्वोऽन्यलिङ्गः प्रागाह पुंबहुत्वेऽपि पूर्वजान् ।

॥ इति बान्ताः ॥

कलाप १ [गहना। मयूरको प्वांख। ठोक्रो। समुदाय। ४को नाम] परीवाप १ (परिवाप १) [परिच्छद (उपकरण=सर्जाम)। विउ रोप्नु छर्नु। मुण्डन गर्नु। जलपात्र। पानीमा राख्नु (ढड्याउनु)। ५को नाम] ॥१२९॥ गोप १ [ग्वाला। गोठको मालीक। २को नाम] वृषाकपि १ [शङ्कर। विष्णु। २को नाम] बाष्प ३ [वाफ। आँसु। २को नाम] कशिपु ५ [अन्न-वस्त्र दुवै (खानु-लाउनु २)को नाम] ॥१३०॥ तल्प ५ [खाट = पलङ् = वच्छ्यान। अटारी (कौसी)। स्वास्नी (पत्नी)। ३को नाम] विटप ५ [बुटो = झाङ्। हाँगा। २को नाम] प्राप्तरूप ७, स्वरूप ७, अभिरूप ७ [३ पण्डित। सुन्दर। २का नाम] ॥१३१॥ कच्छपी २ [कछुवा (ठोटरि)की पोथी। सरस्वतीकी वीणा(❀)। "कुतप १ [मृग (भेडा-च्यांग्राप्रभृति पशु)हरुका रऊँले बनेको वस्त्र। दिनका ८ भागको अन्तिम भाग। २को नाम]" ॥ इति पान्ताः ॥ रेफ १ [रेफ ('र')-को नाम] रेफ ७ [खराव = घटियाको नाम] ॥१३२॥ इति फान्ताः ॥ गन्धर्व १ [यातनाशरीर(पापको भोग गर्नाका निमित्त पाइने शरीर=लिङ्गशरीर)। घोडा। गन्धर्वदेवता। गायक (गवैया)। पशुविशेष। ५को नाम] कम्बु १ [बाला। शङ्ख। २को नाम] द्विजिह्व १ [सर्प। छुल्याहा। २को नाम] ॥१३३॥ पूर्व ७ [पूर्वतिरको

(❀) विश्वावसुनामक-गन्धर्वकी-वीणाको नाम बृहती, तुम्वुरुगन्धर्वकी-वीणाको नाम कलावती, नारदमुनिकी-वीणाको-नाम महती, सरस्वतीकी-वीणाको नाम कच्छपी, हो।

विश्वावसोस्तु बृहती तुम्बुरोस्तु कलावती ।
महती नारदस्याऽथ सरस्वत्यास्तु कच्छपी ॥

२६६९ कुम्भौ घटेभमूर्धांशौ डिम्भौ तु शिशुबालिशौ ॥१३४॥
२६७० स्तम्भौ स्थूणाजडीभावौ शम्भू ब्रह्मत्रिलोचनौ ।
२६७१ कुक्षिभ्रूणार्भका गर्भा विस्रम्भः प्रणयेऽपि च ॥१३५॥
२६७२ स्याद्भेर्यां दुन्दुभिः पुंसि स्यादक्षे❀ दुन्दुभिः स्त्रियाम् ।
२६७३ स्यान्महारजने क्लीबं कुसुम्भं करके पुमान् ॥१३६॥
२६७४ क्षत्रियेऽपि च नाभिर्ना सुरभिर्गवि च स्त्रियाम् ।
२६७५ सभा संसदि सभ्ये च त्रिष्वध्यक्षेऽपि वल्लभः ॥१३७॥

॥ इति भान्ताः ॥

२६७६ किरणप्रग्रहौ रश्मी कपिभेकौ प्लवङ्गमौ ।
२६७७ इच्छामनोभवौ कामौ शौर्योद्योगौ पराक्रमौ ॥१३८॥
२६७८ धर्माः पुण्ययमन्यायस्वभावाचारसोमपाः ।
२६७९ उपायपूर्व आरम्भ उपधा चाप्युपक्रमः ॥१३९॥

वस्तु । पहिलो=अघिल्लो । २को नाम] पूर्व १ [पूर्वज(बाबूबराज्यूहरू)को नाम] यो शब्द यो-अर्थमा पुंलिङ्गी-बहुवचनान्त छ ॥ इति बान्ताः ॥

कुम्भ १ [घडा। हात्तीको गण्डस्थल। २को नाम] डिम्भ १ [बालक । मूर्ख । २को नाम] ॥१३४॥ स्तम्भ १ [थाम । अकडिनु । २को नाम] शम्भु १ [ब्रह्मा । शङ्कर ।२को नाम] गर्भ १ [कोखो । माझ । गर्भ । बालक । ४को नाम] विस्रम्भ १ (विश्रम्भ १)[प्रेम। विश्वास। २को नाम]॥१३५॥दुन्दुभि १ [दुन्दुभि(कर्नाल बाजा)को नाम] दुन्दुभि २ [पासा(अर्थात् खेल्ने पाशाको २।२ फुट्टीको ३ संख्या = ६ फुट्टी अर्थात् छकडादाउ)को नाम] कुसुम्भ ३ [कुसुम (पुष्पविशेष)को नाम] कुसुम्भ १ [कमण्डलु = करुवा = झारीको नाम] ॥१३६॥ नाभि १ [क्षत्रियविशेष (आग्नीध्रराजपुत्र)। मुख्यराजाको नाम] नाभि ४ [नाइटाको नाम] नाभि २ [कस्तूरीका नाभिको नाम] सुरभि २ [गाई । कामधेनु । २को नाम] सुरभि १ [वसन्तऋतु । सुगन्ध । २को नाम] सुरभि ७ [सुगन्धिवस्तुको नाम] सभा २ [सभा । सभावासीहरू । घर । ३को नाम] बल्लभ ७ [अध्यक्ष = मालीक । प्यारो । २को नाम] ॥ इति भान्ताः ॥ रश्मि १ [किरण । घोडाप्रभृतिको लगाम । साधारण डोरी । ३को नाम] प्लवङ्गम १ [वानर। भ्याउतो । २को नाम] काम १ [इच्छा । कामदेव । २को नाम] पराक्रम १ [पराक्रम=शौर्य=बहादुरी । उद्योग । २को नाम] ॥१३८॥ धर्म १ [यमराज । सोमयज्ञगर्ने । २को नाम] धर्म ५ [न्याय = इन्साफ । स्वभाव=अग्निको दाहकत्त्वजस्तो स्थिर प्रकृति। सदाचार। पुण्य । ४को नाम] उपक्रम १ [उपायको उपयोग गरिकन कार्यको आरम्भ गर्नु । मन्त्री-सेनापतिप्रभृतिको गुप्तपरीक्षा । २को नाम] ॥१३९॥

---

(१) 'अक्षे=विन्दुत्रिकद्वये' यस्तो व्याख्यागरेर टीकाकार स्वामी-मुकुट प्रभृतिले 'छकडापरिदिनाले द्रौपदी हारियिन्' यो आशयको 'दुन्दुभ्या किल तत् कृतं पतितया यद्द्रौपदी हारिता' यो उदाहरण दियेको छ ।

२६८० वणिक्पथः पुरं वेदो निगमो नागरो वणिक् ।
२६८१ नैगमौ द्वौ बले रामो नीलचारुसिते त्रिषु ॥१४०॥
२६८२ शब्दादिपूर्वो वृन्देऽपि ग्रामः क्रान्तौ च विक्रमः ।
२६८३ स्तोमः स्तोत्रेऽध्वरे वृन्दे जिह्मस्तु कुटिलेऽलसे ॥१४१॥
२६८४ "उष्णेऽपि घर्मश्चेष्टालङ्कारे भ्रान्तौ च विभ्रमः ।"
२६८५ गुल्मा रुक्स्तम्बसेनाश्च जामिः स्वसृकुलस्त्रियोः ।
२६८६ क्षिन्तिक्षान्त्योः क्षमा युक्ते क्षमं युक्ते हिते त्रिषु ॥१४२॥
२६८७ त्रिषु श्यामौ हरित्कृष्णौ श्यामा स्याच्छारिवा निशा ।
२६८८ ललामं पुच्छपुण्ड्राश्वभूषाप्राधान्यकेतुषु ॥१४३॥
२६८९ सूक्ष्ममध्यात्ममप्याद्ये प्रधाने प्रथमस्त्रिषु ।
२६९० वामौ वल्गु प्रतीपौ द्वावधमौ न्यूनकुत्सितौ ॥१४४॥

निगम १ [बजार । बेपार । शहर । वेद । ४को नाम] नैगम ७ [नगर-निवासी । वनियाँ = व्यापारी । २को नाम] राम १ [श्रीराम—। परशुराम । बलराम । ३को र मृगविशेषको नाम] राम ७ [नीलो । राम्रो । सेतो । ३को नाम] ॥१४०॥ग्राम १ [समुदाय । गाउँ । २को नाम] ग्रामशब्दका-अगाडी 'शब्द' आदि-गरेका शब्द राखियेका छन् भनेमात्रै समुदाय-भन्ने अर्थ बुझिन्छ, खाली ग्रामशब्द राख्ता गाउँ भन्ने अर्थमात्र वुझिन्छ, 'शब्दको-समुदाय-भन्दा-'शब्दग्रामः', गुणको-समुदाय-भन्दा 'गुणग्रामः' हुन्छ । इत्यादि । विक्रम १ [हिडनु । पराक्रम । २को नाम] स्तोम १ [स्तुति । यज्ञ । समुदाय । ३को नाम] जिह्म ७ [बाङ्गो । अल्छी । २को नाम] ॥१४१॥ "घर्म १ [गर्मी । पसीना । २को नाम] विभ्रम १ [स्त्रीहरुको चेष्टारूपी अलङ्कार = हाउभाउ । भ्रान्ति । शोभा । विलास । ४को नाम]" गुल्म १ [गुल्मरोग=गोलाको व्यथा । स्तम्ब=गुच्छ=थुँगो=गुँथो । सेनाविशेष❀ । ३को नाम] जामि २ [दिदी·वहिनी । कुलको स्त्री । २को नाम] क्षमा २ [पृथिवी । क्षमा=माफ। २को नाम] क्षम ३ [मुनासीव=ठीकको नाम] क्षम ७ [समर्थ । हितकारी । २को नाम] ॥१४२॥ श्याम ७ [हरियो । कालो । २को नाम] श्यामा २ [शारिवा= दूदकोसी । रात्रि । १६ वर्षकी युवति । ३को नाम] लालाम ३ ललामन् [२ पुछर । घोडाहरुका निधारको जन्मसिद्ध चिह्न=तारो । घोडाको साज । घोडा । मुख्य=श्रेष्ठ। ध्वजा । ६को नाम] ॥१४३॥ सूक्ष्म ३, अध्यात्म ३ [२ सूक्ष्म(लिङ्ग)शरीर*का नाम] सूक्ष्म ७ [मसीनु=सानुको नाम] प्रथम ७ [पहिलो । मुख्य । २को नाम] वाम ७ [राम्रो । उल्टो । देउरे । ३को नाम] अधम ७ [कम । खराव । २को नाम] ॥१४४॥

(❀) सेनाविशेष-गुल्मको-परिचय क्षत्रियवर्गको ८० श्लोक हेरेर गर्नु-पर्दछ ।

(*) मन-बुद्धि-१० इन्द्रिय-५ प्राण, इन्का समुदायले तयार-हुने-शरीरलाई सूक्ष्म(लिङ्ग)शरीर भन्दछन् ।

२६९१ जीर्णं च परिभुक्तं च यातयाममिदं द्वयम् ।

॥ इति मान्ताः ॥

२६९२ तुरङ्गगरुडौ तार्क्ष्यौ निलयापचयौ क्षयौ ॥१४५॥
२६९३ श्वशुर्यौ देवरश्यालौ भ्रातृव्यौ भ्रातृजद्विषौ ।
२६९४ पर्जन्यौ रसदब्देन्द्रौ स्यादर्यः स्वामिवैश्ययोः ॥१४६॥
२६९५ तिष्यः पुष्ये कलियुगे पर्यायोऽवसरे क्रमे ।
२६९६ प्रत्ययोऽधीनशपथज्ञानविश्वासहेतुषु ॥१४७॥
२६९७ रन्ध्रे शब्देऽथानुशयो दीर्घद्वेषानुतापयोः ।
२६९८ स्थूलोच्चयस्त्वसाकल्ये नागानां मध्यमे गते ॥१४८॥
२६९९ समयाः शपथाचारकालसिद्धान्तसंविदः ।
२७०० व्यसनान्यशुभं दैवं विपदित्यनयास्त्रयः ॥१४९॥
२७०१ अत्ययोऽतिक्रमे कृच्छ्रे दोषे दण्डेऽप्यथाऽऽपदि ।
२७०२ युद्धायत्योः संपरायः पूज्यस्तु श्वशुरेऽपि च ॥१५०॥
२७०३ पश्चादवस्थायि बलं समवायश्च सन्नयौ ।
२७०४ संघाते सन्निवेशे च संस्त्यायः प्रणयास्त्वमी ॥१५१॥

यातयाम ७ [जीर्णभयेको (थोत्रियेको) । भोगगरियेको (सुमरियेको) बासी । ३को नाम] ॥ इति मान्ताः ॥ तार्क्ष्य १ [घोडा । गरुड । २को नाम] क्षय १ [घर । अपचय (घट्नु) । २को नाम] ॥१४५॥ श्वशुर्यं १ [देवर=जेठाज्यू । सालो= जेठान । २को नाम] भ्रातृव्य १ [भतीजो । शत्रु । २को नाम] पर्जन्य १ [गर्जनलागेको मेघ । इन्द्र । २को नाम] अर्य १ [मालीक । वैश्य । २को नाम] ॥१४६॥ तिष्य १ [पुष्यनक्षत्र । कलियुग । २को नाम] पर्याय १ [मौका । पालो । समानार्थवाचकशब्द । ३को नाम] प्रत्यय १ [अधीन । शपथ (किरिया) । ज्ञान । पत्यार । कारण । प्वाल । व्याकरणप्रसिद्ध सुप्-तिङ् घञ्प्रभृति । ७को नाम ॥१४७॥ अनुशय १ [लामूरीस । पछितो । २को नाम] स्थूलोच्चय १ [अलीकति । हात्तीको मध्यम (न ढीलो न चाँडो) गति । २को नाम] ॥१४८॥ समय १ [शपथ (किरिया) । आचार (चलन) । समय (काल) । सिद्धान्त (निर्णय भयेको कुरा) । मतो (धेरैजनाले कायम गरियेको सल्लाह) । ५को नाम] अनय १ [व्यसन(कुलत) । अशुभदैव (अभाग्य) । विपत्ति । ३को नाम] ॥१४९॥ अत्यय १ [व्यतिक्रम (नटेर्नु) । दुःख । दोष । दण्ड । नाश । ५को नाम] संपराय १ [आपत्ति । लडाई । पछी आउने अवस्था । ३को नाम] पूज्य १ [ससुराको नाम] पूज्य ७ [पूजनीय(मान्य)को नाम ॥१५०॥ सन्नय १ [मुख्य सेनाको हिफाजतका निमित्त पछिपछि रहने सेना । समुदाय । २को नाम] संस्त्याय १ [संघात (एकडप्फाहुनु = टम्ममिल्नु) । फैलिनु । स्थानविशेष (चौर) । ३ को नाम] ॥ प्रणय १ [विश्वास । माग्नु । प्रेम । ३को नाम] ॥१५१॥

२७०५ विस्रम्भयाञ्चा प्रेमाणो विरोधेऽपि समुच्छ्रयः ।
प्रागसंख्यकाः रात्रान्ताः पुंस्त्वे (पूर्वतिर-संख्यावाचक-शब्द-नहुने-रात्रअन्तमा हुने शब्द पुंलिङ्गमा रहन्छन्) जस्तै-सर्वरात्रः [सबै रात] अहोरात्रः १ [दिनरात] पूर्वरात्रः १ [रात्रीका-पहिला हिस्सा] अर्धरात्रः १ [आधा रात], अपररात्रः १, पररात्रः १ [रात्रिको-पछिल्लो-हिस्सा] इत्यादि। संख्यापूर्वमा-हुने-रात्रान्तशब्द ता पुंलिङ्गी हुदैनन्, क्लीवलिङ्गी हुन्छन् जस्तै—पञ्चरात्रम् ३ [पाँचरात] सप्तरात्रम् ३ [सात रात] गणरात्रम् [धेरै रात] इत्यादि ॥१२॥

श्रीवेष्टाद्याः निर्यासाः पुंस्त्वे (श्रीवेष्ट-आदि-गरेका-सल्ला प्रभृतिका खोटालाई कहने शब्द पुंलिङ्गमा रहन्छन्)। श्रीवेष्टः १ [सल्लाको खोटो] गुग्गुलुः १ [गुग्गुलधूप], रालः १ [सालधूप] इत्यादि।

अबाधिताः असन्नन्ताः पुंस्त्वे (विशेषवचनले-बाधित नभयेका-अस्-अन्त्यमा-हुने र अन्-अन्त्यमा हुने-शब्द पुंलिङ्गी हुन्छन्) जस्तै—

अङ्गिरस्-अङ्गिराः १। चन्द्रमस्-चन्द्रमाः १। वेधस्-वेधाः १। इत्यादि।

वयस्-वयः ३। मनस्-मनः ३। अप्सरसः अप्सरसः २। यहाँ विशेषवचनले बाध भयेर पुंलिङ्ग भयेन।

कृष्णवर्त्मन्-कृष्णवर्त्मा १। मघवन्-मघवा १। यज्वन्-यज्वा १। इत्यादि।

लोमन्-लोम ३। दामन्-दाम ३, दामा २। पर्वन्-पर्व ३। यहाँ-विशेषवचनले बाध-भयेर पुंलिङ्ग भयेन।

कशेरुजतुवस्तूनि हित्वा तुरुविरामकाः (शब्दाः) पुंस्त्वे (कशेरुशब्दवाहेक-रु-अन्त्यमा-हुने-शब्द र जतु-वस्तु-शब्दवाहेक-तु-अन्त्यमाहुने-शब्द पुंलिङ्गमा रहन्छन्) कुरुः १, मेरुः १, सुमेरुः १ इत्यादि। हेतुः १, सेतुः १, धातुः १ इत्यादि। कसेरु ३, जतु ३, वस्तु ३, यहाँ पुंलिङ्ग भयेन क्लीबलिङ्ग भयो ॥१३॥

क-ष-ण-भ-म-रो-पान्ताः यदि अदन्ताः (तदा) (पुंस्त्वे (अकारान्तशब्दका उपान्तमा (अकारभन्दा पहिले) क^{1}-ष^{2}-ण^{3}-भ^{4}-म^{5}-र^{6} ई-अक्षर छन्-भने ती शब्द

२९९० पथनयसटोपान्ता गोत्राख्याश्चरणाह्वयाः ॥१४॥
२९९१ नाम्न्यकर्तरि भावे च घञजबूनङ्णघाथुचः ।
२९९२ ल्युः कर्तरीमनिज् भावे को घोः किः प्रादितोऽन्यतः ॥१५॥

पुंलिङ्गमा रहन्छन्) जस्तै क्रमैले—(१) लोकः १, शोकः १, अङ्कः १ । (१) रोषः १, तोषः १, दोषः १ । (३) गुणाः १, घुणः १, पाषाणः १ । (४) कुम्भः १, दम्भः १, दर्भः १ । (५) होमः १, धूमः १, ग्रामः १ । (६) शरः १, शीकरः ६, निर्झरः १ । इत्यादि ।

प-थ-न-य-स-टो-पान्ताः पुंस्त्वे (प^{1}-थ^{2}-न^{3}-य^{4}-स^{5}-ट^{6} ई अक्षर-उपान्तमा-हुने-अकारान्त शब्द पुंलिङ्गमा रहन्छन्) जस्तै—(१) यूपः १, कूपः १, भूपः १ । (२) सार्थः १, नाथः १, शपथः १ । (३) इनः १, जनः १, अपघनः १ । (४) नयः १, आयः १, समयः १ । (५) रसः १, हासः १, पनसः १ । (६) पटः १, सरटः १, करटः १ । इत्यादि ।

गोत्राख्याः चरणाह्वयाः पुंस्त्वे (गोत्रवाचकशब्द-र-वेदशाखावाचकशब्द पुंलिङ्गमा रहन्छन्) जस्तै—गौतमः १, अत्रिः १, भरद्वाजः १ इत्यादि । माध्यन्दिनीयः १, कठः १, बह्वृचः १ इत्यादि ॥१४॥

संज्ञामा, कर्तृभिन्न कारकमा, भावमा, विधान गरियेका घञ्^{1}-अच्^{2}-अप्^{3}-नङ्^{4}-ण^{5}-घ^{6}-अथुच्^{7} यति सात (७) प्रत्यय अन्तमा हुने शब्द पुंलिङ्गी हुन्छन्, क्रमैले-जस्तै—(१) घञ्—प्रासः १, वेदः १, प्रतापः १ । (२) अच्—चयः १, जयः १, नयः १ । (३) अप्—करः १, लवः १, स्तवः १ । (४) नङ्—यज्ञः १, यत्नः १, प्रश्नः १ । (५) ण—न्यादः । (६) उरश्छदः १, प्रच्छदः । (७) अथुच्—वेपथुः १, श्वयथुः १ इत्यादि ।

कर्तरि ल्युः पुंस्त्वे ('नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः' भन्ने-सूत्रले कर्तामा-भयेको-ल्युप्रत्यय-अन्तमा-हुनेशब्द पुंलिङ्गमा रहन्छ) नन्दनः १, मधुसूदनः १, मदनः १ इत्यादि । भावे इमनि च् कः च पुंस्त्वे ('पृथ्वादिभ्य इमनिज्वा'ले भावमा भयेको इमनिच्-प्रत्यय-अन्तमा हुने-शब्द र 'सुपस्थिः'ले-भावमा हुने-क प्रत्ययान्तशब्द पुंलिङ्गमा रहन्छ) । गुरोर्भावः = गरिमा १ । लघोर्भावः = लघिमा १ । महतः भावः = महिमा १ इत्यादि(❀) । आखूनां उत्थानम् = आखूत्थः १, प्र = स्थानम् = प्रस्थः । इत्यादि ।

प्रादितः अन्यतः च घोः किः पुंस्त्वे प्रपराप्रभृति उपसर्ग-उपपद-भयेमा 'उपसर्गे घोः किः' भन्ने-सूत्रले-घुसंज्ञक(दा-धा)धातुवाट-हुने-कि^{1}-प्रत्यय-अन्त्यमा-हुने-शब्द र, उपसर्गवाहेक-उपपद-छँदामा-कर्ममा-र-अधिकरणमा 'कर्मण्यधिकरणे च' भन्ने-सूत्रले-घुसंज्ञक(दा-धा)धातुवाट-हुने-कि^{2} प्रत्ययान्त-शब्द पनि पुंलिङ्गी हुन्छन्,

---

(❀) इमनिच् प्रत्ययान्त—गरिमा, लघिमा, महिमा प्रभृति शब्दले घेरै मानिसलाई स्त्रीलिङ्गको भ्रान्ति पार्दछन्, र 'इयं महिमा' इत्यादि—अशुद्ध बोलाउँदछन्, विधि-शब्दले-पनि घेरैलाई स्त्रीलिङ्गको भ्रान्ति-पारेर 'इयं विधिः' बोलायेको छ । छात्रहरूले यस्मा विशेष हेक्का राख्नु-पर्दछ ।

२९९३ द्वन्द्वेऽश्वबडवावश्वबडबा, न समाहृते ।
२९९४ कान्तः सूर्येन्दुपर्यायपूर्वोऽयः पूर्वकोऽपि च ॥१६॥
२९९५ वटकश्चानुवाकश्च रल्लकश्च कुडङ्गकः ।
२९९६ पुङ्खो न्यूङ्खः समुद्गश्च विटपहृघटाः खटः ॥१७॥
२९९७ कोट्टार घट्ट हट्टाश्च पिण्डगोण्डपिचण्डवत् ।
२९९८ गडुः करण्डो लगुडो वरण्डश्च किणो घुणः ॥१८॥
२९९९ हृतिसीमन्तहरितो रोमन्थोद्गीथबुद्बुदाः ।
३००० कासमर्दोर्बुदः कुन्दः फेनस्तूपौ सयूपकौ ॥१९॥
३००१ आतपः क्षत्रिये नाभिः कुणपक्षुरकेदरा ।
३००२ पूरक्षुरप्रचुक्राश्च गोलहिङ्गुलपुद्गलाः ॥२०॥
३००३ वेतालमल्लभल्लाश्च पुरोडाशोऽपि पट्टिशः ।
३००४ कुल्माषो रभसश्चैव सकटाहः पतद्ग्रहः ॥२१॥

॥ इति पुंलिंगसंग्रहः ॥

जस्तै—क्रमैले—(१) निधिः १, आधिः १, विधिः १, परिधिः १, प्रधिः १ इत्यादि । (२) उदधिः १, जलधिः १, पयोधिः १, वारिधिः १ इत्यादि ॥१५॥

समाहारवाहेकको-द्वन्द्वसमास-गरेमा १ घोडा र १ घोडी यस्तो-विवक्षा-गर्दा अश्वश्च बडबा च = अश्वबडबौ, यस्तो-पुंलिङ्गी-द्विवचनान्त-शब्द हुन्छ, २ घोडा २ घोडी यस्तो-विवक्षा-गर्दा अश्वौ-च-बडबे-च = अश्वबडबाः यस्तो-पुंलिङ्गी-बहुवचनान्त-शब्द हुन्छ, बहुत्त्व(३।४ प्रभृति घोडा, ३।४ प्रभृति घोडी)को-विवक्षा-गर्दा-पनि अश्वाश्च बडवाश्च = अश्वबडबाः यस्तो-पुंलिङ्गी-बहुवचनान्त-शब्द हुन्छ । यहाँ द्वन्द्वसमास गरेपछि 'परवल्लिङ्गं द्वन्द्वतत्पुरुषयोः' भन्ने-सूत्रले पल्लोपद(बडवा)को लिङ्ग भयेर 'अश्वबडबे' यस्तो स्त्रीलिङ्गी-द्विवचनान्त-रूप-पायेमा त्योसूत्रलाई-बाधेर–'पूर्ववदश्वबडबौ' भन्नेसूत्रले-पूर्वपद(अश्व)को लिङ्ग (पुंलिङ्ग) भयेको हो ।

'अश्वश्च बडवा च अनयोः समाहारः यस्तो-विवक्षा-गरेर समाहारद्वन्द्वसमास गरेमा ता 'विभाषा वृक्षमृगतृणधान्यव्यञ्जनपशुशकुन्यश्वबडबपूर्वापराधरोत्तराणाम्' भन्ने-सूत्रले विकल्प-एकवद्भाव र 'स नपुंसकम्' भन्नेसूत्रले-नपुंसकलिङ्ग-समेत भयेर 'अश्वबडबम्' यस्तो पनि, 'अश्वबडबौ' यस्तो पनि हुन्छ ।

सूर्येन्दुपर्यायपूर्वः अयः पूर्वकोपि कान्तः पुंस्त्वे सूर्यशब्दका-पर्यायशब्द, चन्द्रशब्दका-पर्यायशब्द-पूर्वमा-हुने र अयस्‌शब्द-पूर्वमा हुने कान्तशब्द पुंलिङ्गमा रहन्छ । सूर्यकान्तः १, भानुकान्तः १, रविकान्तः १, [सूर्यको-किरणपर्दा-आगोनिस्कने-मणिविशेष] चन्द्रकान्तः १, इन्दुकान्तः १, शशिकान्तः १, [चन्द्रको-किरणपर्दा-पानीनिस्कने-मणिविशेष] अयस्कान्तः १ [फलामतान्ने-लोहविशेष = चुम्बकलोह] ॥१६॥

पूर्वोक्त-नियमका-उदाहरण-जस्ता केही पुंलिङ्ग शब्द देखाइन्छन्, ती शब्द र तिन्को अर्थ हेर—

शब्द	अर्थ	शब्द	अर्थ	शब्द	अर्थ	शब्द	अर्थ
वटकः	वारा, मस्यौरा	गोण्डः	नाइटो	कुन्दः	निधिविशेष,	गोलः	डल्लो
अनुवाकः	वेदको अंश	पिचण्डः	पेट-भुँडी		कर्मीले काठ	हिङ्गुलः	हिङ्गुल
रल्लकः	कम्बल	गडुः	गाँड		कुँध्नेचक्रा-	पुद्गलः	आत्मा
	च्याङ्ग्रो				कार यन्त्र-		शरीर २
कुडङ्गकः	लताकोझाङ्	करण्डः	बट्टा, पेटारी		विशेष	वेताल	भूतले आ-
पुङ्खः	बाणको छेउ	लगुडः	लहुरो	फेनः	फींज		वेशगरेको
न्यूङ्खः	सामकोओंकार	वरण्डः	मुखरोग	स्तूपः	थुप्रो, ढिस्को		मुर्दा
समुद्ग(क):	पेटारी, वाकस	किणः	ठेला	यूपः	पशुबलिस्त-	मल्लः	पहलवान
	वट्टा, प्रभृति				म्भ = मौलो	भल्लः	भालू-बाण
विटः	गुण्डा	घुणः	घुन	आतपः	घाम		विशेष
पट्टः	सिलौटो घुलौटो	दृतिः	छालाको थै-	नाभिः	क्षत्रिय विशेष	पुरोडाशः	श्रौतकर्ममा
	पट्टी, सिलेट		लो (मसक)		(आग्नोध्रपुत्र		होमगरिने
घटः	जोख्ने तराजू		खलाती	कुणपः	मुर्दा		हवि, होमशेष
खटः	अँध्यारोइनार	सीमन्तः	चुल्ठो सिउँदो	क्षुरः	छुरा	पट्टिशः	शस्त्रविशेष
	कफ, छिनु,	हरित्	हरियोवर्ण	केदरः	कामलाग्ने	कुल्माषः	उसीनेको
	प्रहार ४	रोमन्थः	चर्वितचर्वण		वस्तु		जउ
कोट्टारः	इनार		उग्राउनु				
घट्टः	घाट	उद्गीथः	सामवेद	पूरः	प्रवाह	रभसः	वेग,हडवडीर
हट्टः	हाट, बजार	बुद्बुदः	पानीको	क्षुरप्रः	बाणविशेष	कटाहः	कराही
पिण्डः	डल्लो		फोका			पतद्ग्रहः	फिकदानी
				चुक्रः	चरी अमिलो		
		कासमर्दः	गुल्मरोग		चूक अमिलो		
			विशेष				
		अर्बुदः	पर्वतविशेष				
			(आबू)				

॥ इति पुंलिङ्गसंग्रहः ॥

३००५ द्विहीनेऽन्यश्च खारण्यपर्णश्वभ्रहिमोदकम् ।
३००६ शीतोष्णमांसरुधिरमुखाक्षिद्रविणं बलम् ॥२२॥
३००७ फलहेमशुल्बलोहसुखदुःखशुभाशुभम् ।
३००८ जलपुष्पाणि लवणं व्यञ्जनान्यनुलेपनम् ॥२३॥
३००९ कोटयाः शतादिः संख्याऽन्या वा लक्षा नियुतं च तत् ।

अव नपुंसकलिङ्गको-अधिकार आरम्भ भयो, अव-उप्रान्त-कहिने-शब्द बाधकवचन छैन भने नपुंसकलिङ्गमा रहन्छन् । बाधकवचन भये-नभयेको कुरा ग्रन्थाभ्यास राम्रो गर्ने बुद्धिमान्-छात्रले जान्दछ, जुन् जुन् वस्तुको यहाँ नाउँ लिइन्छ, त्यस्का-पर्याय अघी प्रथम-द्वितीय-तृतीयकाण्डमा वतायेकै छन् तिन्लाई झट्ट संझ्यो-भने बाधकवचन-भये-नभयेको झट्टै थाहा हुन्छ, अर्थात् पहिलेको ग्रन्थ बुझेर उपस्थित राख्नुपर्दछ ।

२ श्लोकले-देखाईयेका-ख-अरण्यप्रभृतिशब्दका-पर्याय नपुंसकलिङ्गमा रहन्छन् । अर्थात्—ख = आकाश[१] = इन्द्रियँ[२], अरण्य = वनँ[३], पर्ण = पात[४], श्वभ्र = प्वाल[५], हिम = हिउँ[६], उदक = पानी[७], शीत = चोसो[८], उष्ण = तातो[९], मांस = मासु[१०], रुधिर = रगत[११], मुख = मुख[१२], अक्षि = आँखा[१३], द्रविण = धन[१४], बल = बल[१५], फल=फल[१६] हेम=सुवर्ण[१७], शुल्व=तामो[१८], लोह=फलाम[१९], सुख=सुख[२०], दुःख=दुःख[२१], शुभ=शुभ[२२], अशुभ=अशुभ[२३], जलपुष्प=पानिमाहुने फूल[२४], लवण = नून[२५], व्यञ्जन = तिहुन्तर्कारीप्रभृति[२६], अनुलेपन=लेपन गरिने चन्दनादि[२७], ई २७ चीजलाई कहनेशब्द नपुंसकलिङ्गमा रहन्छन् । यती-कुरा मोटामोटी-थाहा-पाये-पछी पूर्वोक्त २७ वस्तुका नाम संझदै लिङ्गनिर्णय-गर्न ग्रन्थ-आउने-मानिसले सहज शक्तछ, ग्रन्थ नआउनेले पत्रपल्टाउदै हेर्दै लिङ्गनिर्णय गर्नु-पर्ला । जस्तै—आकशवाचक-क्लीबलिङ्गी हुन्छन् भनेर साधारणतया यहाँ भनियो, तर विहायसोऽपि नाकोऽपि' यसवचनले विहायस र नाकशब्दलाई पुंलिङ्गी वनायो, व्योम पुष्कर अम्बर-प्रभृति-अरु-शब्द क्लीबलिङ्गी नै छन्, द्यौ शब्द र दिव् शब्दलाई 'द्योदिवौ द्वे स्त्रियाम्' यसवचनले स्त्रीलिङ्गी बनायो । पर्ण=पातवाचकशब्द क्लीबलिङ्गी हुन्छन् भनियो, तदनुसार 'पत्रं पलाशं छदनं दलं पर्णं' इनिहरु क्लीबलिङ्गी भये 'छदः पुमान्' यस वचनले छद शब्दलाई पुंलिङ्गी बनायो । इत्यादि वुझ्नुपर्दछ ॥२२॥२३॥

कोटयाः अन्या शतादिः संख्या द्विहीने (कोटिशब्दवाहेक-शतम्, सहस्रम्, आदि गरेका-संख्यावाचक शब्द क्लीबलिंगी हुन्छन्) लक्षा वा द्विहीने, तत् नियुतं च (लक्षाशब्द विकल्पले क्लीबलिंगमा छ, अर्थात् स्त्रीलिंगमा पनि छ, त्यही-लक्ष नियुत पनि कहिन्छ) 'शतं सहस्रमयुतं नियुतं प्रयुतं मतम्, स्त्रो कोटिरर्बुदमितिक्रमाद्दशगुणोत्तरम्' भनि रत्नकोशमा लाखलाई नियुत पनि भनेको छ ।

३०१० द्व्यच्कस्सिसुसन्नन्तं यदनान्तमकर्तरि ॥२४॥
३०११ त्रान्तं सलोपधं शिष्टं रात्रं प्राक्संख्यायान्वितम् ।
३०१२ पात्राद्यदन्तैरेकार्थो द्विगुर्लक्ष्यानुसारतः ॥२५॥

द्व्यच्क (दुई अच् भयेको) अस[१]-इस्[२]-उस्[३]-अन्[४] अन्त्यमा हुने-शब्द क्लीबलिङ्गी हुन्छन् । जस्तै——

(१) द्व्यच्क असन्त——मनः ३, पयः ३, तेजः ३, अनः ३ इत्यादि ।
(२) द्व्यच्क इसन्त——सर्पिः ३, हविः ३, रोचिः ३, शोचिः ३ इत्यादि ।
(३) द्व्यच्क उसन्त——वपुः ३, यजुः ३, धनुः ३, अरुः ३ इत्यादि ।
(४) द्व्यच्क अन्नन्त——चर्म ३, वर्म ३, मर्म ३, कर्म ३ इत्यादि ।

यत् अकर्तरि अनान्तं तत् द्विहीने (जो कर्ताभिन्नअर्थमा भयेका प्रत्ययले-अन अन्तमाहुने-शब्द छन् ती-पनि क्लीबलिङ्गमा रहन्छन्, जस्तै गमनम् ३, दानम् ३, रमणम् ३ इत्यादि ।

कर्तामा विधानगरेको-अनान्तशब्द ता विशेष्यनिघ्नलिङ्गी हुन्छ, क्लीबलिङ्गी हुदैन, नन्दयतीति नन्दनः पुरुषः, नन्दना नारी, नन्दनं कुलम् इत्यादि ॥२४॥

त्रान्तं सलोपधं शिष्टं द्विहीने (त्र[१]-अन्त्यमा-हुनेशब्द, [२]स-उपधामा-हुने-शब्द, [३]ल-उपधामा-हुने-शब्द, बाधकवचनले छाडियेको छ-भने क्लीवलिङ्गमा रहन्छ, जस्तै क्रमैले—(१) त्रान्त—पात्रं, दात्रं, वस्त्रम् । (२) सोपध—बिसं, बुसम्, अन्धतमसम् । (३) लोपध—कुलं, कूलं, मूलम् इत्यादि ।

प्राक्संख्ययाअन्वितं रात्रं द्विहीने (संख्यावाचक[१] र संख्यासंज्ञक[२] शब्द पूर्वतिर-हुने रात्रशब्द क्लीबमा रहन्छ) । जस्तै—(१) पञ्चरात्रम्, सप्तरात्रम् । (२) बहुरात्रम्, गणरात्रम्, कतिरात्रम् इत्यादि ।

पात्राद्यदन्तैः एकार्थः द्विगुः लक्ष्यानुसारतः द्विहीने (पात्र-भुवन-आदिगरेका अकारान्तशब्दका-साथमा-भयेको-समाहारको-विवक्षा गर्दा-भयेको-दिगु (संख्यापूर्वक) समास (एकवचनान्त छ भने) लक्ष्यानुसार (क्षिष्टहरूले-प्रयोग-गरेको-देखिये-सम्म) नपुंसकलिङ्गमा रहन्छ (शिष्टहरूको प्रयोग नदेखीकन हामीहरूले त्यस्तो-प्रयोग गर्नु-हुदैन) ।

पञ्चपात्रम् ३, त्रिभुवनम् ३, चतुर्युगम् ३, इत्यादि शिष्टको प्रयोग देखिन्छ । अन्यत्र 'अकारान्तोत्तरपदो द्विगुः स्त्रियामिष्टः' यसवचनका अनुसार त्रिलोकी, सप्तशती, पञ्चशती इत्यादि स्त्रीलिङ्ग हुन्छ, त्रिलोकम्, सप्तशतम्, पञ्चशतं भन्नु हुदैन, इत्यादि ॥२५॥

३०१३ द्वन्द्वैकत्वाऽव्ययीभावौ पथः संख्याव्ययात्परः ।
३०१४ षष्ठ्याश्छाया बहूनां चेद्विच्छायं संहतौ सभा ॥२६॥
३०१५ शालार्थापि परा राजाऽमनुष्यार्थादराजकात् ।
३०१६ दासीसभं नृपसभं रक्षःसभमिमा दिशः ॥२७॥

३०१७ उपज्ञोपक्रमान्तश्च तदादित्वप्रकाशने ।

द्वन्द्वैकत्वाऽव्ययीभावौ, संख्याऽव्ययात्परः पथः च द्विहीने (समाहारमा-द्वन्द्वसमासगर्दा-एकवचनान्त-भयेका-शब्द[1], अव्ययीभावसमासले-समस्तभयेकाशब्द[2], संख्यावाचकपूर्वमा-हुने-अव्यय पूर्वमा हुने समासान्त-अ-प्रत्ययभयेको-पथिन्वाटवनेको-[3]पथ[4] शब्द नपुंसकलिंगमा रहन्छ) जस्तै क्रमैले—

(१) समाहारद्वन्द्वैकवचनान्त—पाणिपादम् ३, शिरोग्रीवम् ३, रथिकाश्वारोहम् ३, इत्यादि ।

(२) अव्ययीभावसमास—अधिहरि ३, उपगोष्ठम् ३, अनुपदम् ३, इत्यादि ।
(३) संख्यापूर्वक पथशब्द—द्विपथम् ३, त्रिपथम् ३, चतुष्पथम् ३ इत्यादि ।
(४) अव्ययपूर्वक पथशब्द—विपथम् ३, कापथम् ३ इत्यादि ।

शष्ठ्याः छाया बहूनां चेत् द्विहीने (पूर्वपद बहुवचनान्त राखेर षष्ठीतत्पुरुषसमासभयेको-छाया अन्तमा-हुनेशब्द नपुंसकलिंगमा रहन्छ) जस्तै—वीनाम् (पक्षिणाम्) छाया=विच्छायम् ३, गृहाणां छाया = गृहच्छायम् ३, इक्षूणां छाया = इक्षुच्छायम् ३, इत्यादि क्लीबलिङ्ग हुन्छ, पूर्वपद बहुवचनान्त-राखियेन-भने-छायाशब्द विकल्पले क्लीबलिङ्ग हुन्छ, जस्तै—वेः (पक्षिणः) छाया = विच्छायम् ३ = विच्छाया २ । गृहस्य छाया = गृहच्छायम् ३ = गृहच्छाया इत्यादि ।

संहतौ सभा द्विहीने (षष्ठीतत्पुरुष समासमा-उत्तरपद भयेको-समूह-अर्थलाई कहने-सभाशब्द क्लीबलिंगमा रहन्छ) जस्तै-स्त्रीणां सभा=स्त्रीसभम् ३ इत्यादि ॥२६॥

राजाऽमनुष्यार्थात् अराजकात् पराशालार्था सभा अपि द्विहीने ([1]घरभन्ने र समुदाय भन्ने अर्थ भयेको-सभाशब्द-अन्त्यमा-हुने-षष्ठीतत्पुरुषसमास-पूर्वतिर राजशब्दवाहेक-[1]राजवाचक अरु शब्द छ, अथवा [2]अमनुष्य(यक्ष-राक्षस-पिशाचादि प्राणि)वाचक शब्द छ भने क्लीबलिङ्गी हुन्छ) जस्तै—क्रमैले—दासीनां-सभा (गृहं समुदायो वा) = दासीसभम् ३ । नृपाणां सभा(समुदायः गृहं वा)=नृपसभम् ३ । रक्षसां सभा(समुदायः गृहं वा) = रक्षःसभम् ३ भयो । खास-राजशब्द-राखेको छ-भने-पूर्वोक्त-नियम लाग्दैन,-जस्तै—राज्ञां सभा (गृहं, समुदायो वा)=राजसभा । इत्यादि ॥२७॥

उपज्ञोपक्रमान्तः तत्पुरुषः तदादित्वप्रकाशने द्विही ने (उपज्ञा (आदि ज्ञान), उपक्रम (आरम्भ) ई २ शब्द-अन्त्यमा-हुने-तत्पुरुषसमास पनि उपज्ञाको र उपक्रमको

३०१८ कोपज्ञकोपक्रमादिकन्थोशीनरनामसु ।।२८।।
३०१९ भावे नणकचिद्भ्योऽन्ये, समूहे भावकर्मणोः ।
३०२० अदन्तप्रत्ययाः पुण्यसुदिनाभ्यां त्वहः परः ।।२९।।
३०२१ क्रियाव्ययानां भेदकान्येकत्वेऽप्युक्थतोटके ।
३०२२ चोचं पिच्छं गृहस्थूणं तिरीटं मर्मयोजने ।।३०।।
३०२३ राजसूयं वाजपेयं गद्यपद्ये कृतौ कवेः ।
३०२४ माणिक्य भाष्यसिन्दूरचीरचीवरपिञ्जरम् ।।३१।।
३०२५ लोकायतं हरितालं विदलस्थालबाह्लवम् ।

।। इति नपुंसकसंग्रहः ।।

आदित्व (प्रथमत्व) बुझिन्छ भने क्लीबलिंगी हुन्छ) जस्तै—'कस्य (ब्रह्मणः) उपज्ञा (प्रथमज्ञानविषयः) = भन्दा, कोपज्ञम् ३=प्रजा' [ब्रह्माले-प्रथम-जानियेको प्रजा] भयो । त्यस्तै —'कस्य(ब्रह्मणः) उपक्रमः (आरम्भविषय) भन्दा, कोपक्रमम् ३=लोकः' [ब्रह्माले-प्रथम-आरम्भगरियेको-लोक] भयो, त्यस्तै—'नन्दस्य उपक्रमः=नन्दोपक्रमम् ३—द्रोणः' [नन्दराजाले प्रथम-आरंभगरेको (चलायेको) द्रोणपरिमाण] हुन्छ । इत्यादि ।

उशीनरनामसु कन्था द्विहीने (उशीनरदेशवासीलाई-कहने-कुनैशब्द-पूर्वपद भयेको-कन्था शब्द-अन्त्यमा-हुने तत्पुरुषसमास क्लीबलिंगमा रहन्छ) जस्तै—'सौशमीनां कन्था' भन्दा सौशमिकन्थम् ३ [उशोनरदेशवासो-कसैको कन्था] भयो । इत्यादि ।।२८।।

भावे न-ण-क-चिद्भ्यः अन्ये भावकर्मणोः अदन्तप्रत्ययाः द्विहीने (न प्रत्यय, ण प्रत्यय, क प्रत्यय, चकारको इत्संज्ञा हुने अच् युच् इत्यादि प्रत्ययबाहेक कृतप्रत्ययान्त र समूहमा-भावमा-कर्ममा-पद्धित प्रत्यय-भयेर-अकारान्तभयेका शब्दनपुंसकलिंगमा रहन्छन्) जस्तै—भवितव्यम् ३, भवनीयम् ३, ब्रह्मभूयम् ३ इत्यादि । न-प्रत्यय अन्त्यमा-हुने स्वप्नः, प्रश्नः, इत्यादि, णप्रत्यहुने न्यादः इत्यादि, कप्रत्ययहुने आखूत्थः प्रस्थः इत्यादि, चित्(अच्)प्रत्यय हुने चयः जय इत्यादि,—पुंलिङ्गमा चित् (युच्) प्रत्ययहुने-कारणा-आसना इत्यादि स्त्रीलिङ्गमा रहन्छन् । समूहार्थका तद्धितप्रत्यय—भिक्षाणां समूहः भैक्षम् ३, काकानां समूहः काकम् ३, इत्यादि क्लोबलिङ्ग हुन्छन् । भावार्थका तद्धितप्रत्यय—गोर्भावः=गोत्वम् ३, कविर्भावः = कवित्वम् ३, मनुष्यस्य भावः मनुष्यत्वम् ३, इत्यादि क्लीबलिङ्ग हुन्छन् । कर्मार्थक तद्धित—राज्ञः कर्म=राज्यम् ३, इत्यादि क्लीब हुन्छन् ।

पुण्यसुदिनाभ्यां परः अहः द्विहीने (पुण्य-र-सुदिनशब्ददेखी-पर रहेको टच्-प्रत्ययान्त-अहन्शब्द (अह) क्लोबलिङ्गमा रहन्छ । पुण्याहम् ३, सुदिनाहम् ३ ।।२९।।

क्रियाभ्ययानां भेदकानि द्विहीने एकत्वेऽपि (क्रियाविशेषण-र-अव्ययका-विशेषण शब्द क्लीब लिंगमा रहिकन केवल एकवचनान्त हुन्छन्)जस्तै—मृदु ३ पचति, शीघ्रम् ३ गच्छति, मन्दम् ३ हसति, यहाँ पचनक्रिया-गमनक्रिया-हसनक्रियाका-विशेषण-भयेका-मृदु-शीघ्र-मन्द शब्द क्लीबलिङ्ग एकवचनान्त छन्। प्रातः कमनीयम् ३, यहाँ 'प्रातः' यो-अव्ययपदको-विशेषण हुनाले कमनीयशब्द क्लीबलिङ्गी भयो, इत्यादि। अबउप्रान्त क्लीबलिङ्गमा रहने-केही शब्द उदाहरणरूपले देखाइन्छन्, ती-शब्द र तिन्को अर्थ हेर—

शब्द	अर्थ	शब्द	अर्थ	शब्द	अर्थ
उक्थम्	सामवेदविशेष	तोटकम्	१२ अक्षरको १ पाउ हुने छन्दोविशेष	चोचम्	खायेर बाँकी रहेको फल, तालको फल, केराको फल। ३
पिच्छम्	मयूरकोप्वाँख	गृहस्थूणम्	घरको थाम	तिरीटम्	वेर्नकुरा, ईश्वरीयमहिमा। २
मर्म	मर्मस्थान	योजनम्	४ कोश	राजसूयम्	यज्ञविशेष
वाजपेयम्	यज्ञविशेष	गद्यम्	गद्य(दण्डक)	पद्यम्	श्लोक
माणिक्यम्	मानिकरत्न	भाष्यम्[१]	सूत्रको व्याख्यानविशेष	सिन्दूरम्	सिन्दूर
चीरम्	वस्त्रविशेष	चीवरम्	रूखकाबोक्राको वस्त्र	पिञ्जरम् (पञ्जरम्)	पिंजरा
लोकायतम्	नास्तिकशास्त्र	हरितालम्	हरिताल	विदलम्	वंशपात्र(प्याङ प्रभृति)
स्थालम्	थाल	बाह्लवम्	बह्लु देशोत्पन्न केशर		

॥३०-३१॥

॥ इति नपुंसकसंग्रहः ॥

---

(१) सूत्रार्थो वर्ण्यते यत्र वाक्यैः सूत्रानुसारिभिः।
स्वपदानि च वर्ण्यन्ते भाष्यं भाष्यविदो विदः॥
दिव्यदृष्टि भएका-ऋषिहरूले केवल-अर्थको सूचना-मात्र-गर्ने अर्थ-खुलस्त-नबुझिने गरि बनायेका सूत्रको अर्थलाई सूत्रानुसारी-भयेका-आफ्ना-वाक्यले खुलस्त पारिदिने, आफुले-बोलेका-वाक्यका एक एक पदको तात्पर्य-बुझाउने व्यास-पतञ्जलि-शंकर प्रभृतिले-गरेको-व्याख्यान-ग्रन्थलाई भाष्यवेत्ताहरू भाष्य भन्दछन्।

३०२६ पुंनपुंसकयोः शेषोऽर्धर्चपिण्याककण्टकाः ॥३२॥
३०२७ मोदकस्तण्डकष्टङ्कः शाटकः कर्पटोऽर्बुदः ।
३०२८ पातकोद्योगचरकतमालामलका नडः ॥३३॥
३०२९ कुष्ठं मुण्डं शीधु बुस्तं क्ष्वेडितं क्षेमकुट्टिमम् ।
३०३० सङ्गमं शातमानार्मशम्बलाव्ययताण्डवम् ॥३४॥
३०३१ कवियं कन्दकार्पासं पारावारं युगन्धरम् ।
३०३२ यूयं प्रग्रीवपात्रीवे यूपं चमसचिक्कसौ ॥३५॥

शेषः पुंनपुंसकयोः (अघी-पुंलिग-स्त्रीलिग-क्लीबलिगगा-देखाइयेका शब्दबाहेकका शब्द शेष हुन्, ती बाधकवचन-छैन-भने पुंलिगमा र क्लीबलिगमा रहन्छन् ती-शब्द र तिन्को अर्थ हेर—

शब्द	अर्थ	शब्द	अर्थ
अर्धर्चः(र्चम्)	ऋचाको आधा	पिण्याकः(कम्)	पीना
कण्टकः(कम्)	काँढा	मोदकः(कम्)	लड्डू
तण्डकः(कम्)	रोग	टङ्कः(कम्)	ढुङ्गा काट्ने शस्त्र (टाँकी=छिनु)
शाटकः(कम्)	धोती=शाडी।	कर्पटः(टम्)	वस्त्र
अर्बुदः(दम्)	मासुको अंकुरउम्रने रोगविशेष, खस्रो, दश करोड, ३	पातकः(कम्)	पाप
उद्योगः(गम्)	उद्योग	चरकः(कम्)	आयुर्वेदीयग्रन्थविशेष
तमालः(लम्)	तमालवृक्ष	आमलकः(कम्)	अमलाको फल
नडः(डम्)	नर्कट, प्वाल २	कुष्ठः(ष्ठम्)	कुष्ठरोग, कूट वनौषधि विशेष २
मुण्डः(डम्)	टाउको	शीधुः(धु)	मदिरा
बुस्तः(स्तम्)	भुटेकोमासु, फलको निःसार भाग (खोस्टा-बोक्रा इत्यादि) ३	क्ष्वेडितः (तम्)	वीरपुरुषको-रणगर्जना
क्षेमः(मम्)	क्षेम-कुशल	कुट्टिमः(मम्)	ढुङ्गाप्रभृति-छापेको दृढभूमि
सङ्गमः(मम्)	संगम (भेट)	शतमानः (नम्)	४ तोला(१ पल) चाँदी, आढक (४ पाथी) प्रमाण, २

३०३३ अर्धर्चादौ घृतादीनां पुंस्त्वाद्यं वैदिकं ध्रुवम् ।
३०३४ तन्नोक्तमिह लोकेऽपि तच्चेदस्त्यस्तु शेषवत् ॥३६॥

॥ इति पुंनपुंसकशेषः ॥

शब्द	अर्थ	शब्द	अर्थ
शम्बलः(लम्)	साँबल (पान्थभोज्य)	अव्ययः(यम्)	स्वर्-अन्तर्-इत्यादि-शब्द
ताण्डवः(वम्)	नाच	कवियः(यम्)	घोडाप्रभृतिको-लगाम
कन्दः(दम्)	वनौषधि प्रभृतिको गानु	कार्पासः(सम्)	कपास (रुवो)
पारावारः(रम्)	वारपार	युगन्धरः(रम्)	रथको-जुवा-अडयाउने-कीलो
यूपः(पम्)	यज्ञको-पशुबन्धनस्तम्भ (मौलो)	प्रग्रीवः(वम्)	आँखीझ्याल, वृक्षको टुप्पो, २
पात्रीवः(वम्)	यज्ञपात्रविशेष	यूषः (षम्)	पकायेका-अन्नादिको-रस (झोल)
चमसः(सम्)	सोमपानगर्ने-पात्रविशेष	चिक्कसः (सम्)	यज्ञपात्रविशेष, जउको पीठो । २

'अर्धर्चाः पुंसि च' भन्ने-सूत्रमा देखाइयेकागणपाठमा घृत-आदिगरेका-कुनै-शब्दको २ लिङ्ग(पुं०क्लो०) देखिन्छ, त्यो वेदमा-मात्र प्रयोग-गरिने हो, त्यसो-हुनाले ती घृतादि-शब्दको यहाँ उल्लेख गरियेन, [लौकिक-लिङ्गको-व्यवस्था-गर्न-बनाइयेका-ग्रन्थमा वैदिकलिङ्गको प्रसङ्ग गरियेन] लोकमा-पनि घृतादि-शब्दको कहीं शिष्टहरुले २ लिङ्गमा प्रयोग गरेको देखियो-भने [शास्त्र अनन्त छ, मैले नदेख्तैमा यसै हो भनि ठोकुवा-कुरा गर्नु-हुदैन] त्यो-पनि पछि-बताइने 'ज्ञेयं शिष्ट प्रयोगतः' यसवचनका-अनुसार शुद्ध हो भनि जान्नु-पर्दछ ॥३६॥

॥ इति पुंनपुंसकशेषः ॥

३०३५ स्त्रीपुंसयोरपत्यान्ता द्विचतुःषट्पदोरगाः ।
३०३६ जातिभेदाः पुमाख्याश्च स्त्रीयोगैः सह मल्लकः ॥३७॥

अपत्यान्ताः शब्दाः स्त्रीपुंसयोः (अपत्य (सन्तान) अर्थमा-विधानगरियेका-अण्[१]-यज्[२] इत्यादिप्रत्यय-अन्त्यमाहुने-शब्द पुंलिङ्ग-र-स्त्रीलिङ्गमा रहन्छन्) जस्तै—

१ अण्—उपगोः-अपत्यं-पुमान्=औपगवः १, उपगोः-अपत्यं-स्त्री औपगवी २, इत्यादि ।

२ यञ्—गर्गस्य-अपत्यं-पुमान् = गार्ग्यः १, गर्गस्य-अपत्यं-स्त्री गार्गी २, इत्यादि ।

द्विचतुःषट्पदोरगाः स्त्रीपुंसयोः (द्विपद[१] (दुईखुट्टे मनुष्यादि) चतुष्पद[२] (चारखुट्टे गवादि) षट्पद[3] (६खुट्टे भ्रमरादि)लाई कहने शब्द [४]सर्पलाई कहने शब्द भालेको-विवक्षा-गरे पुंलिङ्गमा, पोथीको-विवक्षा-गरे स्त्रीलिङ्गमा रहन्छन्) जस्तै—

(१) द्विपद—मानुषः १, मानुषी २, मानवः १, मानवी २, नरः १, नारी २, इत्यादि ।

(२) चतुष्पद—हरिणः १, हरिणी २,। महिषः १, महिषी,। अजः १, अजा २, इत्यादि ।

(३) षट्पद—भ्रमरः १, भ्रमरी २, भृङ्गः १, भृङ्गी २, षट्पदः १, षट्पदी २, इत्यादि ।

(४) सर्प—उरगः १, उरगी २, भुजगः १, भुजगी २, नागः १, नागी २, इत्यादि ।

जातिभेदाः स्त्रीपुंसयोः (जातिविशेषवाचकशब्द पुंलिंग र स्त्रीलिंगमा विवक्षानुसार रहन्छन्) जस्तै—ब्राह्मणः १, ब्राह्मणी २। क्षत्रियः १, क्षत्रिया २ = क्षत्रियाणी २। अर्यः १, अर्या २ = अर्याणी २। शूद्रः १, शूद्रा २ इत्यादि ।

पुमाख्याः स्त्रीयोगैः सह स्त्रीपुंसयोः (पुरुषवाचक-शब्द स्त्रीयोगले-युक्त-हुँदा ('तस्य स्त्री' यस्तो विवक्षा-गरिंदा (स्त्रीलिंगमा र पुंलिंगमा रहन्छन्) जस्तै—

ब्राह्मणः १, (ब्राह्मणस्य स्त्री) ब्राह्मणी २। क्षत्रियः १, (क्षत्रियस्य स्त्री) क्षत्रियी २। अर्यः १, (अर्यस्य स्त्री) अर्यी २। शूद्रः १, (शूद्रस्य स्त्री) शूद्री २। गोपः १ (गोपस्य स्त्री) गोपी २। भवः १, (भवस्य स्त्री) भवानी २। इन्द्रः १, (इन्द्रस्य स्त्री) इन्द्राणी २ इत्यादि ।

अब उदाहरणरूपले २ लिङ्ग (स्त्री० पुं०) मा-रहने-शब्द देखाइन्छन्, ती र तिनको अर्थ हेर—

३०३७ ऊर्मिर्वराटकः स्वातिर्वर्णको झाटलिर्मनुः ।
३०३८ मूषा सृपाटी कर्कन्धूर्यष्टिः शाटी कटी कुटी ॥३८॥

॥ इति स्त्रीपुंसशेषसंग्रहः ॥

३०३९ स्त्रीनपुंसकयोर्भावक्रिययोः ष्यञ् क्वचिच्च वुञ् ।
३०४० औचित्यमौचिती मैत्र्यं मैत्री, वुञ् प्रागुदाहृतः ॥३९॥

शब्द	पुंलिङ्ग	स्त्रीलिङ्ग	अर्थ	शब्द	पुंलिङ्ग	स्त्रीलिङ्ग	अर्थ
मल्लक	मल्लकः	मल्लिका	बेली(फूल)	ऊर्मि	ऊर्मिः	ऊर्मिः	तरङ्ग
वराटक	वराटकः	वराटिका	कौडी, कमल गट्टा २	स्वाति	स्वातिः	स्वानिः	स्वातिनक्षत्र
वर्णक	वर्णकः	वर्णिका	लेपनगर्ने वस्तु	झाटलि	झाटलिः	झाटलिः	पाँडर=मोखा
मनु	मनुः	मनुः	मन्त्र	मूष	मूषः	मूषा	सुन्चाँदी गाल्ने भाँडो
सृपाटि	सृपाटिः	सृपाटिः (टी)	परिमाण-विशेष	कर्कन्धू	कर्कन्धूः	कर्कन्धूः	वयर
यष्टि	यष्टिः	यष्टिः	लठ्ठी	शाट	शाटः	शाटी	धोती-साडी
कट,कटि	कटः, कटिः	कटिः कटी	कटी (कम्मर)	कुट	कुटः	कुटी	योगीहरुको छाप्रो,झोपड़ी

॥ इति स्त्रीपुंसशेषसंग्रहः ॥

स्त्रीनपुंकयोः (अव-उप्रान्तका-शब्द स्त्रीलिंगमा-र-क्लीबलिंगमा रहन्छन्, यो अधिकारवचन हो)। भावक्रिययोः ष्यञ् स्त्री नपुंसकयोः (भाव-र-कर्ममा-विधान गरिने-ष्यञ्-प्रत्यय-अन्त्यमा-हुने-शब्द स्त्रीलिंग-र-नपुंसकलिंगमा रहन्छ) जस्तै—'उचितस्य भावः कर्म वा=औचित्यम् ३=औचिती २। मित्रस्य भावः कर्म वा=मैत्र्यम् ३, मैत्री २। चपलस्य भावः कर्म वा=चापल्यम् ३ = चापली २। चञ्चलस्य भावः कर्म वा=चाञ्चल्यम् ३, चाञ्चली २ इत्यादि।

भावक्रिययोः वुञ् क्वचित् स्त्रीनपुंसकयोः (भाव-र-कर्ममा-भयेको-वुञ्प्रत्यय-अन्त्यमा हुने शब्द कुनै स्त्रीलिंगमा, कुनै क्लीबलिंगमा, कुनै दुवै-लिंगमा रहन्छन्) जस्तै—अहो पुरुषस्य कर्म=आहो पुरुषिका २, शिष्योपाध्याययोः कर्म शैष्योपाध्यायिका २। रमणीयस्य-भावः कर्म-वा-रामणीयकम् ३, कमनीयस्य-भावः-कर्मवा कामनीयकम् ३। मिथुनस्य भावः कर्म वा मैथुनिका २, मैथुनकम् ३, इत्यादि पहिले उदाहरणरूपले कहियेको छ॥३९॥

३०४१ षष्ठ्यन्तप्राक्पदाः सेनाछायाशालासुरानिशाः ।
३०४२ स्याद्वा नृसेनं श्वनिशं गोशालमितरे च दिक् ॥४०॥
३०४३ आबन्नन्तोत्तरपदो द्विगुश्चापुंसि नश्च लुप् ।
३०४४ त्रिखट्वं च त्रिखट्वी च त्रितक्षं च त्रितक्ष्यपि ॥४१॥

॥ इति स्त्रीनपुंसकशेषसंग्रहः ॥

३०४५ त्रिषु पात्री पुटी वाटी पेटी कुवलदाडिमौ ।

॥ इति त्रिलिङ्गशेषसंग्रहः ॥

पूर्वतिर कुनै-षष्ठ्यन्तपद-राखेर परतिर सेना[1], छाया[2], शाला[3], सुरा[4], निशा[5], ई ५ शब्द राखेर तत्पुरुषसमासगरेमा समस्तपद क्लीबलिङ्गमा पनि स्त्रीलिङ्गमा पनि रहन्छ जस्तै—

नृणां (मनुष्याणां) सेना[1]=नृसेनम् ३, नृसेना २ । शुनाम् (कुक्कुराणां) निशा[5]=श्वनिशम् ३, श्वनिशा । गवां शाला[3]=गोशालम् ३, गोशाला २ । इत्यादि अरु बुझ्नु-पर्दछ, जस्तै—वृक्षस्य छाया[2]=वृक्षच्छायम् ३, वृक्षच्छाया २ ।(❀) यवानां सुरा[4] (मदिरा)=यवसुरम् ३, यवसुरा २ । इत्यादि ॥४०॥

आप्-प्रत्ययान्त र अन्-अन्त्यमा-हुनेशब्द पर राखेर गरेको द्विगु(संख्यापूर्वक)-समास छ भने समस्तपद क्लीबलिङ्ग-र-स्त्रीलिङ्गमा रहन्छ, अन्-अन्त्यमा-हुनेशब्दका-नकारको लोप-समेत हुन्छ । जस्तै—

तिसृणाम् खट्वानां समाहारः=त्रिखट्वम् ३=त्रिखट्वी २ । त्रयाणां तक्ष्णां समाहारः=त्रितक्षम् ३, त्रितक्षी २ [यहाँ तक्षन्शब्दका-नकारको लोपसमेत भयो] त्यस्तै—पञ्चानां शालानां समाहारः=पञ्चशालम् ३, पञ्चशाली २, चतुर्णाम्-उक्ष्णाम् समाहारः=चतुरुक्षम् ३, चतुरुक्षी २ इत्यादि जान्नु ॥४१॥

॥ इति स्त्रीनपुंसकशेषसंग्रहः ॥

अव ६ शब्द तीनै-लिङ्गमा रहन्छन् । पात्री ७ [भाँडा] पुटी ७ [दुना, खोचा, बोहोता, डव्वा, प्याङ्, प्रभृति] वाटी ७ [घरनेरको-वघैचा । बाटो । घडेरी ४] पेटी ७ [पेटारी, साधारण ढकनावाला-सन्दूक, कन्तूर, वाकस=वेगप्रभृति] कुवल ७ [बयरको फल] दाडिम ७ [दारिम-अनार] ।

॥ इति त्रिलिङ्गशेषसंग्रहः ॥

(❀) पूर्वपद बहुवचनान्त राखेमा २ लिङ्ग हुदैनन्, क्लीबलिङ्गमात्र हुन्छ । 'छाया बाहुल्ये' भन्ने-सूत्रले यो-कुरा सिद्ध छ ।

३०४६ परलिङ्गं स्वप्रधाने द्वन्द्वे तत्पुरुषेऽपि तत् ॥४२॥
३०४७ अर्थान्ताः प्राद्यलंप्राप्तापन्नपूर्वाः परोपगाः ।
३०४८ तद्धितार्थो द्विगुः संख्यासर्वनामदन्तकाः ॥४३॥

स्वप्रधाने द्वन्द्वे परिलिङ्गं भवति, तत्पुरुषेऽपि तत् (परलिंगं) भवति (समासगरिने-सवै-पद-प्रधान-भयेको-(अर्थात्-इतरेतरयोग हुझाउन-गरिने) द्वन्द्वसमासमा जुन्-पद सव-भन्दा पर छ त्यसैको-लिङ्ग समस्तपदमा रहन्छ, तत्पुरुषसमासमा पनि त्यसैगरि परपदको लिङ्ग रहन्छ) जस्तै—

'कुक्कुटश्च मयूरी च=अनयोः इतरेतरयोगः' भन्दा 'कुक्कुडमयूर्यौ' यस्तो मयूरीशब्दको-लिङ्गानुसार-समस्तपद स्त्रीलिङ्गी भयो । 'मयूरी च कुक्कुटश्च' भन्दा 'मयूरीकुक्कुटौ' यस्तो कुक्कुट-शब्दको-लिङ्गानुसार समस्तपद पुंलिङ्गी भयो इत्यादि ।
ब्राह्मणस्य कुलम्' भन्दा षष्ठी-तत्पुरुषसमास-भयेर कुलशब्दको-लिङ्गानुसार 'ब्राह्मणकुलम्' यो-समस्तपद क्लीबलिङ्गी भयो, 'कुलस्य ब्राह्मणः' भन्दा पूर्वोक्त-समास-भयेर ब्राह्मणशब्दको-लिङ्गानुसार 'कुलब्राह्मणः' यो-समस्तपद पुंलिङ्गी भयो इत्यादि ॥४२॥

अर्थान्ताः शब्दाः परोपगाः भवन्ति (अर्थ-शब्द-अन्त्यमा-हुने-तत्पुरुषासमासगरेका-शब्द-विशेष्य-निघ्नलिंगी हुन्छन्) जस्तै—'द्विजाय-अयम् = द्विजार्थः सूपः [ब्राह्मण-कानिमित्तको दाल] यहाँ द्विजार्थशब्द विशेष्य-सूपशब्दको-अनुसार पुंलिङ्गी भयो । 'द्विजाय इयम् = द्विजार्था-रसाला' [ब्राह्मणका-निमित्तको-शिखर्नी] यहाँ रसाला-शब्दको-अनुसार द्विजार्थ-शब्द स्त्रीलिङ्गी भयो । 'द्विजाय-इदम् = द्विजार्थं = पयः' [बाहुनका-निमित्तको दूध, या पानी] यहाँ पयस्शब्दको-अनुसार द्विजार्थशब्द क्लीव-लिङ्गीभयो' इत्यादि ।

प्राद्यलंप्राप्तापन्नपूर्वाः शब्दाश्च परोपगाः (प्र[1]पराप्रभृति-उत्सर्ग, अलम्[2], प्राप्त[3] आपन्न[4] ई ४ थरी-शब्द-पूर्वमा-हुने-तत्पुरुषसमासले-सिद्ध-भयेका-शब्द पनि विशेष्यनिघ्न हुन्छन्) जस्तै-क्रमैले—

(१) प्रादिपूर्वंतत्पुरुषमालाम्—अतिक्रान्तः = अतिमालः =पुरुषः । मालाम् अतिकान्ता = अतिमाला, नारी । मालाम्-अतिक्रान्तम् = अतिमालम् = कुलम्, इंत्यादि ।

(२) अलंपूर्वंतत्पुरुष—अलंकुमार्यै = अलंकुमारिः पुरुषः, अलंकुमारिः नारी, अलंकुमारि कुलम् इत्यादि ।

(३) प्राप्तपूर्वंतत्पुरुष—जीविका—प्राप्तः[1] प्राप्ता[2], प्राप्तम्[3], प्राप्त[1]जीविकः प्राप्त[2]-जीविका, प्राप्त[3]जीविकम्, पुरुषः[1], नारी[2], कुलम्[3] इत्यादि ।

३०४९ बहुव्रीहिरदिङ्नाम्नामुन्नेयं तदुदाहृतम् ।

(४) आपन्नपूर्वतत्पुरुष—जीविकाम् आपन्नः, आपन्ना, आपन्नम् = आपन्नजीविकः, आपन्नजीविका, आपन्नजीविकम्, पुरुषः, नारी, कुलम्, इत्यादि ।

तद्धितार्थो द्विगुः परोपगः (तद्धितार्थमा-भयेको-द्विगुसमास विशेष्यनिघ्न हुन्छ) जस्तै—पञ्चसु-कपालेषु-संस्कृतः (ता तम्) = पञ्चकपालः, पञ्चकपाला, पञ्चकपालम् । यहाँ 'पञ्चसु-कपालेषु-संस्कृतः' (५ कपाल (हविःसंस्कार-गर्ने-पात्रविशेष)-मा संस्कारगरियेको) भन्ने-अर्थमा 'तद्धितार्थोत्तरपदसमाहारे च' भन्ने-सूत्रले-तद्धितार्थमा ('संस्कृतं भक्षाः' भन्ने-सूत्रले-अण्-प्रत्यय-हुने-अर्थमा) समास भयेर 'संस्कृतं भक्षाः' भन्ने पूर्वोक्तसूत्रले 'संस्कार-गरियेको-भक्ष' भन्ने-अर्थमा अण्-प्रत्यय-भयेर 'द्विगोर्लुगनपत्ये' भन्ने-सूत्रले अण्-प्रत्ययको लुक्(लोप)गर्दा 'पञ्चकपाल' यो-शब्द बनेको हो । पञ्चकपालमा-संस्कारगरियेको वस्तुलाई-कहने-शब्द पुरोडाश-प्रभृति पुंलिङ्गी राखियो भने 'पञ्चकपालः पुरोडाशः' हुन्छ, हविस्-प्रभृति क्लीबलिङ्गी राखियो भने—'पञ्चकपालं हविः' हुन्छ, आमिक्षा-प्रभृति-स्त्रीलिङ्गी राखियो भने 'पञ्चकपाला आमिक्षा' हुन्छ ।

संख्यासर्वनामतदन्तकाः परोपगाः (संख्या[1]वाचकशब्द, [2]सर्वनामसंज्ञकशब्द, [3]संख्यान्तशब्द, [4]सर्वनामान्त-शब्द पनि विशेष्यनिघ्नलिङ्गी हुन्छन्) जस्तै—

(१) एकः पुरुषः । एका नारी । एकम् फलम् । द्वौ पुरुषौ । द्वे नार्यौ । द्वे फले । त्रयः पुरुषाः । तिस्रः नार्यः । त्रीणि फलानि । चत्वारः पुरुषाः । चतस्रः नार्यः । चत्वारि फलानि । इत्यादि ।

(२) सर्वः देशः । सर्वा पुरी । सर्वं नगरम् । परः पुरुष । परा नारी । परं कुलम् । इत्यादि

(३) ऊनत्रयः पुरुषाः । ऊनतिस्रः स्त्रियः । ऊनत्रीणि कुलानि । इत्यादि ।

(४) परमसर्वः पुरुषः । परमसर्वा नारी । परमसर्वं कुलम् । इत्यादि ॥४३॥

अदिङ्नाम्नां बहुव्रीहिः परोपगः (दिग्वाचक-दिग्वाचक-शब्दको-अन्तराल (माझ) अन्यपदार्थराखेर-गरेको-बहुव्रीहिवाहेकको-बहुव्रीहिसमास-गरेको-समस्तपद विशेष्यनिघ्नलिङ्गी हुन्छ, त्यस्काउदाहरण अतिप्रसिद्ध छन्, आफ्नाबुद्धिले बनाउनुपर्दछ) जस्तै—'बहु-धनं यस्य सः = बहुधनः, बहु धनं यस्याः सा = बहुधना । बहुधनं यस्य तत् = बहुधनम् इत्यादि । 'दक्षिणस्याः पूर्वस्याश्च (दिशः) अन्तरालं (दिक्) = दक्षिणपूर्वा' यस्तो दिग्वाचक २ शब्दको बहुव्रीहिसमास-स्त्रीलिंगी नै रहन्छ, विशेष्यनिघ्नलिंगी हुँदैन ।

३०५० गुणद्रव्यक्रियायोगोपाधिभिः परगामिनः ॥४४॥
३०५१ कृतः कर्तर्यसंज्ञायां कृत्याः कर्तरि कर्मणि ।
३०५२ अणाद्यन्तास्तेन रक्ताद्यर्थे नानार्थभेदकाः ॥४५॥
३०५३ षट्संज्ञकास्त्रिषु समा युष्मदस्मत्तिङव्ययम् ।

गुणो[1]पाधिक, [2]द्रव्योपाधिक, क्रियो[3]पाधिकशब्द पनि विशेष्यनिघ्नलिंगो हुन्छन् जस्तै—

(१) गुणोपाधिक—शुक्लः पटः, शुक्ला शाटी, शुक्लं वस्त्रम् इत्यादि ।

(२) द्रव्योपाधिक—दण्डी पुरुषः, दण्डिनी नारी, दण्डि कुलम् इत्यादि ।

(३) क्रियोपाधिक—पाचकः पुरुषः, पाचिका नारी । पाचकं चूर्णम् इत्यादि ॥४४॥

संज्ञाभिन्न-कर्ता-अर्थमा-विधान-गरियेका-[1]कृत्-प्रत्यय, [2]कर्ता-र-[3]कर्ममा-विधान-गरियेका कृत्यसंज्ञकप्रत्यय पनि विशेष्यनिघ्नलिंगी हुन्छन् ।

(१) कृत--करोतीति कर्ता पुरुषः, कर्त्री नारी, कर्तृ कुलम् । इत्यादि । पचतीति पाचकः पुरुषः, पाचिका नारी, पाचकं कुलम् इत्यादि ।

संज्ञा-बुझिदा-भयेको-कृत्-प्रत्यय-भने नियतलिंग हुन्छ, विशेष्यनिघ्न हुँदैन— जस्तै—धनञ्जयः १ [अग्नि, अर्जुन], विश्वम्भरा २ [पृथ्वी], रथन्तरम् ३ [सामवेद] इत्यादि ।

(२) कर्तरिकृत्य—वसतीति वास्तव्यः पुरुषः, वास्तव्या नारी, वास्तव्यं कुलम् । भवतीति भव्यः पुरुषः, भव्या नारी, भव्यं कुलम् इत्यादि ।

(३) कर्मणिकृत्य—छेत्तुं योग्यः --छेद्यः वृक्षः, छेत्तुं योग्या = छेद्या लता, छेत्तुं योग्यं = छेद्यम् वनम् इत्यादि ।

तेन रक्ताद्यर्थे अणाद्यन्ताः नानार्थभेदकाः परोपगाः (तेन रक्तम (त्यस्ले रँगाये-को) तत आगतः (त्यतावाट आयेको) इत्यादि-अर्थमा-भयेका-अण्-प्रभृति-प्रत्यय-अन्त्यमा हुने नानाप्रकारकावस्तुका-विशेषण-भयेका-शब्द विशेष्यनिघ्नलिंगी हुन्छन् । जस्तै—कुङ्कुमेन रक्तः (रक्ताः रक्तम्) कौङ्कुमः १ पटः, कौङ्कुमी २ शाटी, कौङ्कुमं ३ वस्त्रम्, इत्यादि । मथुरायाः आगतः (आगता-आगतं) माथुरः पुरुषः, माथुरी नारी, माथुरं ज्ञानम्, इत्यादि ॥४५॥

षट्संज्ञकशब्द (षकारान्त[1], [2]नकारान्त,-संख्यावाचक-शब्द र [3]डतिप्रत्ययान्त-[3]कतिशब्द, युष्मद्[4] अस्[5]मद् शब्द, तिङन्त[6] (क्रियापद) अव्य[7]य-शब्द, ई ७ शब्द तीनै-लिङ्गमा समान रहन्छन्, लिङ्गभेदले रूपभेद हुँदैन) जस्तै—

(१) षकारान्तसंख्यावाचक षष्शब्द—षट् पुरुषाः, षट् स्त्रियः, षट् फलानि । इत्यादि ।

३०५४ **परं विरोधे शेषं तु ज्ञेयं शिष्टप्रयोगतः ॥४६॥**

॥ इति लिङ्गादिसंग्रहवर्गः ॥५॥

(२) नकारान्तसंख्यावाचक पञ्चन्शब्द—पञ्च नराः । पञ्च नार्यः । पञ्च फलानि । इत्यादि ।

(३) डतिप्रत्ययान्त-संख्यासंज्ञक-कतिशब्द—कति नराः । कति नार्यः, कति फलानि । इत्यादि ।

(४) युष्मद्शब्द—त्वं पुरुषः । त्वं नारी । त्वं कुलम् इत्यादि ।

(५) अस्मद्शब्द—अहं पुरुषः । अहं नारी । अहं कुलम् इत्यादि ।

(६) तिङन्त (क्रियापद)—पुरुषः पचति । नारी पचति । पाचकवृन्दं पचति इत्यादि ।

(७) अव्ययशब्द—उच्चैः पुरुषः । उच्चैः स्त्री । उच्चैः गृहम् इत्यादि ।

लिङ्गविधायकवचनको परस्पर विरोध परेमा पल्लो-वचन मानिन्छ, जस्तै—

'कषणभमरोपान्ताः' भन्ने-वचन(१४ श्लो०)ले मानुषशब्द केवल-पुंलिङ्गमा ठहरिन्थ्यो, 'द्विचतुःषट्पदोरगणाः' भन्ने-वचन(३७ श्लो०)ले द्विपद-हुनाले मानुषशब्द स्त्रीलिङ्ग र पुंलिङ्गमा रहने ठहरिन्थ्यो, ई २ वचनको परस्पर विरोध हुँदा पल्लो-वचन ('द्विचतुःषट्पदोरगाः' यो-वचन) बलवान् मानियो र मानुषशब्द पुंलिङ्ग-स्त्रीलिंग दुवैमा पुंस्त्रीको-विवक्षानुसार रहने-भयो इत्यादि ।

यहाँ-वतायेका-वाहेक कुनैशब्दका लिङ्ग, वताउन वाँकी-रहेका होलान्, यो-नामलिङ्गानुशासनमा नदेख्तैमा तिन्लाई अप्रमाण नमान्नु, शिष्टहरूले प्रयोग गरेका रहेछन्-भने ती-शब्द ती-लिङ्ग प्रामाणिकै हुन् । महातपस्वी-शंकरकरुणापात्र-खास-व्याकरणकर्ता-पाणिनिमहामुनिले-समेत शब्दभेद-भयेका-वेलामा आदरका-साथ शाकल्य-शाकटायन, आपिशलि, भारद्वाज गार्ग्यं, गालव, इत्यादि—अनेकानेकमुनिहरूको मत स्वीकार-गरेर शब्दका भिन्न-भिन्न रूप मानेका छन्, कसैको-मतलाई अशुद्ध हो भन्ने साहस गर्न शकेका-छैनन् । लिङ्गका-विषयमा-पनि भरसख लिङ्गव्यवस्था गर्दागर्दा हार-मानेर 'लिङ्गको अनुशासन गरेर साध्य छैन, लिंग लोकाश्रय छ, दुनियाँका-शिक्षितहरूले जस्तो प्रयोग गर्दछन् त्यो ठीक हो'.भन्ने-आशयले 'लिंगमशिष्यं लोकाश्रयत्त्वात्' भन्नु-परेको छ, त्यसो-हुनाले केवल १५सये श्लोक-प्रमाणभयेको-यो-सानुग्रन्थमा अनन्तशब्दको समावेश नदेख्तैमा शिष्टानुसारीहरूले-प्रयोग-गरेका-शब्द-

इत्यमरसिंहकृतौ नामलिङ्गानुशासने ।
सामान्यकाण्डस्तृतीयः साङ्ग एव समर्थितः ॥३॥

इत्यमरसिंहकृते नामलिंगानुशासने
तृतीयः काण्डः समाप्तः ।

॥ समाप्तोऽयं ग्रन्थः ॥

का स्वरूपलाई र लिंगलाई अशुद्ध नभन्नु, यस्तो-पनि हुदो-रहेछ भनि-आफ्नु ज्ञानकोश बढाउनु । यो-अमरकोश शब्द-र-लिंगको दिग्दर्शन गराउनमात्र बनायेको हो, 'यावत्-शब्द लिंग-समेत बुझाइदिन्छु, यसैका अनुसार सारा-दुनियाँ चलोस्' भन्ने दुराग्रह लियेर यो बनायेको होइन ॥४६॥

अमरसिंहको-निर्माण-यो-नामलिंगानुशासनमा यो तेस्रो
सामान्यकाण्ड साङ्गोपाङ्गसमाप्त भयो ।

—०—

अलब्धोचिताध्यापकानां वटूनां धियः शुद्धिमाधातुमेषा प्रणीता
तृतीयेऽत्र काण्डे निबन्धेऽमरस्य स्वयंबोधिनी पूर्णभावं प्रपन्ना ॥ ३ ॥

बुभुत्सूनुत्सुकान्बालान् विधित्सुः सावलम्बनान् ।
टीकामेतां व्यरचयत् कुलचन्द्रः कृतश्रमः ॥ ४ ॥

॥ इति शिवम् ॥

अमरकोशस्य संस्कृतशब्दानुक्रमणिका

रूपाङ्काः	शब्दाः	प्रक्रमाङ्काः
	अ	
१८२	अ	२९३८
१	अंश	१९४३
६३	अंशु	२२६
४	अंशुक	१३४३
३	अंशुमती	९१०
२	अंशुमत्फला	९०५
१४४	अंशुमालिन्	२२२
८	अंस	१२६९
१२	अंसल	११९८
४५	अंहति	१४५५
१६९	अंहस्	२८०
४५	अकरणि	२३७८
१	अकूपार	१९८
१४२	अकृष्णकर्मन्	२१६७
१	अक्ष	७९६
१	अक्ष	१९३७
४	अक्ष	१८४९
१	अक्ष	२०७७
४	अक्ष	२८४५
२	अक्षगुटिका	२०७८
१	अक्षत	१८५७
१	अक्षदर्शक	१५३०
१४४	अक्षदेविन्	२०७४
१	अक्षधूर्त	२०७४
१	अक्षपाद	१४०७
४	अक्षर	२७६५
६३	अक्षरचुञ्चु	१५५०
१	अक्षरचण	१५५०
४	अक्षरसंस्थान	१५५१
३	अक्षवती	२०७६

रूपाङ्काः	शब्दाः	प्रक्रमाङ्काः
१	अक्षाग्रकीलक	१६३६
४५	अक्षान्ति	४३७
५४	अक्षि	१२९८
४	अक्षिकूटक	१५९९
१२	अक्षिगत	२१६५
४	अक्षिब	१८४६
४	अक्षीब	१८४६
१	अक्षोट	७३७
१	अक्षोड	७३७
३	अक्षौहिणी	१६८६
१२	अखण्ड	२२०६
४	अखात	५५१
१२	अखिल	२२०५
१	अग	२४३३
१	अगद	१२११
१	अगदङ्कार	१२२५
१	अगम	६९०
३	अगरी	८१७
४४	अगस्ति	१९६
१	अगस्त्य	१९६
१२	अगाध	५२७
४	अगार	६३१
६७	अगुरु	१३६५
६५	अगुरु	१३६६
२	अगुरुशिंशपा	८०४
३	अग्नायो	१४३८
४४	अग्नि	१०८
१	अग्निकण	११७
१०४	अग्निचित्	१४१९
२	अग्निज्वाला	९२८
४	अग्नित्रय	१४३५

रूपाङ्काः	शब्दाः	प्रक्रमाङ्काः
७६	अग्निभू	७९
१	अग्निमन्थ	८११
३	अग्निमुखी	७६४
४	अग्निशिख	१३६०
२	अग्निशिखा	९१६
२	अग्निशिखा	९५२
१	अग्न्युत्पात	२५१
४	अग्र	७०३
१२	अग्र	२१९१
४	अग्र	२७६८
१२	अग्रज	११९६
१२६	अग्रजन्मन्	१३९९
१५	अग्रतःसर	१६६७
१८२	अग्रतस्	२९३०
१८२	अग्रतस्	२८९४
४	अग्रमांस	१२४०
१५	अग्रेसर	१६६७
१२	अग्रिय	११९६
१२	अग्रिय	२१९१
१२	अग्रीय	२१९१
१२	अग्र्य	२१९१
४	अघ	२४५०
४	अघ	२८०
४	अघमर्षण	१४९६
२	अघ्न्या	१८९८
१	अङ्क	२२९३
१	अङ्क	१९०
१	अङ्कुर	६८८
८	अङ्कुश	१६०६
१	अङ्कोट	७३७
१	अङ्कोल	७३८
१	अङ्क्य	३९८
१	अङ्खोट	७३८
४	अङ्ग	१२५२
१८२	अङ्ग	२९२९
१८२	अङ्ग	२९५३
४	अङ्गण	६४८
४	अङ्गद	१३२७
४	अङ्गन	६४८
२	अङ्गना	१११५
२	अङ्गना	१६६
१	अङ्गविक्षेप	४१९
१	अङ्गसंस्कार	१३५४
१	अङ्गहार	४१९
८	अङ्गार	१८२३
१	अङ्गारक	२०७
२	अङ्गारधानिका	१८२२
३	अङ्गारवल्लरी	७७६
३	अङ्गारवल्ली	८५९
३	अङ्गारशकटी	१८२२
१	अङ्गीकार	३०९
१२	अङ्गीकृत	२२९२
२	अङ्गुलिमुद्रा	१३२८
४	अङ्गुलीयक	१३२७
१	अङ्गुष्ठ	१२७६
४४	अङ्घ्रि	१२५५
१	अङ्घ्रिनामक	७०३
२	अङ्घ्रिपर्णिका	८६४
२	अङ्घ्रिवल्लिका	८६५
३	अचण्डी	१९०५
१	अचल	६६५
२	अचला	५८४
१२	अचिक्कण	२५८३
१२	अच्छ	५२५
१	अच्छ	१०२८
१२	अच्छ	२४५५
१	अच्छभल्ल	१०२८
१	अच्युत	३०

रूपाङ्काः	शब्दाः	प्रक्रमाङ्काः	रूपाङ्काः	शब्दाः	प्रक्रमाङ्का
१	अच्युताग्रज	३९	१८२	अञ्जसा	२९३९
१	अज	२४५८	१८२	अञ्जसा	२९१९
१	अज	१९१६	४५	अटनि	१६९२
४	अजकव	६९	३	अटनी	१६९२
२	अजगन्धिका	९५८	१	अटरूष	८८६
१	अजगर	१६५२	३	अटवी	६८१
४	अजगव	६९	२	अटा	१४६७
४	अजन्य	१७४१	१	अट्ट	६४६
२	अजमोदा	९६९	२	अट्या	१४६७
३	अजशृङ्गी	९१८	१२	अणक	२१८४
४	अजस्र	१३७	१२	अणव्य	१७७७
२	अजहा	८५२	४७	अणि	१६३६
२	अजा	१९१६	१२९	अणिमन्	७१
३	अजाजी	१८३६	१७१	अणीयस्	२२००
१	अजाजीव	२००८	६३	अणु	१८०४
१२	अजित	२५२२	६३	अणु	२१९९
४	अजित	१४९४	८	अण्ड	१०९८
२	अजिनपत्रा	१०७५	१	अण्डकोश	१२६५
४४	अजिनयोनि	१०३९	१	अण्डकोष	१२६५
४	अजिर	६४८	१	अण्डज	१०८९
४	अजिर	२७६४	१	अण्डज	५३०
१२	अजिह्म	२२१७	१	अण्डज	२१७७
१	अजिह्मग	१६९६	१	अतट	६७१
२	अज्जुका	४१०	१२	अतलस्पर्श	५२७
२	अज्झटा	९३३	३	अतसी	१८०३
१२	अज्ञ	२१५२	१८३	अति	२८८५
१२	अज्ञ	२१७१	१८२	अति	२९२०
४	अज्ञान	३१२	१८२	अति	२९२६
१२	अञ्चित	२२७१	१	अतिक्रम	२३६७
१	अञ्जन	१६३	२	अतिचरा	९७१
३	अञ्जनकेशी	९३९	१	अतिच्छत्र	१०१३
२	अञ्जना	१६६	२	अतिच्छत्रा	९८३
३	अञ्जनावती	१६६	१२	अतिजव	१६६९
४४	अञ्जलि	१२८३	४४	अतिथि	१४६३

रूपाङ्काः	शब्दाः	प्रक्रमाङ्काः	रूपाङ्काः	शब्दाः	प्रक्रमाङ्काः
२	अतिथिसपर्या	१४२३	१८२	अथो	२८९६
१४४	अतिनिर्हारिन्	३१९	१२	अदभ्र	२२०१
७०	अतिनु	५२४	४	अदर्शन	२३४५
१३६	अतिपथिन्	६१५	१	अदितिनन्दन	५
१	अतिपात	१४७५	१५८	अट्टशर	१२३४
१	अतिपात	२३६७	४	अदृष्ट	१५७३
१२	अतिबल	१६६९	४८	अदृष्टि	४६३
४	अतिमात्र	१३८	१८३	अद्धा	२९३९
१	अतिमुक्त	८२३	४	अद्भुत	४२१
१	अतिमुक्तक	७३२	१२	अद्भुत	४२६
१२	अतिरिक्त	२२२६	१२	अद्मर	२११६
८५	अतिवक्तृ	२१४६	१८३	अद्य	२९५६
१	अतिवाद	३६०	४४	अद्रि	६६५
२	अतिविषा	८७१	४४	अद्रि	२७२८
४	अतिवेल	१३८	१४४	अद्वयवादिन्	१७
२	अतिशक्तिता	१७२८	१२	अधम	२६९०
१	अतिशय	१३७	१२	अधम	२१८३
१	अतिशय	२१२२	१२	अधमर्ण	१७७२
१२	अतिशोभन	२१९२	१	अधर	१२९२
४	अतिसर्जन	२३५६	१८	अधर	२७८०
१४५	अतिसारकिन्	१२३०	१८२	अधरेद्युस्	२९५७
१२	अतीतनौक	५२४	१८२	अधस्	४६६
१२	अतीन्द्रिय	२२३३	१	अधामार्गव	८५६
१८२	अतीव	२९२०	४८	अधिकर्द्धि	२०९८
२	अत्तिका	४१७	१	अधिकाङ्ग	१६५०
१२	अत्यन्तकोपन	२१३९	१	अधिकार	१५८५
१२	अत्यन्तीन	१६७६	१२	अधिकृत	१५३२
१	अत्यय	१७५५	१२	अधिक्षिप्त	२१५९
१	अत्यय	२७०१	२	अधित्यका	६७८
४	अत्यर्थ	१३८	१	अधिप	२०९७
१२	अत्यल्प	२२००	१	अधिपाङ्ग	१६५०
४	अत्याहित	२५५३	७६	अधिभू	२०९७
४४	अत्रि	२१०	३	अधिरोहिणी	६५८
१८२	अथ	२८९६	४	अधिवासन	१३८१

रूपाङ्काः	शब्दाः	प्रक्रमाङ्काः
२	अधिविन्ना	११२३
३	अधिश्रयणी	१८२१
४	अधिष्ठान	२६५१
१२	अधीन	२१०८
१२	अधीर	२१२८
१	अधीश्वर	१५२३
१८२	अधुना	२९६१
१२	अधृष्ठ	२१२७
४	अधोंशुक	१३४६
१	अधोक्षज	३४
८०	अधोगन्तृ	१०४४
४	अधोभुवन	४६६
१३	अधोमुख	२१४२
१	अधोरण	१६४१
१	अध्यक्ष	१५३२
१२	अध्यक्ष	२८५३
१	अध्यवसाय	४४७
४	अध्यात्म	२६८९
१	अध्यापक	१४०९
१	अध्याहार	३०४
२	अध्यूढा	११२३
२	अध्येषण	१४६०
१२	अध्वग	१५५७
१२६	अध्वन्	६१३
१२	अध्वनीन	१५५७
१२	अध्वन्य	१५५७
१	अध्वर	१४२२
६३	अध्वर्यु	१४२९
१२	अनक्षर	३७६
१	अनङ्ग	४४
१२	अनच्छ	५२५
१७८	अनडुह	१८८४
१	अनन्त	१५०
१२	अनन्त	२५६१
२	अनन्ता	५८५
२	अनन्ता	८६३
२	अनन्ता	९०३
२	अनन्ता	९५२
२	अनन्ता	९९६
१	अनन्यज	४४
४८	अनन्यवृत्ति	२२३४
१२	अनमितंपच	२१७२
१	अनय	२७००
१६	अनर्थक	३७५
१	अनल	१११
१	अनवधानता	४४९
४	अनवरत	१३७
१२	अनवस्कर	२१८७
१२	अनवरार्ध्य	२१९०
१६९	अनस्	१६२८
२	अनागतार्तवा	११२५
१	अनादर	४३४
४	अनामय	१२१०
२	अनामिका	१२७७
४	अनारत	१३६
१	अनार्यतिक्त	९६५
१२	अनाहत	१३३६
१	अनिमिष	२८३९
१	अनिरुद्ध	४७
१	अनिल	९
१	अनिल	१२८
१	अनिश	१३६
८	अनीक	१६८०
८	अनीक	१७३२
१	अनीकस्थ	१५३२
३	अनीकिनी	१६७९
३	अनीकिनी	१६८६
१८२	अनु	२८९९

रूपाङ्काः	शब्दाः	प्रक्रमाङ्काः	रूपाङ्काः	शब्दाः	प्रक्रमाङ्काः
१२	अनुक	२१२२	१	अनुहार	२३३५
२	अनुकम्पा	४२४	४	अनूक	२४११
१	अनुकर्ष	१६३८	१	अनूचान	१४१५
१	अनुकल्प	१४८१	१२	अनूनक	२२०६
१२	अनुकामीन	१६७६	१२	अनूप	६०४
१	अनुकार	१३३५	६२	अनूरु	२२४
१	अनुक्रम	१४७४	७१	अनृजु	२१६१
१	अनुकोश	४२४	४	अनृत	१७६७
१२	अनुग	२२३२	१२	अनृत	३७९
१	अनुग्रह	२३२६	१	अनेकप	१५९१
१५	अनुचर	१६६६	१२	अनेडमूक	२१५२
१२	अनुज	११९७	१६४	अनेहस्	२३२
१४५	अनुजीविन्	१५३७	१	अनोकह	६९०
४	अनुतर्षण	२०७३	१	अन्त	१७५६
१	अनुताप	४३९	१	अन्त	२२३७
१२	अनुत्तम	२१८९	४	अन्तःपुर	६४५
१२	अनुत्तर	२७८२	१	अन्तक	१२२
१८२	अनुपदम्	२२३२	(१८)१२	अन्तर	२७७५
२	अनुपदीना	२०४८	१८२	अन्तरा	२९३५
२	अनुपमा	१६५	१	अन्तराय	२३३९
१२	अनुप्लव	१६६६	४	अन्तराल	१६८
१	अनुबन्ध	२५९६	४	अन्तरिक्ष	१५०
१	अनुबोध	१३५७	८	अन्तरीप	५१३
१	अनुभव	२३५५	४	अन्तरीय	१३४६
१	अनुभाव	४३०	१८२	अन्तरे	२९३५
१	अनुभाव	२८२०	१८२	अन्तरेण	२९२१
४५	अनुमति	२४७	१८२	अन्तरेण	२९३६
१	अनुयोग	३५२	१२	अन्तर्गत	२२४८
१	अनुरोध	१५४४	१	अतर्गल	८२८
१	अनुलाप	३६४	२	अन्तर्धा	१८१
४	अनुवर्तन	१५४४	४४	अन्तर्धि	१८१
१	अनुवाक	२९९५	४	अन्तद्वार	६५०
१	अनुशय	२६९७	१६८	अन्तर्मनस्	२०९१
१	अनुष्ण	२०२३	३	अन्तर्वत्नी	११५३

रूपाङ्काः	शब्दाः	प्रक्रमाङ्काः	रूपाङ्काः	शब्दाः	प्रक्रमाङ्काः
४८	अन्नर्वाणि	२०८८	२	अन्वेषणा	१४५९
१	अन्तर्वेशिक	१५३५	१२	अन्वेषित	२८८५
१४४	अन्तावसायिन्	२००६	१४७	अप्	५०२
१२	अन्तिक	२२१०	१५३	अपकारगि	३६०
१२	अन्तिकतम	२२१२	१	अपक्रम	१७४६
२	अन्तिका	१८२१	१	अपघन	१२५२
१४४	अन्तेवासिन्	१४१७	१	अपचय	२३३२
१४४	अन्तेवासिन्	२०२६	१२	अपचायित	२२७८
१२	अन्त्य	२२३७	१२	अपचित	२२७८
४	अन्त्र	१२४३	४५	अपचिति	१४६५
२	अन्दिका	१८२१	४५	अपचिति	२५३३
१	अन्दुक	१६०६	१२	अपटान्तर	२२११
७८	अन्दू	१६०६	७१	अपटु	१२२७
१२	अन्ध	१२३४	४	अपत्य	११३५
१२	अन्ध	२६०५	२	अपत्रपा	४३५
६३	अन्धकरिपु	६६	७०	अपत्रपिष्णु	२१३१
८	अन्धकार	४७०	४	अपथ	६१७
४	अन्धतमस	४७१	१३६	अपथिन्	६१७
१६९	अन्धस्	१८६०	४	अपदान	२३०७
६३	अन्धु	५४९	१२	अपदान्तर	२२११
१२	अन्न	२२९७	१८२	अपदिश	१६७
४	अन्न	१८६०	१	अपदेश	२८३३
२९	अन्य	२२४०	१	अपदेश	४५४
३०	अन्यतर	२२४०	१२	अपध्वस्त	२१५४
१८२	अन्यतरेद्युस्	२९५८	१	अपभ्रंश	३३६
१८२	अन्येद्युस्	२९५८	४	अपयान	१७४६
१८२	अन्वक्	२२३२	४	अपर	१६०४
१२	अन्वक्ष	२२३२	१२	अपरस्पर	२३०३
१	अन्वय	१३९३	२	अपराजिता	९७८
१	अन्ववाय	१३९४	२	अपराजिता	८७८
४	अन्वाहार्य	१४५८	१२	अपराद्धपृषत्क	१६६०
१२	अन्विष्ट	२८८५	१	अपराध	१५७६
४	अन्वीक्षण	२३६०	१	अपराह्ण	२३८
४	अन्वेषण	२३६०	१८२	अपरेद्युस्	२९५७

रूपाङ्काः	शब्दाः	प्रक्रमाङ्काः
२	अपर्णा	७४
१	अपलाप	३६६
१	अपवर्ग	३१२
४	अपवर्जन	१४५५
१	अपवाद	३५८
१	अपवाद	२५७७
४	अपवारण	१८१
१	अपशब्द	३३६
१८२	अपष्ठु	२२४३
१	अपसद	२०१९
१	अपसर्प	१५४५
१२	अपसव्य	२२४४
१	अपस्कर	१६३४
१२	अपस्नात	२११४
१	अपहार	२३३२
४४	अपांपति	५००
१	अपाङ्ग	१३००
१	अपाङ्ग	२४३८
३	अपाची	१५५
३	अवाची	१५५
१	अपान	१३२
४	अपान	१२५९
१	अपामार्ग	८५६
१२	अपावृत	२१०६
४	अपासन	१७५०
१८२	अपि	२९००
४	अपिधान	१८२
१२	अपिनद्ध	१६५३
१	अपूप	१८५९
१२	अपोगण्ड	१२०२
४४	अप्पति	१२६
४	अप्पित्त	११५
१	अप्रकाण्ड	६९७
१२	अप्रगुण	२११९
१२	अप्रत्यक्ष	२२३३
४	अप्रधान	२१९५
१२	अप्रहत	५९४
१२	अप्राग्र्य	२१९५
१६४	अप्सरस्	११
१६४	अप्सरस्	१०६
१२	अफल	६९३
१२	अबद्ध	३७५
१२	अबद्धमुख	२१४८
१२	अबन्ध्य	६९२
२	अबला	१११३
१२	अबाध	२२४२
१	अब्ज	२४६२
४	अब्ज	१८५
४४	अब्जिनीपति	२२२
४४	अब्जयोनि	२३
१	अब्द	२७४
१	अब्द	२५७६
१	अब्द	२६९४
४४	अब्धि	४९८
१	अब्धिकफ	१९७४
४	अब्रह्मण्य	४१५
४	अभय	१००८
२	अभया	७९७
४	अभाषण	१४६८
१२	अभिक	२१२३
१	अभिक्रम	१७१६
२	अभिख्या	२७१३
२	अभिख्या	१९१
१	अभिग्रह	२३२७
४	अभिग्रहण	२३३४
१४४	अभिघातिन्	१५४२
१५	अभिचर	१६६६
१	अभिचार	२३३८

रूपाङ्काः	शब्दाः	प्रक्रमाङ्काः
१	अभिजन	१३९३
१	अभिजन	२६१५
१२	अभिजात	२५६२
१२	अभिज्ञ	२०८३
१८२	अभितस्	२२१०
१८२	अभितस्	२९१३
४	अभिधान	३४८
२	अभिध्या	४३६
१	अभिनय	४१९
१	अभिनव	२२३०
१२	अभिनिर्मुक्त	१५१२
४	अभिनिर्याण	१७१४
१२	अभिनीत	२५६०
१२	अभिनीत	१५७२
१२	अभिपन्न	२६५६
१	अभिप्राय	२३४१
१२	अभिभूत	२१५५
१	अभिमर्द	१७३४
१	अभिमान	२६२०
१	अभिमान	४३१
४४	अभियाति	१५४२
१४४	अभियातिन्	१५४२
१	अभियोग	२३२७
१२	अभिरूप	२६६२
१	अभिलाव	२३४८
१	अभिलाष	४४४
१२	अभिलाषुक	२१२०
१६	अभिवादक	२१३१
४	अभिवादन	१४८३
४५	अभिव्याप्ति	२३१३
१२	अभिशस्त	२१६१
४५	अभिशस्ति	१४६०
१	अभिशाप	३५४
१	अभिषङ्ग	२४४३
१	अभिषङ्ग	२३१२
१	अभिषव	१४९५
१	अभिषव	२०७१
४५	अभिषस्ति	१४६०
४	अभिषेणन	१७१३
१२	अभिष्टुत	२२९५
१	अभिसंपात	१७३३
१५	अभिसर	१६६६
२	अभिसारिका	११२९
१	अभिहार	२३३४
१	अभिहार	२७३८
१२	अभिहित	२२९०
१२	अभीक	२१२३
१८२	अभीक्ष्णम्	२९१८
१८२	अभीक्ष्णम्	२९३७
१२	अभीप्सित	२१८२
१	अभीर	१८७९
६४	अभीरू	८८०
३	अभीरुपत्री	८८२
१	अभीषङ्ग	२३१२
६३	अभीषु	२८४१
१२	अभीष्ट	२१८२
१२	अभ्यग्र	२२१०
४	अभ्यञ्जन	१८६४
४	अभ्यन्तर	१६८
१२	अभ्यमित	१२२८
१२	अभ्यमित्रीण	१६७३
१२	अभ्यमित्रीय	१६७३
१२	अभ्यमित्र्य	१६७३
१२	अभ्यर्ण	२२१०
४	अभ्यवकर्षण	२३३४
४	अभ्यवस्कन्दन	१७४३
१२	अभ्यवहृत	२२९७
४	अभ्याख्यान	३५३

रूपाङ्काः	शब्दाः	प्रक्रमाङ्काः
१	अभ्यागस	१७३४
१२	अभ्यागारिक	२०९९
४	अभ्यादान	२३५३
१२	अभ्यान्त	१२२८
१	अभ्यामर्द	१७३४
१२	अभ्याश	२२०९
१२	अभ्यास	२२०९
४	अभ्यासादन	१७४३
४	अभ्युत्थान	१४६४
१	अभ्युदित	१५१२
१	अभ्युपगम	३०९
४५	अभ्युपपत्ति	२३२६
१	अभ्युष	१८५७
१	अभ्यूष	१८५७
१	अभ्योष	१८५७
४	अभ्र	१४९
४	अभ्र	१६९
४	अभ्रक	१९६४
१	अभ्रपुष्प	७३९
१	अभ्रमातङ्ग	९५
६४	उभ्रमु	१६५
१	अभ्रमुवल्लभ	९५
४५	अभ्रि	५२३
१२	अभ्रिय	१७२
३	अभ्री	५२३
१	अभ्रेष	१५७१
४	अमत्र	१८३०
१	अमर	३
३	अमरावती	९२
१	अमर्त्य	६
१	अमर्ष	४४०
१२	अमर्षण	२१३९
२	अमला	९३३
१८२	अमा	२९०२
२	अमा	२४८
१२	अमांस	११९८
१	अमात्य	१५२८
४	अमानस्य	४९६
३	अमामासी	२४८
३	अमावसी	२४८
२	अमावस्या	२४८
३	अमावासी	२४८
	अमित्र	५०३
	अमित्र	३११
१८२	अमुत्र	२९३२
४	अमृणाल	१००८
४	अमृत	१४५२
४	अमृत	१७६८
४	अमृत	२५५०
४	अमृत	३११
४	अमृत	५०३
४	अमृत	९९
२	अमृता	७९५
२	अमृता	७९७
२	अमृता	८४४
१६४	अमृतान्धस्	६
२	अमोघा	८९१
२	अमोघा	७८८
४	अम्बर	१४९
४	अम्बरीष	१८२४
१	अम्बष्ठ	१९१९
२	अम्बष्ठा	८२२
२	अम्बष्ठा	८४८
२	अम्बष्ठा	९६०
४२	अम्बा	४१६
२	अम्बिका	७४
६५	अम्बु	५०५
४	अम्बुज	८०१

रूपाङ्काः	शब्दाः	प्रक्रमाङ्काः	रूपाङ्काः	शब्दाः	प्रक्रमाङ्काः
१०४	अम्बुभृत्	१७०	१२	अराल	२२१७
१	अम्बुवेतस	७४०	४४	अरि	१५४०
४	अम्बुसरण	५१८	४	अरित्र	५२२
१२	अम्बूकृत	३७५	१	अरिमेद	७७९
१६९	अम्भस्	५०५	४	अरिष्ट	६३८
४	अम्भोरुह	५७९	१	अरिष्ट	७४२
१५	अम्मय	५०६	१	अरिष्ट	८०३
१	अम्रातक	७३४	१	अरिष्ट	९७६
१	अम्ल	३१७	१	अरिष्ट	१०६२
२	अम्ललोणिका	९६०	४	अरिष्ट	१८७०
२	अम्ललोलिका	९६०	४	अरिष्ट	२४६९
१	अम्लवेतस	९६१	६२	अरिष्टदुष्टधी	२१६३
१	अम्लान	८२६	१२	अरुण	२१५
२	अम्लिका	७६६	१	अरुण	२२४
१	अय	२८८	१२	अरुण	३२९
४	अयन	२५७	१२	अरुण	२४९४
४	अयन	६१३	२	अरुणा	८७८
१६९	अयस्	१९६०	१२	अरुन्तुद	२२४२
२	अयःप्रतिमा	२०५७	१	अरुष्कर	७६४
४	अयाचित	१७६८	१५	अरुष्कर	२७७९
१८२	अयि	२९५१	१६९	अरुस्	२११८
४	अयोग्र	१८१४	१२	अरोक	२२७५
४	अर	१३४	१	अर्क	२१५
१	अरग्वध		१	अर्क	२३९४
१	अरघट्ट	२९९७	१	अर्कपर्ण	८४१
६३	अरटु	७९४	६२	अर्कबन्धु	२०
४७	अरणि	१४३३	१	अर्काह्व	८४०
४	अरण्य	६८२	१०	अर्गल	६५७
३	अरण्यानी	६८२	१	अर्घ	२४५०
४७	अरत्नि	१२८५	१२	अर्घ्य	१४६१
१५	अरर	६५७	२	अर्चा	१४६५
६३	अरलु	७९४	२	अर्चा	२०५९
४	अरविन्द	५७६	१२	अर्चित	२२७८
४४	अराति	१५४२	१६७	अर्चिस्	११६

रूपाङ्काः	शब्दाः	प्रक्रमाङ्काः	रूपाङ्काः	शब्दाः	प्रक्रमाङ्काः
१६७	अर्चिस्	२८६२	८	अर्म	३०३०
१	अर्जक	८३९	१	अर्य	१७६४
१२	अर्जुन	३२४	१	अर्य	२६९४
१	अर्जुन	७६९	१३०	अर्यमन्	२१२
४	अर्जुन	१०१४	२	अर्या	११३७
३	अर्जुनी	१८९८	३	अर्याणी	
१	अर्णव	४९९	३	अर्यी	११३९
१६९	अर्णस्	५०५	१३४	अर्वन्	१६११
४	अर्तन	२३६५	१३४	अर्वन्	२१८३
४५	अर्ति	२५३४	१८२	अर्वाकू	२९४८
१	अर्थ	१९४५	१६९	अर्शस्	१२१९
१	अर्थ	२५७०	१२	अर्शस	१२२९
२	अर्थना	१४६०	१	अर्शोघ्न	९९३
२	अर्थना	२३१३	१२	अर्शोरोगयुत	१२२९
१	अर्थप्रयोग	१७७०	२	अर्हणा	१४६६
४	अर्थशास्त्र	३४२	१२	अर्हित	२२७८
१४४	अर्थिन्	१५३७	१८२	अलम्	२९०६
१४५	अर्थिन्	२१७४	१८२	अलम्	२९३८
४	अर्थ्य	१९७२	१	अलक	१३०४
१२	अर्थ्य	२७२१	२	अलका	१४६
२	अर्दना	२३१३	१	अलक्त	१३६२
४४	अर्दनि	३०००	५९	अलक्ष्मी	४९४
१२	अर्दित	२२७०	१	अलगर्द	४७५
१९	अर्ध (अर्द्ध)	१८८	१	अलगर्द	
४	अर्ध (अर्द्ध)	१८८	७०	अलंकरिष्णु	२१३३
२	अर्धचन्द्रा	८९७	७०	अलंकरिष्णु	१३१२
४	अर्धनाव	५२४	८५	अलंकर्तृ	१३१२
१	अर्धरात्र	२४४	१२	अलंकर्मीण	२१११
८	अर्धर्च	३०२६	१	अलंकार	१३१५
१	अर्धहार	१३२४	१२	अलंकृत	१३१३
४	अर्धोरुक	१३५०	२	अलंक्रिया	१३१४
१	अर्बुद	३०००	१	अलंजर	
८	अर्बुद	३०२७	१	अलर्क	२०३०
१	अर्भक	१०९९	१	अलर्क	८४१

रूपाङ्काः	शब्दाः	प्रक्रमाङ्काः
४	अलवाल	५५५
१२	अलस	२०२३
४	अलात	१८२३
७८	अलावू	९९१
४४	अलि	१०४९
४४	अलि	१०८२
४५	अलि	२७९७
४	अलिक	१२९६
१	अलिञ्जर	१८२५
१४४	अलिन्	१०८१
१	अलिन्द	६४७
४ (१२)	अलीक	२४१०
४	अलीक	१२९६
१९	अल्प	२१९८
७०	अल्पतनु	१२०७
१	अल्पमारिष	९५१
१६९	अल्पसरस्	५५३
१२	अल्पिष्ठ	२२००
१७१	अल्पीयस्	२०००
१	अवकर	६५९
१४४	अवकीर्णिन्	१५१०
१२	अवकृष्ट	२१५४
१४४	अवकेशिन्	६९३
१	अवक्रय	१९२३
१२	अवगणित	२२८८
१२	अवगत	२२९१
१२	अवगीत	२२६१
१२	अवगीत	२२५६
१	अवग्रह	१७८
१	अवग्रह	१५९९
१	अवग्राह	१७८
१२	अवचूर्णित	२२६३
२	अवज्ञा	४३४
१२	अवज्ञात	२२८८

रूपाङ्काः	शब्दाः	प्रक्रमाङ्काः
१	अवट	४६९
४४	अवटि	४६९
१२	अवटीट	१२००
६४	अवटु	१२८९
१	अवतंस	२८५७
४	अवतमस	४७१
२	अवतोका	१९०२
१	अवदंश	२०६७
१ (१२)	अवदात	३२४
१२	अवदात	२५५९
४	अवदान	२३०७
४	अवदाह	१००९
४	अवदारण	१७८८
१२	अवदीर्ण	२२५४
१२	अवद्य	२१८४
४	अवधान	३०१
४४	अवधि	२५९५
१२	अवध्वस्त	२२६३
४	अवन	२३०९
१२	अवनत	२२१६
१२	अवनाट	१२००
७	अवनाय	२३५४
४५	अवनि	५८८
३	अवनी	
१	अवन्तिसोम	१८४२
१२	अवन्ध्य	
१	अवभृथ	१४५०
१२	अवभ्रट	१२००
१२	अवम	२२८८
१२	अवमत	
१	अवमर्द	१७४२
४	अवमानन	४३४
२	अवमानना	४३४
१२	अवमानित	२२८८

रूपाङ्काः	शब्दाः	प्रक्रमाङ्काः	रूपाङ्काः	शब्दाः	प्रक्रमाङ्काः
१	अवयव	१२५२	१२	अवाग्भव	१५७
४	अवर	१६०४	१२	अवाग्र	२२१६
१२	अवरज	११९७	३	अवाची	१५५
४५	अवरति	२३७५	१२	अवाचीन	१५७
१	अवरवर्ण	१९८८	१२	अवाच्य	३७६
१२	अवरीण	२२६३	४	अवार	५१२
१	अवरोध	६४६	१६८	अवासस्	२९५३
४	अवरोधन	६४५	४५	अवि	११५०
१	अवरोह	७०२	४४	अवि	१८१५
१	अवर्ण	३५८	१	अविग्न	८१४
१ (१२)	अवलक्ष	३२४	१२	अवित्त	२२८७
४	अवलग्न	१२७१	३	अविद्धकर्णी	८४८
१	अवल्गुज	८७०	२	अविद्या	३१२
१	अवलेप	४३२	१२	अविनीत	२१२१
१	अववाद	१५७४	४	अविरत	१३६
१	अववाद	२५७७	१२	अविलम्बन	२२४१
१८२	अवश्यम्	२९४७	४	अविलम्बित	१३५
१	अवश्याय	१९२	१२	अविलम्बित	२२४१
१	अवष्टम्भ	४३२	१२	अविस्पष्ट	३७९
१२	अवष्टब्ध	२६०८	५९	अवी	११५०
१	अवसर	२३४९	४४	अवीचि	४९२
४	अवसान	२३७७	२	अवीरा	११३२
१२	अवसित	२२७२	२	अवेक्षा	२३५७
१२	अवसित	२२९१	१ (१२)	अव्यक्त	२५२२
१	अवस्कर	१२४७	१२	अव्यक्तराग	३२९
१	अवस्कर	१६३४	२	अव्यण्डा	८५२
२	अवस्था	२९२	२	अव्यथा	७९७
१	अवहार	५३९	२	अव्यथा	९७१
२	अवहित्था	४५६	८	अव्यय	३०३०
४	अवहेलन	४३४	१२	अव्यवहित	२२११
२	अवहेलना	४३४	२	अशनाया	१८७३
९१	अवाञ्च्	२१४२	१२	अशनायित	२११५
८९	अवाच्	२१०२	४७	अशनि	९७
३	अवाक्पुष्पी	९८४	१२	अशित	२२९७

रूपाङ्काः	शब्दाः	प्रक्रमाङ्काः
३	अशिश्वी	११३१
१२	अशेष	२२०५
१	अशोक	८०८
३	अशोकरोहिणी	८५०
२	अशोका	८५०
१	अश्मगर्भ	१९४८
४	अश्मज	१९७२
१२६	अश्मन्	६७०
४	अश्मन्त	१८२१
४	अश्मपुष्प	९२४
३	अश्मरी	१२२४
१	अश्मसार	१९६१
४	अश्र	१२९९
१	अश्रप	१२३
४	अश्रान्त	१३६
४५	अश्रि	१७१०
३	अश्री	१७१०
६५	अश्रु	१२९९
१२	अश्लील	३७२
१	अश्व	१६१०
१	अश्वकर्णक	७६८
१	अश्वत्थ	७२१
१००	अश्वयुग्	१९९
२	अश्वा	१६१६
१	अश्वारोह	१६४४
१४४	अश्विन्	१०५
३	अश्विनी	१९९
६	अश्विनीसुत	१०४
१२	अश्वीय	१६१९
१२	अषडक्षीण	१५६७
४४	अष्टमूर्ति	६८
८	अष्टापद	१९५५
४	अष्टापद	२०८०
११०	अष्ठीवत्	१२५७
१८२	असकृत्	२९१८
३	असती	११३०
१	असतीसुत	११६१
१	असन	७६७
३	असनपर्णी	९७८
१४५	असमीक्ष्यकारिन्	२११०
१२	असार	२१८८
४४	असि	१७०१
३	असिक्नी	११४६
१२	असित	३२६
१	असिधावक	२०००
२	असिधेनुका	१७०८
३	असिपुत्री	१७०८
४८	असिहेति	१६६४
६३	असु	१७६२
४	असुधारण	१२६२
१	असुर	१३
४	असूर्क्षण	४३४
२	असूया	४३७
२	असृग्धारा	१२३६
१०१	असृज्	१२३९
१२	असेचनक	२१८१
१२	असौम्यस्वर	२१५०
१	अस्त	६६७
१२	अस्त	२२५०
१८२	अस्तम्	२९५०
१८२	अस्ति	२९५१
१८२	अस्तु	२९४२
४	अस्त्र	१६८८
१४५	अस्त्रिन्	१६६१
५१	अस्थि	१२४९
१२	अस्थिर	२१६१
८९	अस्फुटवाच्	२१४९
४	अस्र	१२३९

रूपाङ्काः	शब्दाः	प्रक्रमाङ्काः	रूपाङ्काः	शब्दाः	प्रक्रमाङ्काः
४	अस्र	१२९९		**आ**	
१	अस्र	२७३०	१८२	आ	२८८१
१	अस्र	२२६	१८२	आ	२८८२
१	अस्रप	१२३	१८२	आः (आस्)	२८८२
६५	अस्रु	१२९९	१२	आकम्पित	२२४९
१२	अस्वच्छन्द	२१०८	१	आकर	६७७
१	अस्वप्न	६	१	आकर्ष	२८४५
१२	अस्वर	२१५०	१	आकल्प	१३११
१	अस्वाध्याय	१५०९	१	आकार	२३३०
१०	अहंयु	२१७५	१	आकार	२७२६
१	अहंकार	४३१	४५	आकारगुप्ति	४५६
११०	अहंकारवत्	२१७५	२	आकारणा	३४९
१३८	अहन्	२३४	८	आकाश	१५१
२	अहमहमिका	१७२६	१२	आकीर्ण	२२५६
२	अहंपूर्विका	१७२४	१२	आकुल	२२१९
४५	अहंमति	३१२	४५	आकृति	२७२६
			१	आक्रन्द	२५८०
४४	अहर्पति	२१७	१	आक्रीड	६८५
४	अहर्मुख	२३५	१	आक्रोश	३६७
१	अहस्कर	२१३	४	आक्रोशन	२३१२
१८२	अहह	२९१६	१	आक्षपाद	१४०७
१	अहार्य	६६४	४	आक्षारण	३६२
४४	अहि	४७७	२	आक्षारणा	३६२
४४	अहि	२८७९	१२	आक्षारित	२१६१
१	अहित	१५४१	१	आक्षीव	७४१
१	अहितुण्डिक	४९०	१	आक्षेप	३५८
२	अहिदंष्ट्रिका	४८४	१	आक्षेप	३६७
४	अहिभय	१५८४	१	आक्षोट	७३७
९९	अहिभुज्	२४५७	१	आक्षोड	७३७
१	अहिर्बुध्न्य	६८	१	आखण्डल	९१
६४	अहेरु	८८२	६३	आखु	१०४५
१८२	अहो	२९३३	९९	आखुभुज्	१०३२
१	अहोरात्र	२५५	१	आखेट	२०३३
१८२	अह्नाय	२९१९	१	आखोड़	२०३३

रूपाङ्काः	शब्दाः	प्रक्रमाङ्काः
२	आख्या	३४८
१२	आख्यात	२२९०
२	आख्यायिका	३४३
७०	आगन्तु	१४६३
१	आगम	६९०
१६९	आगस्	१५७६
१६९	आगस्	२८६३
४	आगार	६३१
१५३	आगुर्	३०८
७८	आगू	३०८
१	आग्नीध्र	१४३०
१	आग्रहायणिक	२६२
३	आग्रहायणी	२०२
१८२	आङ्	२८८१
४	आङ्गिक	४२०
१	आङ्गिरस	२०५
४	आचमन	१४६८
१	आचाम	१८६२
१	आचार्य	१४१०
२	आचार्या	११३८
३	आचार्यानी	१३९
१	आचित	१९३९
४	आच्छादन	१८२
४	आच्छादन	१४३
४	आच्छादन	२६४९
४	आच्छुरितक	४५७
४	आच्छोदन	२०३३
४	आजक	१९१८
१	आजानेय	१६१२
४५	आजि	१७३५
४५	आजि	२४६१
१	आजीव	१७६५
७८	आजू	४९५
२	आज्ञा	१५७५

रूपाङ्काः	शब्दाः	प्रक्रमाङ्काः
४	आज्य	१८६८
४५	आटि	१०७३
३	आटी	१०७३
१	आडम्बर	१७३९
१	आडम्बर	२७३७
४५	आडि	१०७३
३	आडी	१७०३
८	आढक	१९४१
१५	आढकिक	१७८३
३	आढकी	९४०
३	आढकी	९४०
१२	आढ्य	२०९६
१२	आणक	२१८४
१२	आणवीन	१७७७
१	आतङ्क	२४०६
४	आतञ्चन	२६३०
१४४	आत्तायिन्	१०६६
१४४	आतत्तायिन्	२१६४
१	आतप	२२९
१	आतप	३००१
४	आतपत्र	१५८७
१	आतर	५१९
१४४	आतापिन्	१०६६
१५	आतिथेय	१४६२
४	आतिथ्य	१४६२
१२	आतुर	१२२८
४	आतोद्य	३९७
१२	आत्तगन्ध	२१५५
१२	आत्तगर्व	२१५५
२	आत्मगुप्ता	८५२
१	आत्मघोष	१०६३
६	आत्मज	११६४
१२६	आत्मन्	२९१
१२६	आत्मन्	२६१८

रूपाङ्काः	शब्दाः	प्रक्रमाङ्काः
७६	आत्मभू	२१
७६	आत्मभू	४६
४८	आत्मम्भरि	२११८
३	आत्रेयी	११५०
४	आथर्वण	२३८६
१	आदर्श	१३९२
४४	आदि	२२३६
४४	आदिकवि	१४६९
४	आदिकारण	२९०
